"त्रिधार्मिक तपोभूमि हलेसी"

# हलेसी तुवाचुङ नगरपालिका

# आवधिक नगर विकास योजना

(आ.व.२०७६/७७ - २०८०/८१)



## हलेसी तुवाचुङ नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

दुर्छिम, खोटाङ

प्रदेश नं. १, नेपाल

चैत्र २०७५

"त्रिधार्मिक तपोभूमि हलेसी"

# हलेसी तुवाचुङ नगरपालिका

# आवधिक नगर विकास योजना

(आ.व.२०७६/७७ - २०८०/८१)

## प्रकाशक


# हलेसी तुवाचुङ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दुर्छिम, खोटाङ

प्रदेश नं. १, नेपाल

## हलेसी तुवाचुङ नगरपालिकाको आवधिक नगर विकास योजना (आ.व.२०७६/७७ - २०८०/८१)

**प्रकाशकः** हलेसी तुवाचुङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुर्छिम, खोटाङ ।
**सम्पर्क फोन** : ९८५१२५२५२५ (प्रमुख प्रशासकीय अधिकृत)
**वेभसाइट :** www.halesituwachungmun.gov.np
**इमेल** : tuwachung.mun@gmail.com; info@halesituwachungmun.gov.np; ito.halesituwachungmun@gmail.com

**सर्वाधिकार :** प्रकाशकमा

**प्रकाशन वर्ष :** २०७६

**मुद्रक :**

# प्राक्कथन

....................................

**ईवन राई**
**नगर प्रमुख**
**हलेसी तुवाचुङ नगरपालिका**

# मन्तब्य

.......................................

**विमला राई**
**नगर उपप्रमुख**
**हलेसी तुवाचुङ नगरपालिका**

# मन्तब्य

......................................
**राज कुमार राई**
**प्रमुख प्रशासकीय अधिकृत**
**हलेसी तुवाचुङ नगरपालिका**

# विषय सूची


| क्रसं. | शीर्षक | पेज नम्वर |
|---|---|---|
| | **परिच्छेद - १ : परिचय** | ११ |
| १.१ | पृष्ठभूमि | ११ |
| १.२ | योजना तर्जुमाको उद्देश्य | १२ |
| १.३ | आवधिक योजना तर्जुमा सम्वन्धी कानुनी तथा नीतिगत व्यवस्था | १२ |
| १.४ | आवधिक योजना तर्जुमा तथा प्रक्रिया | १२ |
| १.५ | सीमा | १४ |
| | **परिच्छेद - २ : नगरपालिकाको वस्तुस्थिति** | १५ |
| २.१ | भौगोलिक अवस्था, क्षेत्रफल एवं प्रशासनिक विभाजन | १५ |
| २.२ | नगरपालिकाको आर्थिक तथा सामाजिक अवस्था | १८ |
| | **परिच्छेद -३ : वस्तुस्थिति विश्लेषण** | २० |
| ३.१ | सम्भावना तथा अवसर | २० |
| ३.२ | समस्या र चुनौति | २१ |
| | **परिच्छेद - ४ : दीर्घकालीन सोच,लक्ष्य तथा उद्देश्य** | २२ |
| ४.१ | दीर्घकालीन सोच | २२ |
| ४.२ | समष्टिगत लक्ष्य | २२ |
| ४.३ | विषय क्षेत्रगत वृहत उद्देश्य | २२ |
| ४.४ | प्राथमिकता एवं रणनीति | २३ |
| | **परिच्छेद - ५ : आर्थिक विकास** | २४ |
| ५.१ | पृष्ठभूमि | २४ |
| ५.२ | वर्तमान अवस्था | २४ |
| ५.३ | उद्देश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम | २४ |
| ५.४ | प्रमुख रणनीति | २५ |
| ५.५.१ | कृषि विकास | २५ |
| ५.५.२ | पशुपंक्षी विकास | २७ |
| ५.५.३ | उद्योग, व्यापार तथा व्यवसाय | २९ |
| ५.५.४ | पर्यटन | ३० |
| ५.५.५ | वैंक, वित्तीय तथा सहकारी विकास | ३१ |
| ५.५.६ | सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारी | ३२ |
| | **परिच्छेद - ६ : सामाजिक विकास** | ३४ |
| ६.१ | पृष्ठभूमि | ३४ |
| ६.२ | वर्तमान अवस्था | ३४ |
| ६.३ | उद्देश्य लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम | ३४ |
| ६.४ | प्रमुख रणनीति | ३६ |
| ६.५.१ | शिक्षा | ३६ |
| ६.५.२ | आधारभूत स्वास्थ्य | ३८ |
| ६.५.३ | खानेपानी तथा सरसफाई | ४० |
| ६.५.४ | लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | ४१ |
| ६.५.५ | युवा तथा खेलकूद | ४४ |
| ६.५.६ | कला भाषा साहित्य | ४५ |
| | **परिच्छेद - ७ पूर्वाधार विकास** | ४७ |
| ७.१ | पृष्ठभूमि | ४७ |
| ७.२ | वर्तमान अवस्था | ४७ |
| ७.३ | उद्देश्य लक्ष्य परिमाण रणनीति तथा प्रमुख कार्यक्रम | ४७ |
| ७.४ | प्रमुख रणनीति | ४७ |
| ७.५.१ | सडक पुल तथा यातायात | ४८ |

| | | |
|---|---|---|
| ७.५.२ | आवास वस्ती विकास तथा सार्वजनिक निर्माण | ४९ |
| ७.५.३ | सिंचाई | ५१ |
| ७.५.४ | सूचना तथा संचार प्रविधि | ५२ |
| ७.५.५ | विद्युत तथा वैकल्पिक ऊर्जा | ५३ |
| | **परिच्छेद - ८ : वन वातावरण तथा विपद् व्यवस्थापन** | ५५ |
| ८.१ | पृष्ठभूमि | ५५ |
| ८.२ | वर्तमान अवस्था | ५५ |
| ८.३ | उद्देश्य लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम | ५५ |
| ८.४ | प्रमुख रणनीति | ५६ |
| ८.५.१ | वन तथा जैविक विविधता | ५६ |
| ८.५.२ | भू तथा जलाधार व्यवस्थापन | ५७ |
| ८.५.३ | वातावरण तथा स्वच्छता | ५८ |
| ८.५.४ | विपद् व्यवस्थापन | ५९ |
| | **परिच्छेद - ९ : सुशासन तथा संस्थागत विकास** | ६१ |
| ९.१ | पृष्ठभूमि | ६१ |
| ९.२ | वर्तमान अवस्था | ६१ |
| ९.३ | उद्देश्य लक्ष्य परिमाण रणनीति तथा प्रमुख कार्यक्रम | ६१ |
| ९.४ | प्रमुख रणनीति | ६१ |
| ९.५.१ | सुशासन ऐन, नियम र जवाफदेहिता | ६२ |
| ९.५.२ | संस्थागत संरचना तथा मानव संशाधन विकास | ६३ |
| ९.५.३ | वित्तीय श्रोत परिचालन | ६४ |
| ९.५.४ | योजना व्यवस्थापन | ६५ |
| | **परिच्छेद- १० : वित्तीय व्यवस्थापन योजना** | ६७ |
| १०.१ | पृष्ठभूमि | ६७ |
| १०.२ | श्रोत परिचालन रणनीति | ६८ |
| | **परिच्छेद - ११ : कार्यान्वयन योजना** | ६८ |
| ११.१ | आवधिक योजनाको कार्यान्वयन | ६८ |
| ११.२ | मार्गदर्शन तयारी | ६८ |
| ११.३ | कार्यान्वयन विधिको छनौट | ६८ |
| ११.४ | अख्तियारी | ६८ |
| ११.५ | अनुगमनको प्रतिवेदन समीक्षा | ६८ |
| | **परिच्छेद - १२ : अनुगमन तथा** मूल्याङ्कन | ६९ |
| १२.१ | पृष्ठभूमि | ६९ |
| १२.२ | वर्तमान अवस्था | ६९ |
| १२.३ | अवसर र चुनौति | ६९ |
| १२.४ | उद्देश्य | ६९ |
| १२.५ | रणनीति | ६९ |
| १२.६ | विधि | ७० |
| | **अनुसूचीहरु** | |

# तालिका विवरण


| क्रसं. | शीर्षक | पेज नम्वर |
|---|---|---|
| १ | आवधिक नगर विकास योजना प्रक्रिया | १२ |
| २ | वर्तमान भू उपयोग सम्वन्धी विवरण | १४ |
| ३ | वडागत क्षेत्रफल एवं जनधनत्व | १५ |
| ४ | नगर क्षेत्रका प्रमुख वस्तीहरु | १५ |
| ५ | जातियताको आधारमा जनसंख्या | १७ |
| ६ | जनसंख्या विवरण | १७ |
| ७ | लिङ्ग अनुसार जनसंख्या | १८ |
| ८ | आर्थिक रुपमा सक्रिय जनसंख्या | १८ |
| ९ | आवधिक नगर विकास योजना : सूचक, लक्ष्य परिमाण | २२ |
| १० | आर्थिक विकास : सूचक, लक्ष्य परिमाण | २४ |
| ११ | कृषि विकास : सूचक, लक्ष्य परिमाण | २६ |
| १२ | पशुपंक्षी विकास : सूचक, लक्ष्य परिमाण | २८ |
| १३ | उद्योग व्यापार व्यवसाय : सूचक, लक्ष्य परिमाण | २९ |
| १४ | पर्यटन विकास : सूचक, लक्ष्य परिमाण | ३१ |
| १५ | वैंक वित्तीय संस्था तथा सहकारी : सूचक, लक्ष्य परिमाण | ३२ |
| १६ | वैदेशिक रोजगारी : सूचक, लक्ष्य परिमाण | ३३ |
| १७ | सामाजिक विकास : सूचक, लक्ष्य परिमाण | ३४ |
| १८ | शिक्षा विकास : सूचक, लक्ष्य परिमाण | ३६ |
| १९ | आधारभूत स्वास्थ्य : सूचक, लक्ष्य परिमाण | ३७ |
| २० | खानेपानी तथा सरसफाई : सूचक, लक्ष्य परिमाण | ३९ |
| २१ | लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : सूचक, लक्ष्य परिमाण | ४१ |
| २२ | युवा तथा खेलकुद : सूचक, लक्ष्य परिमाण | ४३ |
| २३ | भाषा, साहित्य, कला तथा संस्कृति : सूचक, लक्ष्य परिमाण | ४५ |
| २४ | पूर्वाधार विकास : सूचक, लक्ष्य परिमाण | ४६ |
| २५ | सडक, पुल तथा यातायात | ४७ |
| २६ | आवास वस्ती विकास : सूचक, लक्ष्य परिमाण | ४८ |
| २७ | सिंचाई : सूचक, लक्ष्य परिमाण | ५० |
| २८ | विद्युत तथा वैकल्पिक उर्जा : सूचक, लक्ष्य परिमाण | ५१ |
| २९ | सूचना तथा संचार : सूचक, लक्ष्य परिमाण | ५२ |
| ३० | वन वातावरण तथा विपद् व्यवस्थापन | ५३ |
| ३१ | वन तथा जैविक विविधता : सूचक, लक्ष्य परिमाण | ५५ |
| ३२ | भू तथा जलाधार व्यवस्थापन | ५६ |
| ३३ | वातावरण तथा स्वच्छता | ५७ |
| ३४ | विपद् व्यवस्थापन | ५८ |
| ३५ | सुशासन तथा संस्थागत विकास : सूचक, लक्ष्य परिमाण | ६० |
| ३६ | सुशासन, ऐन, नियम तथा जवाफदेहिता : सूचक, लक्ष्य परिमाण | ६१ |
| ३७ | संस्थागत संरचना तथा मानव संशाधन विकास : सूचक, लक्ष्य परिमाण | ६२ |
| ३८ | वित्तीय श्रोत परिचालन : सूचक, लक्ष्य परिमाण | ६३ |
| ३९ | योजना व्यवस्थापन : सूचक, लक्ष्य परिमाण | ६४ |
| ४० | आवधिक वजेट प्रक्षेपण | ६६ |
| ४१ | विषय क्षेत्रगत वजेट प्रक्षेपण | ६७ |
| ४२ | आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन | ७० |

**ग. शब्द संक्षेप**

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| अ.ले.प | : | आन्तिरिक लेखा परिक्षण |
| आ.वि. | : | आधारभुत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गा.पा. | : | गाउँपालिका |
| गाकापा | : | गाउँ कार्यपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| नकापा | : | नगर कार्यपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| व. नं. | : | वडा नम्वर |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |
| CBOs | : | Community Based Organisations |
| DRR | : | Disaster Risk Reduction |
| I/NGO | : | International/Non-Governmental Organization |
| O & M | : | Organization and Management |
| SWOT | : | Strength, Weakness, Opportunity and threats |
| SIP | : | School Improvement Plan |

# परिच्छेद - १
# परिचय

## १.१ पृष्ठभूमि :
नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं ऐनले तोके बमोजिम स्थानीय तहले पुरा गर्नुपर्ने योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई समेत मनन गरी यो योजना तर्जुमा गरिएको हो । स्थानीय तह संचालन सम्बन्धी संघीय कानुन स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । योजना तर्जुमा सम्बन्धी यस अघि भए गरेका प्रयास एवं अभ्यास, विभिन्न कार्यविधि तथा निर्देशिका, हाल ऐन नियमले गरेका व्यवस्था तथा स्थानीय वस्तुस्थिति एवं आवश्यकताका आधारमा यो योजना तर्जुमा गरिएको छ ।

नगरपालिकाले तयार गरेको वस्तुगत विवरणको आधारमा नगर विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी हलेसी तुवाचुङ नगरपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक विकस योजना ( २०७६/०७७-२०८०/८१) तर्जुमा गरिएको छ । नगर विकासको प्रयासलाई दिशानिर्देश गर्न एकीकृत, आवधिक तथा बार्षिक नगर विकास योजना तर्जुमा, योजनाको कार्यान्वयन, अनुगमन तथा नगर विकासका प्रयासहरूको प्रभावको लेखाजोखा गर्न नगर वस्तुगत विवरण समेत तयार भैसकेको छ । सो बमोजिम विषयगत सूचना तथा श्रोत नक्शा समावेश गरी नगर वस्तुगत विवरण तयार समेत गरिएको छ, जुन आवधिक योजनाको प्रथम खण्डको रुपमा रहेको छ ।

वर्तमान परिस्थितिमा नगर विकासको प्रयास एवं प्रक्रियाहरुलाई व्यवस्थित ढंगबाट दिशानिर्देश गर्न एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा यस हलेसी तुवाचुङ नगरपालिकाको लागि यो योजनाको तर्जुमा गरिएको हो । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम नगर सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, नगर क्षेत्रमा क्रियाशील राजनीतिक दलहरू तथा अन्य सरोकारवाला पक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

आवधिक नगर विकास योजना तर्जुमाका क्रममा यस नगरपालिकाको विकास प्रयासमा विभिन्न विषयगत क्षेत्रको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी अवस्था सुधारका लागि दूरदृष्टि, लक्ष्य, क्षेत्रगत उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरु तर्जुमा गरिएका छन् । यस योजनाले समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा अनुगमनको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षका लागि लक्ष्य किटान गरी त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गरिनेछ । आगामी वर्षहरुको बार्षिक योजना तर्जुमाका दौरानमा यो आवधिक योजना नगरपालिकाको लागि महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ ।

## १.२ योजना तर्जुमाको उद्धेश्य :
नगरपालिका क्षेत्रको समष्टीगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि नगरपालिकालाई आफूले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । नगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक नगर विकास योजना तर्जुमाको मूख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् :

- नगरको एकीकृत, नतिजामूलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकैथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गरिनेछ ।
- नगर विकास तथा श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी नगरबासी तथा सरोकारवालाको चाहाना तथा सहभागितात्मक छलफलका आधारमा नगर विकासको खाका तयार गरिनेछ ।
- नगर विकासको दीर्घकालीन सोच, लक्ष्य, रणनीति र प्रमुख कार्यक्रमहरु तय गरिनेछ ।

- नगर विकास प्रयासहरुको कार्यान्वयन खाका प्रस्तुत गरिनेछ ।

### १.३ कानुनी तथा नीतिगत व्यवस्था :

नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश कानुन र नीति तथा तथा स्थानीय कानुन र नीति बमोजम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृति सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन संचालन सम्बन्धी संघीय कानुन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले नगरपालिकाले योजना तर्जुमा गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरेकाले ती विषयलाई मनन गरी कार्य गरिएको छ ।

- मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरिएको,
- स्थानीय बुद्धिजीवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराईएको,
- कार्यक्रम र प्रमुख आयोजनाहरुको स्रोत साधनको पूर्वानूमान र योजना कार्यान्वयन तालिका तयार गरिएको,
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोगको अपेक्षा गरिएको,
- स्थानीयस्तरका विकास आयोजनाहरुको वार्षिक योजना तर्जुमा गर्दा आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको नगरपालिकाबाट प्रतिवद्धता प्राप्त भएको,
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने व्यवस्था रहेकोले वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा उक्त प्रकृया अवलम्बन गर्ने सबै सरोकारवालाहरुको प्रतिवद्धता रहेको पाईएको,
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने गरी नीतिको परिपालना भई अधिकतम श्रोत परिचालनमा ध्यान पुर्याउने प्रतिवद्धता नेतृत्वबाट जाहेर भएको ।

संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानुनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानुनी तथा नीतिगत दस्तावेजमा उल्लिखित यस नगरपालिकाका सन्दर्भमा उपयुक्त हुने विषयहरुलाई स्थानीयकरण गर्ने आधार समेत लिइएको छ : दिगो विकासका लक्ष्यहरू, राष्ट्रिय भूउपयोग नीति, २०६९, विषयगत ऐन तथा नीतिहरू, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु, राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका, राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू ।

### १.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया :

यस नगरपालिकाको विस्तृत स्वरुपको आवधिक नगर विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ ।

#### १.४.१ योजना अभिमुखीकरण कार्यशाला गोष्ठी :

आवधिक योजना तर्जुमा गर्ने नगरपालिकाको निर्णय बमोजिम नगरपालिकाको आयोजनामा २०७५ साल पौष २८ र २९ मा आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यशाला गोष्ठि सम्पन्न गरी योजना तर्जुमा कार्य अगाडि बढाइयो ।

### १.४.२ आधाररेखा सूचना तथा वस्तुस्थिति विश्लेषण :
आवधिक योजना तर्जुमा कार्यमा सघाउने महत्वपूर्ण सूचनाको आधारको रुपमा वस्तुगत विवरणमा उल्लेखित नगरपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरिएको थियो ।

### १.४.३ आवधिक योजना तर्जुमा गोष्ठी :
विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा २०७५ साल फागुन १३, १४ र १५ गते योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो । नगरपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, नगर विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा नगर विकासको दीर्घकालीन सोच (Vision), नगर विकासको लक्ष्य (Goal), उद्देश्य (Objectives) तथा रणनीति (Strategies), संभावना तथा समस्या विश्लेषण, विषय क्षेत्रगत रणनीतिक उद्धेश्य (Outputs) एवं भौतिक लक्ष्य (Targets) एवं वार्षिक कार्यान्वयन तालिका निर्धारण गर्ने कार्य सम्पन्न गरिएको थियो ।

**तालिका १ : आवधिक नगर विकास योजना प्रक्रिया**

| चरण | गतिविधि |
|---|---|
| पहिलो | आवधिक योजना तर्जुमाका गर्ने सम्वन्धी निर्णय र पूर्व तयारी |
| दोश्रो | योजना अभिमुखीकरण कार्यशाला गोष्ठी |
| तेश्रो | आधाररेखा सूचना तथा तथ्यांक विश्लेषण |
| चौथो | योजना तर्जुमा कार्यशाला गोष्ठी (अवधारणा विकास |
| पाँचौ | योजना तर्जुमा कार्यशाला गोष्ठी ( विषय क्षेत्रगत रणनीति र कार्यक्रम विकास) |
| छैटौ | एकीकृत योजना दस्तावेज तयारी |
| सातौं | योजना प्रमाणीकरण कार्यशाला |
| आठौं | अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन |

यस क्रममा सवै विषयक्षेत्रगत विकास अवधारणा, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य र आवश्यक श्रोतमा सहमति गरिएको थियो । नगरपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न नगरपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी ५ बर्ष अवधिको योजना प्रारम्भिक मस्यौदा तयार गरिएको थियो । योजनालाई बार्षिक योजना (बार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरिएको थियो ।

### १.४.४ योजना दस्तावेज तयारी :
आवधिक योजना तयारीका क्रममा विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवं निश्कर्षका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ । योजना दस्तावेजलाई मूख्य वाह्र परिच्छेदमा विभाजन गरिएको छ जसअनुसार परिचय, गाउँपालिकाको भौगोलिक, आर्थिक एवं सामाजिक स्थिति, दीर्घकालीन सोच, लक्ष्य तथा उद्धेश्य, आर्थिक विकास योजना, सामाजिक विकास योजना, पूर्वाधार विकास योजना, वन, वातावरण तथा विपद् व्यवस्थापन योजना, सुशासन तथा संस्थागत विकास योजना, वित्तीय व्यवस्थापन योजना, कार्यान्वयन योजना र अनुगमन तथा मूल्यांकन योजना रहेका छन् । आवधिक योजनाको प्रारम्भिक लेखन विभिन्न सरोकारवाला समितिहरुबाट भएको र त्यस प्रारुपलाई योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज परिमार्जन गरिनुका साथै स्थानीय तहका अधिकार क्षेत्रका प्राय सवै विषय एवं प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढंगबाट प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरिएको छ ।

### १.४.५ योजना प्रमाणीकरण तथा अन्तिम दस्तावेज तयारी :
सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरुसंगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझाबको आधारमा तयार भएको आवधिक योजनाको मस्यौदा दस्तावेज नगर कार्यपालिका तथा सरोकारबालाहरुमा प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण संकलन गरिएको थियो । यसरी प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी हलेसी तुवाचुङ नगरपालिकाको ५ वर्षे एकीकृत योजनाको दस्तावेज तयार गरिएको छ ।

### १.५ सीमाहरु :
यस आवधिक नगर विकास योजना तर्जुमाका सीमाहरू निम्न बमोजिम रहेका छन् :

- आवधिक नगर विकास योजना तर्जुमा क्रममा गरिने वस्तुस्थिति बिश्लेषणको लागि आवश्यक आधार तथ्याङ्क तथा सूचना श्रोतको रुपमा नगर पार्श्वचित्रलाई लिइएको छ । यस नगरपालिकाको सन्दर्भमा पनि घरधुरी तहको हकमा घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क, वडातह र संस्थागत क्षेत्रबाट प्राप्त तथ्याङ्क सूचनालाई नै आधार बनाउने अधिकतम प्रयास गरिएको छ । बिषय क्षेत्रगत तथ्याङ्क तथा सूचनामा कुनै दुविधा उत्पन्न भएको अवस्थामा कार्यशालाको क्रममा नै सहभागितामूलक छलफलबाट सहमति बनाई सोही आधारमा विश्लेषण गरिएको छ । यसका साथै केन्द्र, प्रदेश तथा जिल्ला तह लगायत अन्य सूचना समेतलाई आधार बनाइएको छ ।

- आवधिक नगर विकास योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको रणनीतिक र मार्गदर्शक योजनाको खाका मात्र भएकोल नगरपालिकाको वस्तुस्थिति विश्लेषणको आधारमा दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयगत क्षेत्र, उद्देश्य, रणनीति, प्राथमिकता क्षेत्र निर्धारणको आधारमा मूख्य मूख्य कार्यक्रम तहसम्म मात्र केन्द्रित छ । प्रचलित कानुन बमोजिम स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक वार्षिक योजना तर्जुमा पद्धतिबाट कार्यक्रम छनोट गर्नु पर्ने व्यवस्थालाई दृष्टिगत गरी समुदाय तथा वडास्तरका कार्यक्रमले समेटिनु पर्ने क्रियाकलाप तहका परियोजनाहरु समावेश गरिएको छैन ।

- प्रदेशस्तरमा प्रदेश सरकारले प्रादेशिक योजना तर्जुमाको क्रममा रहेको हुँदा प्रादेशिक र संघीय सरकारका विषय क्षेत्रभित्रका साझा अधिकारका क्षेत्रभित्र पर्ने योजना तथा कार्यक्रम यकिन गर्न सकिने अवस्था भइनसकेको हुँदा यो आवधिक योजनाले समेटेको छैन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएतापनि यो अभ्यास पूर्ण रुपमा कार्यान्वयनमा आइसकेको अवस्था नहुँदा गैर सरकारी तथा अन्य क्षेत्रबाट हुने क्रियाकलाप तथा लगानी समावेश गरिएको छैन ।

- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले उक्त श्रोत साधनको प्रक्षेपण गरिनसकेकोले योजना तर्जुमाको यथार्थ श्रोत साधनको प्रक्षेपण हुन सकेन र अनुमानित श्रोतमात्र प्रक्षेपण गरिएको छ ।

- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापनको यथार्थ प्रक्षेपण गर्न सकिएको छैन ।


# परिच्छेद -२
# नगरपालिकाको बस्तुस्थिति

## २.१ नगरपालिकाको संक्षिप्त परिचय :

हलेसी तुवाचुङ नगरपीलकाको नामाकरण नेपालकै प्रसिद्ध हिन्दु, किराँत एवं बौद्ध धर्मावलम्वीहरुको तीर्थस्थल “हलेसी महादेवस्थल” किराँत संस्कृतिको उद्‌गम स्थल अथवा आदिभूमिको रुपमा परिचित “तुवाचुङ जयजुम डाँडा” को नामबाट गरिएको हो । हलेसी महादेवलाई हिन्दु धर्मावलम्बीले पूर्वको पशुपति, बौद्धमार्गीले दोश्रो लुम्बिनी र किराँत धर्मावलम्बीहरुले आदिम भूमि ठान्छन् ।

### २.१.१ भौगोलिक अवस्था, क्षेत्रफल एवं प्रशासनिक विभाजन :

सामुद्रिक सतहबाट करिव ३०० मिटर देखि १८३५ मिटर उचाईमा अवस्थित यस नगरपालिकाको क्षेत्रफल २८०.१७ वर्ग किमिमा फैलिएको छ । खोटाङ जिल्लाको १७.५९ प्रतिशत भूभाग यस नगरपालिकाले ओगटेको छ । यस नगरपीलकाको पश्चिममा दुधकोशी नदी, दक्षिणमा सुनकोशी नदी, दक्षिणपूर्वमा दिप्रुङ्ग चुईचुम्मा गाउँपालिका र पूर्वी भागमा दिक्तेल रुपाकोट मुझ्कुवागढी नगरपालिका पर्दछ भने उत्तरी भेगमा लामीडांडा गाउँपालिका पर्दछ ।




यो नगरपालिका पहाडी भेगमा अवस्थित छ र यसको भूधरातल मूख्यतया महाभारत पर्वतले ढाकेको छ । ० देखि ४५ डिग्रीसम्मको भिरालो जमीन रहेको यस नगरपालिकामा २५ वटा भन्दा बढी साना तथा ठूला खोलाहरु रहेको एवं दुइतिरको भाग दुधकोशी र सुनकोशी नदीले घेरेको भएतापनि कोशी आसपासका केही भाग बाहेक अधिकांश भूभाग सुख्खाग्रस्त रहेका छन् । यस क्षेत्रमा धान, मकै, गहुँ, कोदो, आलु, तरकारी, सदाबहार तथा पतझड फलफूल, अदुवा, अलैची, कफी आदि लगाईन्छ ।

नगरपालिकाको कूल क्षेत्रफलको ३७.१ प्रतिशत भू-भाग कृषि जमीनले ओगटेको छ भने वन तथा चरण क्षेत्रले ३६.३ प्रतिशत र झाडीले २२.० प्रतिशत ओगटेको छ । नगरपालिकाको भू उपयोगको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: वर्तमान भू उपयोग सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | क्षेत्रफल ( वर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १०४.१५ | ३७.१ |
| २ | वन तथा चरण | १०१.४८ | ३६.३ |
| ३ | आवास | ०.५ | ०.२ |
| ४ | नदीनाला र उभार क्षेत्र | १०.६८ | ३.८ |
| ५ | ताल तलैया र सिमसार | ० | ० |
| ६ | झाडी | ६१.४५ | २२.० |
| ७ | अन्य | १.९१ | ०.७ |
| **जम्मा** | | **२८०.१७** | **१००** |

*श्रोतः हलेसी तुवाचुङ नगरपालिकाको पार्श्वचित्र २०७५*

वडागत क्षेत्रफलका आधारमा सवैभन्दा ठूलो वडा नं. ११ रहेको देखिन्छ भने जनसंख्याको हिसावले ठूलो वडा नं. ५ मा १३.३४ प्रतिशत जनसंख्या रहेको छ । जनघनत्वको हिसावले वडा नं. ६ मा २४१ जना प्रति किमि बसोवास रहेको देखिन्छ । यस नगरपालिकाको वडागत क्षेत्रफल सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| तालिका ३: वडागत क्षेत्रफल एवं जनघनत्व सम्बन्धी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा | समावेश गाविस र नगरपालिका | जनसंख्या | जनसंख्या प्रतिशत | क्षेत्रफल वर्ग कि.मि. | क्षेत्रफल प्रतिशत | जनघनत्व प्रति वर्ग कि.मि. |
| १ | बाहुनीडाँडा (१-९) | २९८२ | ९.१८ | २६.५८ | ९.४९ | ११२.१९ |
| २ | डिकुवा (१-९) | २६९१ | ८.२८ | ३४.४० | १२.२८ | ७८.२३ |
| ३ | च्यास्मीटार (१-९) | २८६९ | ८.८२ | २१.७१ | ७.७५ | १३२.१५ |
| ४ | बडहरे (१-९) | १९०९ | ५.८७ | १२.०१ | ४.२९ | १५८.९५ |
| ५ | दुर्छिम (१- ९) | ४३३५ | १३.३४ | ३३.१६ | ११.८४ | १३०.७३ |
| ६ | मंगलटार (१- ९) | २८०० | ८.६२ | ११.६० | ४.१४ | २४१.३८ |
| ७ | महादेवस्थान (१- ९) | ३४२१ | १०.५३ | १४.८७ | ५.३१ | २३०.०६ |
| ८ | धितुङ (१-९) | ३०६२ | ९.४२ | ३२.२१ | ११.५० | ९५.०६ |
| ९ | सल्ले (१-९) | १५७१ | ४.८३ | १६.०७ | ५.७४ | ९७.७६ |
| १० | अर्खौले (१-९) | ३५६८ | १०.९८ | २४.९८ | ८.७४ | १४५.७५ |
| ११ | राजापानी (१-९) | ३२८९ | १०.१२ | ५३.०७ | १८.९४ | ६१.९७ |
| **जम्मा** | | ३२४९७ | १०० | २८०.१६ | १०० | ११५.९९ |
| श्रोतः स्थानीय तह पुनर्संरचना आयोगको प्रतिवेदन २०७३ तथा हलेसी तुवाचुङ नगरपालिकाको पार्श्वचित्र २०७५ | | | | | | |

नगर क्षेत्रभित्र रहेका प्रमुख बस्तीहरुको संख्या १७३ रहेको देखिएको छ । वडागत रुपमा नगरपालिकाभित्र रहेका प्रमुख बस्तीहरुको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| तालिका ४: नगरक्षेत्रका प्रमुख बस्तीहरुको विवरण | | |
|---|---|---|
| वडा नं. | टोल बस्तीको नाम | संख्या |
| १ | मैतुंग, कदुवा, डालीमा, बाहुनीटार, जयराम, टोड्के, मिलबाँस, बेत्ता, थर्चु, सिमलचौर, गुरदुङ्ग, गोपिटार, लिङ्गलाम, पकनचेप, झापा, रुफटार, सुखाम, कुर्ले, टोडेनी, सिरुवानी, डुम्रे, पंखेपु, खामदुन, थुम्का, वाइसिकार | २५ |
| २ | डिकुवा, रातमाटे, तुइमु, चारबोटे, पोखरे, टारगाउँ, बाइटार, बलुई, दाम्ली, डुडे, सेउले, खानिगाउँ, जावा, नामेलखा, भञ्ज्यांग, छुम्पांग, बाघखोर, बाल्चंग, ओथलांग, तित्रीबोट, सिमलचौर, भुम्जु, आरुबोट | २३ |
| ३ | जस्मिटार, देवीस्थान, छौरदिप, बखापू, होण्डाखा डाँडा, बोझे खोला, बनपाला, किराँतचोक, पिपलटार, पिपसाही, खानीगाउँ, बालाफु, सार्प, च्यास्मीटार | १४ |
| ४ | खोक्सेली, मन्दिरडाँडा, घोपटार, हात्तीवन, बांगमा, बुंगदेल, बोझे, पातीखर्क, तल्लो खोक्सेली, माथिल्लो खोक्सेली, बडहरे | ११ |
| ५ | दुर्छिम, छापडाँडा, रांबु, चुमाखु, हात्तीढुंगे, साल्तेम्मा, भञ्ज्यांग, रकाडो, गणेशटार, वानम्ला, शैढुवा, रातमाटे, हैदे, दामदले, छोकमाला, कोदावार, काँचुपाप्ला, ओढारे, पाइंगमा, मयान्खु, सोदचुंग, मौवापानी, जोरकाफल | २३ |
| ६ | देवीटार, बरबोट, डाँडागाउँ, मंगलटार, घुर्चु, गैरीगाउँ, छतिवने, बाटाघर, देवीथान टोल, भदौरे, साउनेपानी, करमबोटे टोल, पहरे, लहरेकरम, सार्कीटोल | १५ |
| ७ | मालखु, हलेसी डाँडा बजार, कात्तिके, महादेवस्थान, काभ्रे, गैरीगढ, डाँडागढ, ऐसेलुखर्क (तल्लो), ऐसेलुखर्क (माथिल्लो) | ९ |
| ८ | हात्तीआल, बोखुंवा, दिपखर्क, गाराबु, सार्कीगाउँ, पन्थे, दमाईगाउँ, कात्तिके, खोलिम्पा, दिहीडाँडा, गैरी, भोर्लेनी, तिनसल्ले, जयभाद्रे, चिचिरा, रातेखोला, थाक्ले, छांगे, वाछिम, भोक्तेला, घितुंग | २१ |
| ९ | मगरटोल, नेवारटोल, बाहुनगाउँ, माीथल्लो चिचिंग, तल्लो चिचिंग, हात्तीटार, महादेवबेशी, टिमुरे, दाहालडाँडा, सल्ले | १० |
| १० | बिजुलेटोल, धारापानी, फेदीटोल, लुबूटोल, रिट्ठाबोटे, रङकाटोल, गाडाटोल, फोक्तिटोल, पारिगाउँ, अर्खौले बजार, मगरटोल, गुप्तेश्वर, पामेटोल, नवलपुर, डाँडाटोल, सिम्ले, शिखरकटरी | १७ |
| ११ | राजापानी, आले, झुसुलेडाँडा, सिमपानी भञ्ज्यांग, मानपुर | ५ |
| | जम्मा | १७३ |
| *श्रोतः हलेसी तुवाचुङ नगरपालिकाको पार्श्वचित्र २०७५* | | |

**२.१.२ नगरपालिकाको जनसांख्यिक वनौट :**

नगरपालिकाभित्र रहेको जम्मा घरधुरीको संख्या २०६८ को जनगणनाभन्दा २०७५ मा गरिएको घरपरिवार सर्वेक्षणमा कम देखिएको भएतापनि जनसंख्याको हिसावले २०६८ को तुलनामा १०.०४ प्रतिशतले वृद्धि भएको देखिन्छ । घरधुरीसंख्या एवं जनसंख्याको हिसावले सवैभन्दा ठूलो वडा नं. ५ देखिएको छ भने सानो वडाको रुपमा वडा नं. ९ रहेको छ । यस नगरपालिकामा ५१ प्रतिशत भन्दा बढी राई जातिको बसोबास रहेको देखिन्छ । जातियताको आधारमा जनसंख्या विवरण र वडागत रुपमा नगरपालिकाको घरधुरी एवं जनसंख्याको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५: जातियताको आधारमा जनसंख्या सम्बन्धी विवरण**

| जातजाति | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| राई | २८५४ | ८५१४ | ८१८७ | १६७०१ | ५१.४० |
| क्षेत्री | ११४३ | ३४९२ | ३०४५ | ६५३७ | २०.१२ |
| मगर | ४५८ | १५२६ | १४३० | २९५६ | ९.१० |
| कामी | २१५ | ६०२ | ५७७ | ११७९ | ३.६३ |
| ब्राम्हण | १७९ | ५२९ | ४६४ | ९९३ | ३.०६ |
| सार्की | १७९ | ४८८ | ४६६ | ९५४ | २.९४ |
| नेवार | १६९ | ४३४ | ४१७ | ८५१ | २.६२ |
| दमाई | १४९ | ४२५ | ३९२ | ८१७ | २.५१ |
| संन्यासी | ९५ | २६० | २४२ | ५०२ | १.५४ |
| भूजेल | ६० | १६९ | १५४ | ३२३ | ०.९९ |
| माझि | ४४ | १४५ | १४० | २८५ | ०.८८ |
| तामांङ | ३५ | ११२ | १०५ | २१७ | ०.६७ |
| अन्य | ३५ | १०० | ७९ | १७९ | ०.५५ |
| जम्मा | ५६१५ | १६७९६ | १५६९८ | ३२४९४ | १०० |

श्रोत: हलेसी तुवाचुङ नगरपालिकाको पार्श्वचित्र २०७५

जनसंख्या वितरणको अवस्था

**तालिका ६: जनसंख्या वितरणको अवस्था**

| वडा नं. | समावेश गीविस र नगरपालिका | घरधुरी संख्या | | जनसंख्या | | जनसंख्या वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | जनगणना २०६८ | घरधुरी सर्वेक्षण २०७५ | जनगणना २०६८ | घरधुरी सर्वेक्षण २०७५ | |
| १ | बाहुनीडाँडा | ५२४ | ४९३ | २८३८ | २९८२ | ५.०७ |
| २ | डिकुवा | ४४८ | ४३६ | २४६५ | २६९१ | ९.१७ |
| ३ | च्यास्मीटार | ५४८ | ५४१ | २७८६ | २८६९ | २.९८ |
| ४ | बडहरे | ३१८ | ३१५ | १४७७ | १९०९ | २९.२५ |
| ५ | दुर्छिम | ७१४ | ७०७ | ३५९७ | ४३३५ | २०.५२ |
| ६ | मंगलटार | ४४० | ४१८ | २२७८ | २८०० | २२.९१ |
| ७ | महादेवस्थान | ५८३ | ६२६ | २७६७ | ३४२१ | २३.६४ |
| ८ | धितुङ | ५३५ | ५२९ | २७२६ | ३०६२ | १२.३३ |
| ९ | सल्ले | ३५९ | ३०६ | १५०७ | १५७१ | ४.२५ |
| १० | अर्खौले | ६६२ | ६३० | ३३४४ | ३५६८ | ६.७० |
| ११ | राजापानी | ७०७ | ६१४ | ३७४७ | ३२८९ | १२.२२ |
| | **जम्मा** | ५८३८ | ५६१५ | २९५३२ | ३२४९४ | १०.०४ |

*श्रोत: राष्ट्रिय जनगणना २०६८ तथा हलेसी तुवाचुङ नगरपालिकाको पार्श्वचित्र २०७५*

नगरपालिकाभित्र औसत परिवार आकार ५.७९ जना रहेको देखिन्छ । वडागत रुपमा लिङ्ग अनुसार जनसंख्याको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| तालिका ७: लिङ्ग अनुसार जनसंख्या वितरण एवं औसत जनसंख्या प्रति परिवारको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| वडा | घरपरिवार संख्या | जनसंख्या | | | औसत जनसंख्या प्रति घरपरिवार |
| | | पुरुष | महिला | जम्मा | |
| १ | ४९३ | १५८४ | १३९८ | २९८२ | ६.०५ |
| २ | ४३६ | १३७७ | १३१४ | २६९१ | ६.१७ |
| ३ | ५४१ | १४७१ | १३९८ | २८६९ | ५.३० |
| ४ | ३१५ | १००३ | ९०६ | १९०९ | ६.०६ |
| ५ | ७०७ | २२०१ | २१३४ | ४३३५ | ६.१३ |
| ६ | ४१८ | १४८८ | १३१२ | २८०० | ६.७० |
| ७ | ६२६ | १७५८ | १६६३ | ३४२१ | ५.४६ |
| ८ | ५२९ | १६०० | १४६२ | ३०६२ | ५.७९ |
| ९ | ३०६ | ८१४ | ७५७ | १५७१ | ५.१३ |
| १० | ६३० | १७५५ | १८१३ | ३५६८ | ५.६६ |
| ११ | ६१४ | १७४५ | १५४४ | ३२८९ | ५.३६ |
| **जम्मा** | **५६१५** | **१६७९६** | **१५७०१** | **३२४९७** | **५.५९** |
| *श्रोत: हलेसी तुवाचुङ नगरपालिकाको पार्श्वचित्र २०७५* | | | | | |

नगरपालिकाभित्रको कुल जनसंख्याको ५३.३१ प्रतिशत जनसंख्या आर्थिक रुपले सक्रिय रहेको देखिन्छ । आर्थिक रुपले सबैभन्दा कम सक्रिय जनसंख्या रहेको वडा नं. १०, ११ र ३ देखिन्छ भने जनसंख्याको अनुपातमा बढी सक्रिय जनसंख्या वडा नं. ४ र ९ मा रहेको देखिन्छ । वडागत रुपमा आर्थिक सक्रियता अनुसार जनसंख्याको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| तालिका ८: आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | जम्मा जनसंख्या | १६ देखि ६० वर्षसम्मको जनसंख्या | आर्थिक रुपले सक्रिय जनसंख्या | | | आर्थिक रुपले सक्रिय जनसंख्याको प्रतिशत |
| | | | पुरुष | महिला | जम्मा | |
| १ | २९८२ | १७२३ | ६६९ | ४९३ | ११६२ | ६७.४४ |
| २ | २६९१ | १५०६ | ५६३ | ४६६ | १०२९ | ६८.३३ |
| ३ | २८६९ | १६६३ | ३६३ | ३०६ | ६६९ | ४०.२३ |
| ४ | १९०९ | ११२४ | ४२९ | ३६५ | ७९४ | ७०.६४ |
| ५ | ४३३५ | २६०० | ८२० | ६१४ | १४३४ | ५५.१५ |
| ६ | २८०० | १६८२ | ६४८ | ५१३ | ११६१ | ६९.०२ |
| ७ | ३४२१ | २१२५ | ८२० | ५४६ | १३६६ | ६४.२८ |
| ८ | ३०६२ | १८८२ | ५१२ | २९६ | ८०८ | ४२.९३ |
| ९ | १५७१ | ९६५ | ३८२ | २९६ | ६७८ | ७०.२६ |
| १० | ३५६८ | २१७१ | ४४४ | १८४ | ६२८ | २८.९३ |
| ११ | ३२८९ | १९५८ | ३९८ | २१५ | ६१३ | ३१.३१ |
| **जम्मा** | **३२४९७** | **१९३९९** | **६०४८** | **४२९४** | **१०३४२** | **५३.३१** |
| *श्रोत: हलेसी तुवाचुङ नगरपालिकाको पार्श्वचित्र २०७५* | | | | | | |

## २.२ नगरपालिकाको आर्थिक तथा सामाजिक अवस्था :

यस नगरपालिकामा ८८ प्रतिशत जनसंख्या कृषि तथा पशुपालन कार्यमा संलग्न रहेको देखिन्छ । आफ्नै उत्पादनले वर्षभरी खान पुग्ने परिवार १०.३६ प्रतिशत रहेको छ । जनसंख्याको ४.७४ प्रतिशत व्यापार व्यवसायमा र २.३५ प्रतिशत बैदेशिक रोजगारीमा संलग्न रहेको देखिन्छ । सन् २०१४ को मानव विकास प्रतिवेदन अनुसार खोटाङको औसत प्रतिव्यक्ति वार्षिक आम्दानी ११३२ डलर रहेको छ जुन सोही प्रतिवेदनमा उल्लिखित राष्ट्रिय औसत ११६० डलरभन्दा २८ डलरले कम रहेको छ । बैदेशिक रोजगारीबाट गत वर्ष (२०७५ असार) सम्मको आंकडा अनुसार करीव ३० करोड ५० लाख भित्रिएको देखिन्छ ।

घरधुरी सर्वेक्षण २०७५ अनुसार नगरपालिकाको साक्षरता प्रतिशत ८३.३७ रहेको देखिन्छ । साक्षरमात्र भएको जनसंख्याको प्रतिशत २६.९२, आधारभूत शिक्षा पूरा गर्ने २१.६४ प्रतिशत, माध्यामिक वा सो भन्दा बढी योग्यता

हासिल गर्नेको प्रतिशत ३०.६३ रहेको देखिन्छ । विद्यालय बाहिर रहेका वालवालिकाहरुको संख्या १६६ जना रहेको देखिन्छ । नगरपालिकाभित्र ८५ वटा आधारभूत र ७ वटा माध्यामिक विद्यालय संचालनमा रहेका छन् ।

नगरपालिकाभित्र जम्मा ८ वटा स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गरिरहेका छन् । ९० प्रतिशत बालिबालिकाले विभिन्न स्वास्थ्य संस्थाहरुबाट खोप सेवा प्राप्त गरेको देखिन्छ । कुपोषणको अवस्था हेर्दा अझै २.१५ प्रतिशत बालिबालिका कुपोषणको शिकार भैरहेको देखिन्छ । यस क्षेत्रमा ११ वटा बर्थिङ्ग सेन्टर संचालनमा रहेको छ भने स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत ५४ रहेको छ ।

# परिच्छेद - ३
# वस्तुस्थिति विश्लेषण

धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्टिवाट विशाल संभावनाले भरिपूर्ण यो नगरपालिकाले आफैमा सुपरिचित नगरपालिका हो । हिन्दु, वौद्ध र किराँत गरी तीनै धर्मालम्वीहरुको आस्थाको केन्द्र त्रिधार्मिक स्थलका रुपमा प्रसिद्धि कमाइसकेको छ । देशकै विभिन्न कुना काप्चावाट हलेसी महादेवको दर्शनका लागि दिनहुँ मान्छेहरुको ओइरो लाग्ने गर्दछ भने भारत, भुटान लगायतका विदेशी धार्मिक पर्यटक घुइचो पनि त्यतिकै उल्लेख्य हुँदै आएको छ । यस हिसाववाट हलेसी धार्मिक पर्यटकका लागि एक आकर्षक केन्द्र विन्दुका रुपमा विकासित भएको छ । यसका साथ साथै नगरपालिकाको एकतर्फवाट सुनकोशी र अर्कोतर्फवाट दुधकोशी वाहै महिना अटुट रुपमा वग्ने पवित्र हिमनदीले यसको प्रचुर संभावनालाई अरु उजागार गरेको छ ।

त्यसैगरी हवाई सेवा सुविधा उपलव्ध लामीडाँडाको सामिप्यमा रहेको यो नगरपालिका देशका विभिन्न क्षेत्रहरुसंग तराई, उत्तरतर्फका पहाडी भूभागहरु र देशकै राजधानी काठमाडौसंग दिनहुँ स्थलमार्गवाट जोडिदै आएवाट यसका संभावनाहरुलाई अरु सशक्त वनाएको छ तापनि विकट भू-धरातलीय अवस्थितिका कारण यस क्षेत्रको विकासमा अनेकौं चुनौतिहरु विद्यमान रहेका छन् । कठिन धरातलमा छरिएर रहेका डाँडापाँखाहरुका वस्तीहरुमा भौतिक पूर्वाधारहरु पुऱ्याई नागरिकहरुको जनजीवनलाई सहज बनाउनु आफैमा चुनौतिपूर्ण छ भने सीमित श्रोत साधन, उपलब्ध सम्पदाहरुको पहिचानमा कठिनता एवं श्रोतहरुको अधिकतम सदुपयोग र व्यवसायीकरणको अभाववाट नागरिकहरुको वढ्दो आवश्यकता र इच्छा आकांक्षाहरु पूरा गर्न पनि त्यतिकै चुनौतिपूर्ण छन् ।

## ३.१ संभावना तथा अवसर

मध्यपहाडी, सगरमाथा र धुर्मि-दिक्तेल जस्ता प्रमुख राजमार्ग र स्थानीय सडकहरुवाट नगरपालिकाका सवै वडाहरु सडक संजालवाट जोडिएका कारण उद्योग व्यवसायको बिकास विस्तार एवं स्थानीय कृषि उपजहरुको व्यवसायीक र सहजै वजारीकरणवाट अन्तत स्थानीयहरुको आय आर्जनमा अभिवृद्धि हुन सक्ने देखिन्छ । भौतिक पूर्वाधारहरु खासगरी सडक संजाल गाउँभरी फैलिएको छ । वडाहरु एक आपसमा सडक संजालवाट जोडिएका छन् । जसवाट आयात निर्यातको सम्भावनाको ढोका खुलेको छ । कृषि तथा बनमा आधारित उद्योग व्यवसायहरुको बिकास विस्तारमा सहयोग सम्भावना प्रवल रहेको छ । नगरपालिका भित्र रहेको प्राकृतिक श्रोतहरु (जल, जंगल, जमीन, जडिबुटी, ढुंगा, गिटी, बालुवा) को पर्याप्त उपलब्धता र सही सदुपयोगवाट नगरपालिकाको आन्तरिक श्रोत समेतको अभिवृद्धिमा ठूलो सहयोग पुगेको छ । हर्रो, वर्रो, अमला, टिमुर लगायत चिउरी संकलन र प्रशोधनको संभावना तथा व्यवसायिकताको संभावना प्रचुर रहेको छ । भौगोलिक विविधताका साथै सिंचाईको सुविधावाट नगरपालिकाका क्षेत्रहरु फलफुल तथा नगदेवालीको व्यवसायिक खेतीको संभावना पनि त्यतिकै प्रवल छ ।

हलेसी धार्मिक पर्यटीयक दृष्टिमा एक आकर्षक गन्तव्य स्थलका रुपमा विकासित हुँदै आएको, मुख्यत हिन्दु, वौद्ध र किराँत धर्मालम्वीहरुका लागि एक आस्थाको केन्द्र वन्दै आएवाट हलेसी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरको एक धार्मिक पर्यटक स्थलको रुपमा सुप्रसिद्धिवाट यस क्षेत्रको आर्थिक सामाजिक विकासका ढोकाहरु खुल्ला भएको छ र धार्मिक पर्यटकमा आधारित उद्योग व्यवसायको विकास, विस्तारका अवसरहरु सिर्जना भएको छ । यसैमा आधारित हस्तकला, होटेल व्यवसाय, होम स्टेहरुको प्रवर्द्धनमा सहयोग पुग्ने देखिन्छ भने धार्मिक सहिष्णुता, वहुजात, वहुभाषिक (नेपाली, चाम्लिङ, मगर, किराँती, वाम्वुले, तामाङ्), र वहुसाँस्कृतिक पक्षहरुवाट पर्यटकीय क्षेत्रको विकासमा अरु महत्वपूर्ण भूमिका निर्वाह हुने देखिन्छ ।

नगरपालिकामा आर्थिक रुपमा सक्रिय जनसंख्या पर्याप्त मात्रामा छन् । यो वास्तवमा नगरपालिकाको सवल पक्ष हो । ठूलो संख्यामा रहेको जनशक्तिलाई उचित ढंगवाट परिचालन गर्न सकेमा नगरको बिकासमा ठूलो परिवर्तन ल्याउन सकिन्छ । राजनीतिक पार्टीहरु वीच रचनात्मक सहयोग हुनु र नागरिक समाज लगायत स्थानीय संघ संस्थाहरुको सकरात्मक सहयोग, सहकार्य र समन्वय हुनु स्थानीय बिकासका लागि वास्तवमा यसका सकारात्मक पक्षहरु हुन् । त्यसैगरी राजनीति तथा निर्णय तहमा खासगरी नगरसभा, नगर कार्यपालिका एवं यस अन्तर्गतका समितिहरुमा महिलाहरुको प्रभावकारी उपस्थिति रहदै आएको छ र यसवाट निर्णय तहमा अर्थपूर्ण सहभागिता राख्दै आएको छ । साथै, नेपालको नयाँ संविधान अनुसार नगरपालिकाले विविध थरीका राजनीतिक, प्रशासनिक र वित्तीय अधिकारहरु पाएको अवस्था पनि एक ठूलो अवसरको रुपमा लिन सकिन्छ ।

## ३.२ समस्या र चुनौति

समृद्धिका लागि यस नगरपालिकामा प्रसस्तै समस्या एवं चुनौतिहरु छन् । असहज भौगोलिक धरातल र छरिएर रहेका वस्तीका कारण तिनीहरु सवैमा सडक यातायात, पानी, विजुली, संचार जस्ता आधारभूत पूर्वाधारहरुको व्यवस्था गर्नु पर्ने कार्य आफैमा चुनौतिपूर्ण छ । विद्यमान अवस्थामा कमजोर एवं न्यून संख्याको सडक पूर्वाधार आफैमा चुनौतिपूर्ण बनेको छ । स्थानीय अधिकांश सडकहरु १२ है महिना संचालनमा आउन सक्दैन, जसका कारण वर्षातमा स्थानीय उत्पादनहरु सहजै ढुवानी हुन सक्दैनन् ।

नगरपालिकाको ठूलो श्रोतको रुपमा रहेको भूमिलाई वसोवास क्षेत्र, कृषि क्षेत्र, बन क्षेत्र, सार्वजनिक क्षेत्रलाई व्यवस्थित गर्न भू उपयोग योजना तर्जुमा हुन नसक्दा जमिनको वर्गीकरण, उत्पादकत्व वृद्धि जस्ता क्षेत्रमा लगानी आकर्षित हुन सकेको अवस्था छैन । नगरपालिकाको अधिकांश भूभागहरु भिरालोपना, पाखा पखेरो र सुख्खा प्रकृतिका कारण खाद्य उत्पादनको हिसावले उत्पादकत्व क्षमता कम हुने भएकोले एकातिर खाद्य सुरक्षाको स्थिति चुनौतिपूर्ण रहेको छ भने अधिकांश पहाडलाई चिराचिरा हुने गरी निर्माण भएका सडकका कारण बाढी पहिरोको जोखिम दिन प्रतिदिन वृद्धि भइरहेको छ । सडक, बिद्युत, खानेपानी, वातावरण संरक्षण जस्ता आधारभूत सेवा सुविधाको बिकास र बिस्तार अत्यन्तै खर्चिलो भइरहेको अवस्था छ । बजार केन्द्रहरुको बिकास योजनाबद्ध तरिकाले हुन नसक्दा मुख्य बजार केन्द्रहरु पनि अव्यवस्थित तवरले बिकास हुने जोखिम वढेको छ ।

कृषि भूमिहरुमा पर्याप्त सिंचाइको अभाव छ, खेतीयोग्य जमिनहरु बाँझो रहेका छन्, परम्परागत र निर्वाहमुखी खेती प्रणालीका कारण कृषि पेशावाट नै कृषकहरु विस्थापित हुनेहरु वढ्दो छ । कृषिमा आधुनिकता र व्यवसायिक गर्ने वातावरण सिर्जना गर्नु यसको अर्को चुनौति हो । कृषि बीमा, विउ, विजन, सहुलियत दरमा कृषि ऋणका लागि सम्वन्धित संस्थाहरु वीच आपसी समन्वय र नीतिगत पक्षको अभाव एवं त्यसको व्यवहारिक कठिनाई छ । पशु चिकित्सक एवं प्राविधिक जनशक्तिको शुन्यताका कारण पनि पशुपालन सुरक्षित हुन सकिरहेको छैन ।

गुणस्तरीय शिक्षामा पर्याप्त समस्या छ । विद्यालयमा पर्याप्त शैक्षिक पूर्वाधार, साधन श्रोत, उपकरण, तालिम प्राप्त विषयगत शिक्षक अभाव छ । अस्पतालको अभाव, औषधीको न्यून उपलव्धता, गुणस्तरीय उपचारको अभाव र आपतकालीन स्वास्थ्य सेवा नभएका कारण अकालमा मानव मृत्यु हुने गरेको छ । निःशुल्क उपलव्ध गराइने भनिएको औषधीहरु पनि उपस्वाथ्य चौकीहरुमा छैन र अधिकांश क्षेत्रहरुमा उपस्वास्थ्य चौकी मात्र रहेकोले स्वास्थ्य उपचारको अभाव देखिएको छ । भएका स्वास्थ्य उपचौकी, वर्थिङ्ग सेन्टरको अवस्था सन्तोषजनक छैन । लक्षित वर्गको स्वास्थ्य वीमा कार्यक्रम लागु हुन सकिरहेको छैन भने जनशक्ति पनि पर्याप्त छैन । बाल विवाह नियन्त्रण, लैङ्गिक विभेद, महिला हिंसाको अन्त्य, छुवाछुत प्रथाको अन्त्य हुन सकेको छैन भने महिला निरक्षता ठूलो संख्यामा रहेको छ यसलाई पूर्ण साक्षर बनाउनु त्यति सहज छैन । सामाजिक समावेशीकरण, लैङ्गिक समानता, लैङ्गिक हिंसामुक्त गाउँपालिका, छुवाछुत, स्कूल जाने उमेर समूहका सवै बालबालिकालाई अनिवार्य रुपमा बिद्यालय भर्ना, निरक्षरता शून्यमा झार्ने, आधारभूत तथा माध्यामिक शिक्षालाई अनिवार्य एवं गुणात्मक बनाउने, आधारभूत स्वास्थ्य सुविधा, भूकम्प प्रतिरोधात्मक निर्माण जस्ता जोखिमहरू न्यूनीकरण गर्दै व्यवस्थित गर्नु पनि त्यत्तिकै चुनौतिपूर्ण छ ।

सवै वस्तीहरुमा खानेपानीको सेवा सुविधा उपलव्ध हुन नसक्नु यस नगरपालिकाको अर्को चुनौति हो । खानेपानीको मुहान पर्याप्त नहुनु, भएका मुहानहरु पनि विविध कारणवाट सुख्खा हुनु र नगरपालिकाको वडा नम्वर ७ लाई सुख्खा क्षेत्रको रुपमा घोषणा गर्नुपर्ने वाध्यात्मक अवस्था आफैमा चुनौतिपूर्ण छ ।

# परिच्छेद -४
# दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

## ४.१ नगर विकासको दीर्घकालीन सोच :

**"त्रिधार्मिक तपोभूमि हलेसी"**

दीर्घकालीन सोच वा दूरदृष्टि तर्जुमा गर्ने सन्दर्भमा जयजुम तुवाचुङ क्षेत्रको किरात संस्कृतिको उद्‍गमस्थलको पृष्ठभूमि, हिन्दुमतका अनुसार पूर्वको पशुपतिनाथ र बौद्ध सम्प्रदाय अनुसार गुरु पदमसंभवको तपोभूमिको रुपमा त्रिधार्मिक आस्थाको प्रतिक हलेसी महादेव सहितको वृहत हलेसीधाममा आत्मशुद्धि तथा बिश्वशान्तिको कामना सहित आउने स्वदेशी तथा बिदेशी धार्मिक पर्यटकहरुको लागि आधारभूत तथा अत्याधुनिक पूर्वाधार, सेवा सुविधा सहित धार्मिक पर्यटन प्रर्वद्धनको माध्यमबाट नगरको आर्थिक सामाजिक क्षेत्रमा उल्लेखनीय योगदान दिन सक्ने र नगरलाई शान्त र समृद्ध बनाउन सक्ने संभावनालाई मध्यनजर गरी **"त्रिधार्मिक तपोःभूमि हलेसी"** को दीर्घकालीन सोच तयार गरिएको छ । नगरका अधिकाशं क्षेत्रमा हिन्दु, बौद्ध र किरात संस्कृति र परम्परासंग जोडिएको र यी तीनै धर्मको मूलभूत उद्देश्य नै आत्मशान्ति र बिश्वशान्ति रहेकोले तथा शान्ति नै समृद्धिको आधार हुने भएकोले नगरपालिकाले आवधिक नगर बिकास योजनाको अन्तिम लक्ष्यको रुपमा शान्त र समृद्ध त्रिधार्मिक तपोःभूमि हलेसीधामको परिकल्पना गरिएको छ ।

## ४.२ समष्टिगत लक्ष्य :

हलेसी तुवाचुङ नगरपालिकाको समष्टिगत विकासका लागि **नगरबासीको आय, रोजगारी, सेवा, सुविधामा वृद्धि भई जीवनस्तरमा गुणात्मक तथा दीगो सुधार गर्ने** मुख्य लक्ष्य निर्धारण गरिएको छ । आवधिक योजनाको अवधिका लागि निर्धारण गरिएको समग्र लक्ष्य सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ ।

**तालिका ९: आवधिक नगर विकास योजनाको लक्ष्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण)**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| प्रति व्यक्ति बार्षिक आय २६२३३ भन्दा कम आम्दानी हुने जनसंख्या | प्रतिशत | २७ | २५ | २३ | २१ | १८ | १५ |
| आफ्नो उत्पादन र आम्दानीबाट वर्षभरी खान पुग्ने परिवार | संख्या | ५८२ | १००० | १२०० | १५०० | २००० | २५०० |
| वार्षिक खाद्यान्न उत्पादन | मे.टन | ४०३८ | ४५०० | ४८०० | ५००० | ५५०० | ६००० |
| आम्दानीको दुई तिहाई भन्दा बढी खानामा खर्च गर्ने परिवार | प्रतिशत | १५ | १३ | ११ | १० | ८ | ५ |
| व्यवसायिक/प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | जना | २००० | २२५० | २५०० | ३००० | ४००० | ५००० |
| बाल कुपोषण दर | प्रतिशत | २.१५ | २ | १.५ | १ | ० | ० |
| वाल विवाहको दर | संख्या | २१५ | ० | ० | ० | ० | ० |
| बाह्रै महिना संचालन हुने नगरस्तरीय सडक | प्रतिशत | ८० | ८५ | ९० | १०० | १०० | १०० |
| रुख विरुवाले ढाकेको वा हरियाली क्षेत्र | प्रतिशत | ३६.२२ | ३७ | ३८ | ३८ | ३८ | ४० |
| नगरपालिकाकाभित्रको बेरोजगारको संख्या | प्रतिशत | ४० | ३५ | ३२ | ३० | २५ | २० |
| बैदेशिक रोजगारीमा गएकाको संख्या | जनसंख्या | १५५० | १५०० | १४०० | १२०० | ११०० | १००० |
| उत्पादनमूलक कार्यमा रेमिट्यान्सको उपयोग | प्रतिशत | १० | १२ | १४ | १५ | २० | २५ |
| बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | घण्टा | २ | १.५ | १.५ | १.५ | १ | १ |

### ४.३ विषयक्षेत्रगत बृहत उद्धेश्यहरु :

#### ४.३.१ आर्थिक विकास

कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि, धार्मिक पर्यटन प्रवर्द्धन, विकास, विस्तार भई उत्पादनशील सेवा सुविधामा गुणस्तरीय एवं सहज पहुँच कायम हुनुका साथै श्रृजित सेवाको उपलव्धता र उपयोगबाट कृषि, गैरकृषि तथा सेवाक्षेत्रमा परस्पर अन्तरसम्बन्ध कायम भई रोजगारी र आयमा वृद्धि भएको हुनेछ ।

#### ४.३.२ सामाजिक विकास

आधारभूत स्वास्थ्य, आधारभूत तथा माध्यामिक शिक्षा, सामाजिक सुरक्षा, सेवा सुविधाको सहजताका साथै भाषा, कला, साहित्य, संस्कृति, युवा तथा खेलकूदको विकास गरी आधुनिक प्रविधिमा सक्षम जनशक्ति उत्पादन हुनेछ ।

#### ४.३.३ पूर्वाधार विकास

स्थानीय पूर्वाधार तथा संरचना निर्माण, संभार, विकास एवं विस्तार भई व्यवस्थित, सुरक्षित र दीगो भएको हुनेछ ।

#### ४.३.४ वन, वातावरण तथा विपद् व्यवस्थापन

भू तथा जलाधार क्षेत्र, वन, जैविक विविधता तथा वातावरणीय श्रोतको दीगो उपयोग गर्दे विपद् व्यवस्थापन भएको हुनेछ ।

#### ४.३.५ सुशासन तथा संस्थागत विकास

नगरपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र जवाफदेहिताको स्तर वृद्धि हुनेछ ।

### ४.४ प्राथमिकता तथा रणनीतिहरु

नगरपालिका क्षेत्रको समष्टिगत विकासका लागि आवधिक योजनाले देहायअनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिई विकास प्रयासलाई संचालन गर्ने रणनीति अवलम्बन गरिनेछ :

- नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन बमोजिम प्राप्त एकल अधिकार तथा साझा अधिकारहरुको प्रयोग र अभ्यास सुव्यबस्थित एवं समन्वयात्मक रुपमा गर्न आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सरल, सुलभ र गुणस्तरीय सेवा प्रवाह गरिनेछ ।
- कृषि, पर्यटन तथा पशुजन्य उपजको व्यवसायीकरण, विविधिकरण तथा उद्योग व्यवसायको सिर्जना र विकासद्धारा दीगो रोजगारी, आय तथा खाद्य सुरक्षामा वृद्धि गरिनेछ।
- गुणस्तरीय र व्यवसायिक शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी, सामाजिक सुरक्षा तथा सशक्तिकरणद्धारा स्वस्थ, सिर्जनशिल र सीपयुक्त मानव संशाधनको विकास गरिनेछ ।
- व्यवस्थित यातायात तथा बजार, आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विकासद्वारा अन्तरसम्वन्ध विकास र सेवा सुविधास्तर र पहुँच वृद्धि गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण तथा विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकुलन, सुशासन तथा सदाचार प्रवर्द्धनलाई स्थानीय तहको विकास प्रक्रियामा एकीकृत गरी विकास नतिजालाई समावेशी, उत्थानशील र दीगो बनाइनेछ ।

# परिच्छेद - ५
# आर्थिक विकास

### ५.१ पृष्ठभूमि :
नेपालको संविधानले सुनिश्चित गरेको नागरिकहरुको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न संघ सरकार, प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहेको छ । यसलाई मूर्तरुप दिन संवैधानिक व्यवस्था, संघ तथा प्रदेशको कानुन, नीति, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध कार्य गर्नुपर्दछ । यसलाई मध्यनजर गरी यस नगरपालिकाको समग्र विकासको अग्रणी क्षेत्र तथा उत्पादन, रोजगारी र आयको संभाव्य स्रोतका रुपमा रहेको कृषि, पर्यटन, आद्योगिक विकासका विषय क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

### ५.२ वर्तमान अवस्था :
यस नगरपालिकामा मूख्यतः परम्परागत खेतीतर्फ धान, गहुँ, मकै, भटमास खेती, आलु तथा मौसमी तरकारी खेती, आर्थिक विकासको प्रमुख साधनको रुपमा रहेको छ । आर्थिक विकास संभावनाका क्षेत्रहरु प्रचुर भएपनि आवश्यक व्यवसायिक ज्ञान तथा सूचनाको कमी, उन्नत मल विउको उपलब्धता, कर्जामा पहुँच कम, वजारोन्मुख खेती प्रणाली नहुनु मूख्य चुनौतीको रुपमा रहेका छन् । नगरवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांश कृषकहरू परम्परागत तौरतरिकामा नै सिमित रहेको हुँदा व्यवसायिक खेती प्रणालीको समेत विकास हुन सकेको छैन ।

अधिकांश भूभागमा सिंचाई सुविधाबाट वञ्चित रहेको, जिल्ला सदरमुकाम अत्यन्त निकट रहेको एवं खोटाङ जिल्लाको प्रवेश मार्गका रुपमा रहेको कारणले कृषि एवं पशुपालनमा व्यवसायिक प्रणाली अपनाउन सकिने एवं व्यवसायिकतामा जोड दिन सकिने सम्भावना प्रशस्त रहेको छ ।

यस नगरपालिका क्षेत्रमा धार्मिक पर्यटकीय महत्वको दृष्टिकोणले हलेसी महादेव क्षेत्र, ट्रेकिङ्ग गर्न मिल्ने प्रशस्त ठाँउहरु, रैथाने चाडपर्व, चालचलन तथा संस्कृतिहरु एवं पर्यटन पूर्वाधार सुधारोन्मुख रहनुले यस क्षेत्रको विकासको संभावना प्रशस्त देखिन्छ ।

यस नगरपालिकाको कृषि तथा पशु विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तिय सेवा सुविधा लगागत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### ५.३ आर्थिक विकासको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम :
हलेसी तुवाचुङ नगरपालिकाको आवधिक योजनाको लक्ष्य प्राप्तिमा योगदान दिइनेछ गरी आर्थिक विकास क्षेत्रको लागि **कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि, धार्मिक पर्यटन प्रवर्द्धन, विकास, विस्तार भई उत्पादनशील सेवा सुविधामा गुणस्तरीय एवं सहज पहुँच कायम हुनुका साथै श्रृजित सेवाको उपलब्धता र उपयोगबाट कृषि, गैरकृषि तथा सेवाक्षेत्रमा परस्पर अन्तरसम्बन्ध कायम भई रोजगारी र आयमा वृद्धि भएको हुने** मूख्य उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष्य/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ :

**तालिका १०: आर्थिक विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण)**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर जनसंख्या | प्रतिशत | १५ | १७ | १७ | १८ | १८ | २० |
| कृषि तथा पशुपालन पेशा संलग्न घरधूरी (प्रतिघर ५ सदस्य) | प्रतिशत | ५५ | ५७ | ६० | ६२ | ६५ | ६८ |
| कृषि उपजहरुको बार्षिक मूल्य ( एकमुष्ट) रकम (लाखमा) | रु. | १०० | १०५.५ | ११२.५ | ११६.६ | १२५.५ | १३९.९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पशुपंक्षी र सोजन्य उत्पादन मूल्य (बार्षिक) रकम (लाखमा) | रु. | ६२ | ६५.५ | ७०.२ | ७४.७ | ७६.५ | ८०.३ |
| उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ९५० | १०५० | ११३७ | १३०० | १४६२ | १६२५ |
| निकासीजन्य उद्योग : खसी बोका/गाई भैंसी/कुखुरा (हजारमा) | वटा | २८/२/७ | ३०/२/९ | ३५/३/११ | ३९/४/१३ | ४५/४/१५ | ५०/५/१७ |
| भमण गर्ने बार्षिक पर्यटक (वाह्य) (हजारमा) | संख्या | २२ | २५ | ३० | ३५ | ४० | ५० |
| भ्रमण गर्ने बार्षिक पर्यटक : आन्तरिक (लाखमा) | संख्या | २.५ | ३ | ३.५ | ४ | ४.५ | ५ |
| पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | जना | १८० | २०० | ३०० | ५०० | ७०० | १००० |
| वैकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | २२ | २५ | ३५ | ५० | ७० | ९० |
| उत्पादन र बजारीकरण सहकारीमा आवद्ध सदस्य | संख्या | ११५० | १३०० | १३५० | १४०० | १४५० | १५०० |

## ५.४ प्रमुख रणनीतिहरु :

- आर्थिक विकास क्षेत्र (कृषि विकास, सिंचाई, पशु विकास, पर्यटन, उद्योग, ब्यापार यबसाय, वित्तीय क्षेत्र इत्यादी) अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ। यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त आर्थिक विकास क्षेत्रसंग सम्बन्धित नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याइनेछ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी आर्थिक विकास क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गरिनेछ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् ब्यबस्थापन, लैंगिक सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरुलाई आर्थिक विकास अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गरिनेछ।

## ५.५ विषयगत क्षेत्र अन्तर्गतका विषयगत उपक्षेत्रहरु :

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् : कृषि विकास, सिंचाई, पशु विकास, उद्योग, व्यापार तथा व्यवसाय, पर्यटन विकास, बैंक, वित्तीय संस्था र सहकारी तथा बैदेशिक रोजगारी।

### ५.५.१ कृषि विकास :

#### क) संभावना, अवसर र विद्यमान अवस्था :

नेपालको संविधानले सबै नेपालीलाई खाद्यको अधिकार प्रत्याभूत गरेको छ। दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य लिएको सन्दर्भमा संघीय सरकारले बि.सं. २०७७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ। हाल मुलुक कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनको चरणमा छ।

नगरपालिका क्षेत्रमा कुल जमीनको ३७.१७ % खेती योग्य जमीन रहेको छ। गत वर्षको तथ्यांक हेर्दा खाद्यान्न वालीतर्फ मकैको उत्पादन २७०७ मेट, कोदो ६९८ मे.ट. र धान ५९३ मेट उत्पादन भएको देखिन्छ। नगरपालिका क्षेत्रमा जलवायुको विशेषताले आँप, लिची, कागती, कटहर एवं केराजस्ता फलफूल खेतीको सम्भावना रहेको देखिन्छ। यसैगरी वदाम, अदुवा, वेसार, खोर्सानी, कपास, आलु र कफीजस्ता नगदेवालीको सम्भावना समेत देखिन्छ। नगरपालिकाको क्षेत्रगत हिसावले भाडवेंसी र महादेव वेंसीमा तरकारी खेतीको सम्भावना साथै कृषि श्रोत विकासको सम्भावना रहेको छ। कोसेबालीहरु गहत, मास, भटमास र वोडीजस्ता बाली समेतको सम्भावना रहेको देखिन्छ। भौगोलिक हिसावले विविधतायुक्त यस नगरपालिकामा रुद्राक्ष तथा पुष्प खेती, चिउरी संकलन र प्रशोधन एवं जडीबुटी (हर्रो, वर्रो, अमला, टिमुर, सिस्नु) को समेत प्रशस्त संभावना रहेको छ। व्यवसायिकता तर्फ

कृषकहरुको संलग्नता बढिरहेको संदर्भमा आवश्यक जनशक्तिको विकास, बजार पूर्वाधारहरुको विकास तथा बजार संजाल निर्माण गर्ने जस्ता कार्य गर्न सकिने संभावना रहेको देखिन्छ ।

**ख) समस्या तथा चुनौती :**

कृषि क्षेत्रमा उपलब्ध विशिष्ट संभावनाको बावजूद यस क्षेत्र सिंचाई सुविधाबाट वञ्चित हुनु प्रमुख समस्याको रुपमा रहेको छ । यसबाट साना कृषक तथा कृषि व्यवसायमा नकारात्मक असर परिरहेको छ । अधिकांश कृषकहरुमा व्यवसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी रहेको छ । फलस्वरुप बाली सरंक्षण र भण्डारण तथा बढी उत्पादनको लागि मलखाद र विषादीको समुचित प्रयोग हुन सकेको छैन । प्रति इकाई जग्गाको मूल्य उच्च रहेको यस नगरपालिकामा भूउपयोग नीति पालना र योजनाको कमी आदि लगायतका कारणले कृषियोग्य जमीनको खण्डीकरणमा वृद्धि भइरहेको हुँदा कृषिमा यान्त्रिकीकरण गर्न कठिन हुँदै गएको छ ।

स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिइनेछ खालको विभिन्न प्रजातिका बीऊ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरुले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त हुन सकेका छैनन् । रैथाने बीऊ विजनको उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा आनुवांशिक जातीय शुद्धता र गुणस्तर कम हुने बीऊविजनको प्रयोग गर्नु पर्ने बाध्यता रहेको छ । सो बीऊ विजन समेत समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन । जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानिकारक झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भइरहेको छ ।

सिंचाईको अभाव तथा बैदेशिक रोजगारी तर्फ युवाहरु पलायन भइ रहेको सन्दर्भमा बाँझो जग्गाहरुमा वृद्धि भई रहेको छ । जंगलमा वृद्धि हुनु र जंगलमा भएका फलफूल तथा कन्दमूल मानिसहरुद्वारा अनियन्त्रित रुपमा दोहन हुनाले मूख्यतः बाँदरका कारण खेतीपाती जोगाउने चुनौती देखा परेको छ ।

**ग) उद्धेश्य :**

कृषिजन्य वस्तुको उत्पादन वृद्धि भई व्यवसायिकता तर्फ उन्मुख भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका ११ : कृषि विकास : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| व्यवसायिक उत्पादनमा संलग्न कृषक | संख्या | ८० | १०० | २०० | २५० | ४०० | ५०० |
| आलु व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | २० | ५० | १०० | २०० | ३५० | ५०० |
| तरकारी व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ८० | २०० | ५०० | ७०० | १००० | १२०० |
| व्यवसायिक फलफूल/पुष्प खेती | रोपनी | १५ | ५० | १०० | १५० | २५० | ३५० |
| अगुवा वा व्यवसायिक कृषक | संख्या | २५ | ५० | ७५ | १०० | १५० | २०० |
| व्यवसायिक कृषि फर्म | संख्या | २५ | ३५ | ४५ | ५० | ७५ | १०० |
| कृषि सहकारी संस्था | संख्या | ७ | ८ | १० | ११ | १२ | १५ |
| कृषि श्रोत केन्द्र | संख्या | २ | ३ | ५ | ७ | १० | १० |
| विउविजन, मल, विषादी सप्लायर्स | संख्या | २ | ३ | ५ | १० | १५ | २० |
| कृषि औजार सप्लायर्स | संख्या | ० | १ | २ | ५ | ८ | १० |
| कृषि प्रयोगशाला | संख्या | ० | ० | १ | १ | १ | २ |
| मह उत्पादन कार्य | संख्या | ० | ३ | ५ | १० | १५ | २० |
| व्यवसायिक कृषि नर्सरी | संख्या | १ | ५ | १९ | १५ | २५ | ३० |
| सहकारीमा आवद्ध कृषक | संख्या | ३२५ | ५०० | ७५० | १००० | २००० | ३००० |
| कोल्ड स्टोर | संख्या | ० | ० | २ | ५ | ८ | १० |
| कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | ० | ३ | ५ | ११ | १२ | १२ |
| कृषक पाठशाला संचालन | संख्या | ० | ३ | ५ | ९ | १२ | १५ |
| कृषि विकास रणनीनि तर्जुमा | पटक | ० | १ | १ | १ | १ | १ |

**ङ) रणनीति :**

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न नगरपालिकाको स्रोत, स्थानीय संघसंस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीति अवलम्वन गरिनेछ :

- कृषि विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- कृषिको उत्पादनलाई भरपर्दो एवं गुणस्तरीयता कायम राख्न सहकारी र समुह मार्फत विउविजन उत्पादन तथा वितरण गरिनेछ, गोठेमल सुधार, उत्पादनमा अनुदान तथा प्रोत्साहन गरिनेछ, कृषकलाई आवश्यक मात्रामा अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ, आधुनिक कृषि प्रविधिबारे तालिम सञ्चालन गरिनेछ, माटो परिक्षण शिविर तथा प्रयोगशाला सञ्चालन गरिनेछ ।
- व्यवसायिक कृषिको प्रवर्द्धनका लागि आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।
- कृषि व्यवसायमा महिला, दलित र अन्य लक्षित वर्गको संलग्नतालाई विशेष जोड दिइनेछ र व्यवसाय विस्तार र विकासका लागि कृषि ऋणको व्यवस्था तथा विस्तारमा विशेष पहल गरिनेछ ।
- नगरमा स्वरोजगारका अवसरहरु सृजना गर्न महिला, दलित, जनजाति तथा युवा लक्षित कृषि रोजगार कार्यक्रम सञ्चालन गर्ने गरी दक्ष जनशक्ति विकास गरिनेछ र बजारमुखी उत्पादन कार्यक्रममा जोड दिइनेछ ।
- जलवायू परिवर्तन अनुकूलन हुने जैविक विविधतामा आधारित खेती प्रणाली र प्रविधि उपयोगलाई प्रोत्साहन गरिनेछ ।
- रोगकीरा तथा प्रकोप रोकथाम तथा नियन्त्रणको लागि पहल गरिनेछ र यसबाट हुने नोक्सानीबाट कृषकहरुलाई सुरक्षा दिनको लागि बाली तथा पशु विमालाई प्रभावकारी ढंगले लागू गरिनेछ ।
- भू उपयोग नीति मार्फत खेतीयोग्य भूमिको पहिचान, वर्गीकरण र व्यवस्थापन गरिनेछ ।
- एक वडा एक प्राविधिकको व्यवस्था गर्नुका साथै कृषि स्रोत व्यक्तिहरुको विकास, परिचालन र राष्ट्रिय सीप परीक्षा बोर्डबाट स्तरोन्नति गर्ने प्रणालीको विकास गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाइ कृषि उद्यमसिलतामा आकर्षण गर्न निजी क्षेत्रको लगानीमैत्री कृषि विकास निति तय गरि कार्यान्वयन गरिनेछ ।
- कृषि उपज बजारीकरणका लागि आवश्यक पूर्वाधार तयार गरि कृषि उपज संकलन केन्द्र, कृषि हाट बजार व्यवस्थापन र निर्यात बजार अन्वेषण गरी कृषि क्षेत्रका ठूला व्यापारीसंग सम्बन्ध विस्तार गरिनेछ ।
- कृषि सेवा प्रभावकारी रुपमा प्रवाह गर्न सम्पूर्ण न्यूनतम कानुनी आधार, प्रकृया र संरचनाको स्थापना र व्यवस्था गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम (तरकारी खेती प्रवर्द्धन कार्यक्रम, प्रमुख बालीको पकेट क्षेत्र कार्यक्रम संचालन, भू उपयोग योजना तयार गर्ने) ।
- कृषि व्यवसायिकरण तथा उद्यमशिलतामा कार्यक्रम (कृषि व्यवसाय प्रोत्साहन, निजी क्षेत्रको लगानीमा कृषि उद्यम संचालन, कृषि जन्य वस्तुको प्रशोधन र प्याकेजिङ्ग, कृषि बजार तथा कृषि सहकारी प्रवर्द्धन, कृषि क्षेत्रको समग्र विकासका लागि क्लउगतक कगउउथि गर्न निजी क्षेत्रबाट एग्रोभेट संचालन, ठूला व्यापारिक केन्द्रका कृषि व्यापारिहरुको लगानी प्रवर्द्धन) ।
- कृषि पूर्वाधार निर्माण कार्यक्रम ।
- कृषि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास ।

### ५.५.२ पशुपंक्षी विकास

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

पशु विकासका लागि नगरपालिका क्षेत्रमा पर्याप्त चरण क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको प्रचुर सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ । पशुजन्य उत्पादनको अवस्था हेर्दा हाल दैनिक रुपमा ८९७ लिटर दूध र वार्षिक रुपमा १८७,०९० केजि मासु उत्पादन भइरहेको छ ।

**ख) समस्या तथा चुनौति :**

उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य अझैपनि चुनौतिको रुपमा रहीरहेको छ । व्यावसायिक रुपमा बारीमा घाँस लगाउन पर्छ भन्ने चेतनाको कमी, नश्ल सुधार कार्यक्रम र वजारीकरणको कमी, प्राविधिक जनशक्तिको कमीजस्ता पक्ष पनि थप समस्याको रुपमा रहेको छ ।

**ग) उद्धेश्य :**

आधुनिक पशुपालन व्यवसायको माध्यमबाट पशुजन्य उत्पादनमा आत्मनिर्भर भई व्यवसायतर्फ उन्मुख भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका १२ : पशुपंक्षी विकास : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| व्यवसायिक पशुपालनमा संलग्न परिवार | संख्या | ४० | ८० | १०० | १२० | २०० | ४०० |
| बार्षिक खरिद विक्री भेडा, खसी, बोका | संख्या | १००० | १२०० | १५०० | २००० | ३००० | ४००० |
| भुइघाँस तथा डालेघाँसको व्यवसायिक उत्पादन क्षेत्र | रोपनी | ५०० | १०० | १२०० | १४०० | १६०० | १८०० |
| सक्रिय पशुपालन समूह | संख्या | ० | २ | ५ | ११ | २५ | ५५ |
| व्यवस्थित चरन क्षेत्र | संख्या | ८ | ९ | १० | ११ | १५ | २० |
| नश्ल सुधार तथा उपचार केन्द्र | संख्या | ० | १ | २ | ५ | ८ | ११ |
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ४ | ५ | ८ | ११ | १५ | २२ |
| पशुपालनसम्बन्धी उपलब्ध प्रविधि, उपयोग गर्ने घरपरिवार | संख्या | २२ | ५०० | १००० | १५०० | २००० | ३००० |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | ० | १ | ३ | ५ | ८ | ११ |
| दुग्ध संकलन तथा चिस्यन केन्द्र | संख्या | ० | ० | १ | १ | २ | २ |
| मासु प्रशोधन केन्द्र | सख्या | ० | ० | १ | १ | ३ | ५ |
| व्यवसायिक मत्स्यपालन | संख्या | ३ | ५ | ८ | १० | १५ | २२ |
| संचालित डेरी व्यवसाय | संख्या | ० | ० | १ | १ | १ | १ |
| पशु हाटवजार | संख्या | ० | ० | १ | २ | ३ | ३ |
| ह्याचरी केन्द्र | संख्या | ० | ० | ० | १ | १ | १ |

**ङ) रणनीति :**

- पशु विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- व्यवसायिक पशुपालनको लागि अनुदान लगायतका प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।
- तालिम, गोष्ठी, भ्रमणको माध्यमबाट आधुनिक प्रविधि तथा ज्ञान सीप प्रदान गरिनेछ ।
- प्रत्येक वडामा एक जना पशु प्राविधिक र नगरमा पशु अस्पताल तथा ल्यावको स्थापना गरी कार्य सञ्चालन गरिनेछ ।
- युवामैत्री कार्यक्रम बनाई विशेष अनुदानको व्यवस्था गरी युवा जनशक्तिलाई व्यवसायिक पशुपालनमा सहभागी गराइनेछ ।
- दुग्ध चिस्यान केन्द्र तथा संकलन केन्द्रको स्थापना पहल गरिनेर्छ ।
- पशु वधशालाको निर्माण गरी स्वच्छ मासु उपभोगमा पहुँच कायम गरिनेछ ।
- उन्नत जातको पशु नश्ल सुधारको लागि शत प्रतिशतको उन्नत राँगा, साढे, बोका वितरण गरी स्रोत केन्द्र स्थापना गरिनेछ एवं कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ ।
- बार्षिक कृषि तथा पशु मेला प्रदर्शन गरी उत्कृष्ट कृषि तथा पशुपालक कृषकहरुलाई पुरस्कृत तथा प्रोत्साहित गरिनेछ ।
- नगरपालिका भित्र हुने बिभिन्न कृषि तथा पशुपालन सम्बन्धी गतिविधिहरु बिभिन्न सञ्चार माध्यमहरुबाट जानकारीको लागि नियमिति रुपमा प्रचार प्रसार गरिनेछ ।

- पशुपालन व्यवसायको प्रवर्द्धनका लागि निजी क्षेत्रको संलग्नतामा जोड दिइनेछ ।
- पशुपालन व्यवसायका लागि आवश्यक सम्पूर्ण न्यूनतम कानुनी आधार, प्रकृया र संरचनाको स्थापना र व्यवस्था गरिनेछ ।
- पशुजन्य वस्तु जस्तै छुर्पि, छालाको जुता, राडि कम्मल आदि उत्पादनका लागि पशु वस्तु उत्पादन उद्योग संचालन गरिनेछ
- विप्रेषणको समुचित प्रयोग गरी व्यवसायिक पशुपालनको स्थापना गरिनेछ ।
- निजी क्षेत्रको संलग्नतामा दुध, मासु, रौं, हड्डी आदिमा आधारित उद्योग संचालन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- व्यवसायिक पशुपंक्षी पालन विकास कार्यक्रम (पशु नश्ल सुधार स्रोत केन्द्रको स्थापना, डालेघाँस तथा भुइघाँसको नर्सरी स्थापना, पशुपंक्षी पालन क्षमता विकास कार्यक्रम, निवेषणको समुचित प्रयोग गरि व्यवसायिक पशुपालनको स्थापना गर्ने, निजी क्षेत्रको संलग्नतामा दुध, मासु, रौं, हड्डी आदिमा आधारित उद्योग संचालन) ।
- पशु विकास पूर्वाधार निर्माण ।
- एग्रोभेट एवं प्याराभेटको स्थापना एवं प्रवर्द्धन कार्यक्रम ।
- पशुपंक्षी विकास कार्यक्रमका लागि जनशक्ति व्यवस्थापन, परिचालन तथा संरचनागत विकास ।

### ५.५.३ उद्योग, व्यापार तथा व्यवसाय

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

यस नगरपालिकाको मूख्य वजार प्रमुख व्यापारिक केन्द्र बन्दै गरेको अवस्था एकातिर रहेको छ भने स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ । नगरपालिका क्षेत्रमा यातायात पूर्वाधारका साथै उर्जाको पहुँच रहेको छ । यस नगरपालिकामा विशेष गरी कृषि, पशु, माछा र जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको संभावना रहेको छ । कृषि, पशुपंक्षी, माछा, जडिबुटी उत्पादनको लागि आवश्यक प्रविधि, सामग्री र वस्तु सेवा र स्थानीय उत्पादन बजारीकरण सम्बन्धी व्यापार व्यवसायमा पनि क्रमिक वृद्धि हुँदै गईरहेको छ ।

**ख) समस्या तथा चुनौति :**

निर्यातमुखी उद्योगको अभाव, बजार सञ्जाल विस्तार हुन नसक्नु, दक्ष जनशक्तिको अभावजस्ता समस्या एकातिर रहेको छ भने अर्कोतिर औद्योगिक क्षेत्रको निर्धारण, उद्यमशिलता विकास, ठूला औद्योगिक प्रतिष्ठान र उद्योगपतिसँगको संचार र छलफलमा कमी रहेको छ । उद्योग सिर्जना र विकासको लागि वैकिङ्ग तथा वित्तीय सेवाको कमी रहेको छ । स्थानीय समुदायमा औद्योगिक चेतनाको कमी रहेको छ ।

**ग) उद्धेश्य :**

स्थानीय कच्चा पदार्थको आधारित उद्योग, व्यापार सेवाको स्थापना प्रवर्द्धन एवं वजारको विकास भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका १३ : उद्योग, व्यापार तथा व्यवसाय : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| चालु लघु उद्योग | संख्या | ७० | १०० | १५० | २५० | ३०० | ५०० |
| चालु घरेलु उद्योग | संख्या | १५ | २० | ३० | ५० | ७० | १०० |
| चालु साना उद्योग | संख्या | १ | १ | १ | ३ | ४ | ५ |
| चालु मझौला उद्योग | संख्या | १ | ० | १ | २ | २ | ३ |
| चालु ठूला उद्योग | संखया | २ | ० | १ | २ | ३ | ४ |
| सुचारु व्यापार व्यवसाय | संख्या | ४६१ | ५०० | ५०० | ७७५ | ८५० | १०२२ |
| निकासीजन्य कच्चा पदार्थको परिमाण | मे.ट. | १०० | २०० | ४५० | ६४० | ८५० | १२०० |
| उत्पादन र बजारीकरण सहकारी संस्था | संख्या | ९ | १५ | १५ | १८ | २३ | २७ |
| उद्यम सृजना र विकास सम्बन्धी | संख्या | १५० | २०० | ३०० | ५०० | ६०० | ७०० |

| तालिका १३ : उद्योग, व्यापार तथा व्यवसाय : सूचक तथा लक्ष्य परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| तालिम प्राप्त उद्यमी | | | | | | | |
| व्यवसायिक सीपमूलक तालिम प्रदान गर्ने संस्था | संख्या | २ | ३ | ५ | ७ | ९ | ११ |

**ङ) रणनीति :**

- उद्योग व्यवसाय विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- ठूला, मझौला तथा साना उद्योगको सम्भाव्यता हेरी सञ्चालनमा सहजीकरण गरिनेछ ।
- उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनको लागि जोड दिइनेछ ।
- दक्ष जनशक्ति उत्पादन जोड दिनुका साथसाथै स्वरोजगारी सृजना तथा उद्यमशीलता विकास गर्नका लागि गरिब लक्षित समूहलाई प्रशिक्षण तथा आर्थिक टेवा दिइनेछ कार्यक्रम सञ्चालन गरिनेछ ।
- सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम कार्यक्रम संचालन गरिनेछ ।
- पछाडि पारिएका विपन्न, लक्षित वर्ग र युवालाई उद्योग स्थापनामा सहजीकरण तथा प्रोत्साहन गरिनेछ ।
- निजी क्षेत्रको संलग्नतामा गैरकाष्ठ बन पैदावरमा आधारित, कृषि तथा पशुमा आधारित उद्योग संचालन गरिनेछ ।
- स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार र हित सम्बन्धी नीति, कानुन, मापदण्ड कार्यन्वयन र नियमन गरिनेछ ।
- उपभोक्ता सचेतना अभिवृद्धि गरी लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परिक्षण गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- ठूला, मझौला तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम (कच्चा पदार्थको उत्पादनमा प्रोत्साहन कार्यक्रम, सार्वजनिक निजी अवधारणामा आधारित व्यवसायमा प्रोत्साहन कार्यक्रम) ।
- उद्यमशिलता विकास कार्यक्रम (उद्योगको सम्भाव्यता अध्ययन, व्यवसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम, युवालाई उद्योग प्रवर्द्धनात्मक कार्यक्रम, सस, केचप, गुन्द्रुक, आदि उत्पादन तथा वजारिकरण कार्यक्रम, छालाजन्य वस्तु, दुधजन्य वस्तु र ऊनजन्य वस्तु उत्पादन कार्यक्रम) ।

### ५.५.४ पर्यटन विकास :

**क) संभावना, अवसर र विद्यमान अवस्था**

त्रिधार्मिक हलेसी धाम धार्मिक एवं पर्यटकीय हिसावले नगरपालिकाको पर्यटन क्षेत्रको विकासको सम्भावना रहेको देखिन्छ । वार्षिक ३ लाखभन्दा बढी पर्यटकहरु हलेसी महादेवको दर्शन गर्न आउने गर्दछन् । हिन्दु, वौद्ध र किराँतहरुको त्रिधार्मिक स्थलको रुपमा विकास भइरहेको हलेसी, तुवाचुङ, खाम्लतेलगढीलाई पयटकीय सर्किट निर्माण गर्न सकिने सम्भावना रहेको देखिन्छ । विभिन्न वडामा गरी करीव ८३ वटा धार्मिक पर्यटकीय स्थलहरु रहेको यस नगरपालिकामा पर्यटन क्षेत्रको वृहत्तर गुरुयोजना तयार गरी कार्यान्वयन गर्न सकेमा समग्र आर्थिक सामाजिक क्षेत्रमा विशिष्ट योगदान दिनसक्ने देखिन्छ ।

**ख) समस्या तथा चुनौति :**

पर्यटकहरु लामो समय सम्म वस्न सक्नेगरी पर्यटकीय पूर्वाधारहरुको विकास नहुनु, संचालित पर्यटक लक्षित होटेलहरु महंगो हुनु, धार्मिक तथा पयर्टकीय स्थलहरुमा होम स्टेको व्यवस्था नहुनु, मन्दिर छेउछाउका गुफाहरु भ्रमण गर्न पद मार्ग व्यावस्थित नहुनुजस्ता समस्या विद्यमान छन् । पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा सूचना र प्रचारको कमी रहेको छ । स्थानीय समुदायमा अतिथि सत्कार, सेवा सम्बन्धी ज्ञान र सीपको समेत कमी रहेको छ ।

**ग) उद्धेश्य :**

पर्यटकीय पूर्वाधारको विकास भई पर्यटक आगमनमा वृद्धि भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

तालिका १४ : पर्यटन विकास : सूचक तथा लक्ष्य परिमाण

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| व्यवस्थित पर्यटकीय स्थान तथा स्थल | संख्या | १ | १ | २ | ३ | ३ | ३ |
| वार्षिक भ्रमण गर्ने पर्यटक (लाखमा) | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ |
| व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | २ | १ | ३ | ५ | १० | १५ |
| उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (पर्यटकीय सूचना, वित्तीय सेवा, होटल, यातायात, स्वास्थ्य सेवा) | संख्या | ३ | ३ | ४ | ४ | ५ | ५ |
| पर्यटकीयस्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | १५ | २० | २३ | २५ | २८ | ३० |
| कृषि पर्यटन संचालन स्थान | संख्या | ० | १ | २ | ३ | ५ | ११ |

**ङ) रणनीति**

- पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- समृद्ध हलेसी नगरको विकासको लागि धार्मिक पर्यटन प्रवर्द्धन र विकासलाई मूल मुद्धाको रुपमा स्थापित गरिनेछ एवं सोही अनुरुपका कार्यक्रमहरु प्राथमिकताका साथ संचालन गरिनेछ ।
- पर्यटकीय क्षेत्रमा पर्यटनका पूर्वाधार (खानेपानी, विश्रामस्थल, संकेत बोर्ड, सडक, पैदल मार्ग) निर्माण गरिनेछ।
- नगरभित्र रहेका पर्यटकीय सम्भावित क्षेत्रको खोजी, अनुसन्धान, विवरण संकलन गरिनेछ ।
- पर्यटकीय गाउँहरुमा होमस्टे, कुक, अतिथि सत्कार, गाइड, भरिया तालिम सञ्चालन गरिनेछ ।
- पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गरिनेछ ।
- निजी क्षेत्र तथा स्थानीयवासीलाई पर्यटनमा संलग्न गराउने सहजीकरणका कार्यक्रम गरिनेछ ।
- पर्यटन तथा होटल क्षेत्रमा लगानी गर्न चाहने व्यवसायीलाई सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- पर्यटन पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यक्रम ।
- पर्यटन प्रवर्द्धन कार्यक्रम ।
- पर्यटन व्यवसाय संचालनमा प्रोत्साहन कार्यक्रम ।
- सार्वजनिक निजी क्षेत्र क्षमता अभिवृद्धि कार्यक्रम ।
- कोसेलीघर संचालनमा प्रोत्साहन कार्यक्रम ।

### ५.५.५ बैंक, वित्तीय संस्था एवं सहकारी

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

वित्तीय पहुँच तथा सेवाको लागि नगरपालिकामा हाल २ वटा बैंक शाखा, …… लघु वित्त संस्था तथा ….. वटा सहकारी संचालनमा रहेका छन् भने आमा समूह, सामुदायिक संस्था लगायत बचत समूहबाट समेत वित्तीय सेवा उपलब्ध रहेको छ । गतवर्षको आंकडालाई अध्ययन गर्दा नगरपालिका क्षेत्रमा वार्षिक ३० करोड ५० लाख बरावरको रेमिट्यान्स भित्रिएको देखिन्छ ।

**ख) समस्या तथा चुनौति :**

सदरमुकामसँग छोटो दुरीमा रहेको र सडक लगायत पूर्वाधारको विकास भएता पनि नगरपालिका तथा संभाव्य स्थानीय व्यक्ति र समुदायमा औद्योगिक सचेतना, चाहना र माग तथा चासो, आर्थिक क्रियाकलापमा कमीको कारण वैंक र वित्तीय संस्था र सेवा विस्तार हुन सकेको छैन । स्थानीय सहकारी संस्था र सदस्यहरुमा पनि उद्यमशीलतको ज्ञान, सीप र अनुभवको कमीको कारण यसको विकास र विस्तार गति न्यून रहेको छ ।

**ग) उद्धेश्य :**

सरकारी, सहकारी र निजी क्षेत्रको साझेदारीमा वित्तीय श्रोत परिचालन गरी उत्पादनशील क्षेत्रमा लगानीमैत्री वातावरण श्रृजना हुनेछ ।

### घ) सूचक तथा लक्ष्य परिमाण :

**तालिका १५ : बैंक, वित्तीय संस्था एवं सहकारी : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (०७५/७६ सम्म) | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| सुचारु वैक, वित्तीय संस्था | संख्या | ३ | ४ | ५ | ६ | ८ | ११ |
| उपलब्ध कारोबारको किसिम ( बचत र लगानी, रेमिट, मुद्रा सटही, व्यवसायिक परामर्श) | संख्या | ३ | ३ | ४ | ४ | ४ | ४ |
| वार्षिक विप्रेषण रकम | रु. लाखमा | ३००० | ३२०० | ३५०० | ४००० | ४५०० | ५००० |

### ङ) रणनीति :

- सहकारी क्षेत्रको विकास सम्बन्धी स्थानीय नीति, कानुन तथा मापदण्डको निर्माण, कार्यान्वयन तथा नियमन गरिनेछ ।
- वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय कच्चा पदार्थ उत्पादनमा बैंकलाई लगानीको प्रोत्साहन गरिनेछ ।
- आयमूलक क्षेत्रमा लगानी गर्न नीतिगत व्यवस्था गरी प्रोत्साहन गरिनेछ ।
- वैदेशिक रोजगारीमा संलग्न रही फिर्ता हुने व्यक्ति लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय तहमा स्वरोजगारलाई जोड दिइनेछ ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई सूचना तथा सीप तालिम प्रदान गरिनेछ ।
- लगानीमैत्री वातावरणका लागि सहजीकरण गरिनेछ ।
- सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

### च) प्रमुख कार्यक्रम :

- वित्तीय सेवा कार्यक्रम सञ्चालन ।
- व्यवसाय साक्षरता तालिम ।
- व्यवसाय स्थापना एवं प्रवर्द्धनात्मक कार्यक्रम ।
- वित्तीय संस्थाहरुसंगको अन्तरकृया कार्यक्रम ।

## ५.६.६ बैदेशिक रोजगारी :

### क) संभावना, अवसर र विद्यमान अवस्था :

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ । नगरको कूल जनसंख्याको आर्थिक रुपले सकिय (१४–६० वर्ष समूह).जनसंख्या ३१.८ प्रतिशत रहेको छ । आश्रित जनसंख्या आर्थिक रुपमा सक्रिय जनशक्तिले स्थानीय तहमा पर्याप्त रोजगारीको अवसर नहुंदा वैदेशिक रोजगारमा जाने प्रबृत्ति बढ्दो छ । उमेर समूह को आधारमा सबैभन्दा बढि १५–२९ वर्ष समूह (३२.६ प्रतिशत) देखिन्छ । यसै गरी ३०–४४ वर्ष समूहको १६ प्रतिशत रहेको छ ।

यस नगरपालिकाको कुल ६,५१५ घरधुरी मध्ये १,५५० घरधुरी बाट १,५५० व्यक्तिहरु बैदेशिक रोजगारमा गएका छन् । वैदेशिक रोजगारमा संलग्नको संख्या कुल जनसंख्या ४.६७ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा संलग्न घरधुरी २७.६ प्रतिशत रहेका छन् । जसवाट वार्षिक (२०७४/०७५) ३०.४९ करोड विप्रेषण नगरपालिकामा भित्रिएको छ, जसलाई औषत कमाइको रुपमा हेर्दा प्रति व्यक्ति प्रति महिना १६ हजार पर्न आउछ ।

### ख) समस्या तथा चुनौती :

नगरपालिकामा युवा र आर्थिक रुपले सकिय जनसंख्याको वाहुल्यता रहेको छ जुन यस नगरपालिकाको अबसरको रुपमा रहेको देखिन्छ । विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थातथलोमा प्रयोग गर्न सकेमा स्थानीय आर्थिक विकासमा योगदान पुगी उत्पादनमा योगदान पुग्नका साथै रोजगारको अवसर समेत विस्तार हुने अवसर देखिन्छ ।

बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रबृत्तिले स्थानीय रुपमा जनशक्तिको कमी, पारिवारीक/सामाजिक समस्या र परनिर्भरता बढी रहेको छ । नगरमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक उपयोग हुन नसक्दा उपभोग बढ्दो छ । दक्ष जनशक्ति विकास तथा पठाउन नसक्नु साथै वैदेशिक रोजगारको दिगो विकल्प दिनु नगरपालिकाको लागि ठूलो चुनौतीको रुपमा रहेको देखिन्छ ।

### ग). उद्धेश्य:

वैदेशिक रोजगारमा संलग्न (महिला, पुरुष, विपन्न वर्ग सहित) कामदार तथा तिनका परिवारको वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि हुनुका साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरु पनि न्यूनीकरण हुनेछ ।

### घ) सूचक तथा लक्ष्य परिमाण :

**तालिका १६ : बैदेशिक रोजगारी : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| शिपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत | १४ | २० | ३० | ४० | ५० | ६० |
| सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | संख्या | – | ५०० | ८०० | १००० | १५०० | २००० |
| विप्रेषणलाई उद्यम विकास/आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तिय साक्षरता | परिवार | – | २०० | ३०० | ५०० | ८०० | १००० |
| बैदेशिक रोजगारीमा संलग्न व्यक्ति (आर्थिक रुपले सक्रिय जनसंख्याको) | प्रतिशत | १४.९८ | १२ | १० | ८ | ६ | ५ |
| वार्षिक विप्रेषण रकम लाखमा | रु. | ३००० | ३२०० | ३५०० | ४००० | ४५०० | ५००० |

### ङ) रणनीति :

- स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हने खालका कार्यक्रमहरु प्राथमिकताका साथ संचालन गरिनेछ ।
- बैदेशिक रोजगारमा जाने व्यक्तिहरुको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्वन्धी व्यापक सूचना प्रवाह, सिप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदान गरिनेछ ।
- नगरपालिका भित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गर्दै उद्यम विकासमा सहयोग गरिनेछ, साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्म असरहरुलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।
- वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथ संस्थागत विकास गरिनेछ ।

### च. प्रमुख कार्यक्रम :

- रोजगार सूचना केन्द्र स्थापना र संचालन ।
- सचेतना र न्यायमा पहुंच कार्यक्रम ।
- आर्थिक/वित्तीय साक्षरता तथा व्यवसायीक सीप विकास ।
- आप्रवासी तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा ।
- विप्रेषणको (आर्थिक, तथा ज्ञान/सीप र उद्यमशीलता) उत्पादनमूलक उपयोग ।

# परिच्छेद - ६
# सामाजिक विकास

## ६.१ पृष्ठभूमि :
नेपालको संविधान २०७२ ले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरुलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । माध्यामिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडी परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरु तयार भईसकेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ । वर्तमान १५ औं राष्ट्रिय योजनाले उपरोक्त विषयलाई समेत उच्च प्राथमिकतामा राखेको छ ।

सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपूर्ण प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ । हलेसी तुवाचुङ नगरपालिकामा सक्षम जनशक्ति उत्पादन र यथोचित अवसरहरु उपलब्ध गराउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा रहेका संभावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ६.२ वर्तमान अवस्था :
नगर वस्तुस्थिति विवरण २०७५ अनुसार नगरपालिकाको साक्षरता प्रतिशत ८३.३७ रहेको देखिन्छ । साक्षरमात्र भएको जनसंख्याको प्रतिशत २६.९२, आधारभूत शिक्षा पूरा गर्ने २१.६४ प्रतिशत, माध्यामिक वा सो भन्दा बढी योग्यता हासिल गर्नेको प्रतिशत ३०.६३ रहेको देखिन्छ । विभिन्न कारणले विद्यालय बाहिर रहेका वालवालिकाहरुको संख्या १६६ जना रहेको देखिन्छ । नगरपालिकाभित्र ८५ वटा आधारभूत र ७ वटा माध्यामिक विद्यालय संचालनमा रहेका छन् ।

नगरपालिकाभित्र जम्मा ८ वटा स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गरिरहेका छन् । ९० प्रतिशत वालिवालिकाले विभिन्न स्वास्थ्य संस्थाहरुबाट खोप सेवा प्राप्त गरेको देखिन्छ । कुपोषणको अवस्था हेर्दा अझै २.१५ प्रतिशत वालिवालिका कुपोषणको शिकार भैरहेको देखिन्छ । यस क्षेत्रमा ११ वटा बर्थिंङ सेन्टर संचालनमा रहेको छ भने स्वास्थ्य संस्थामा सुत्केरी गराउनेको प्रतिशत ५४ रहेको छ ।
यस नगरपालिकाको शिक्षा, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित वर्ग तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकूद र कला, भाषा तथा संस्कृति लगायत स्थानीय तहको लागि उपलब्ध सामाजिक विकासको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## ६.३ सामाजिक विकासको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम :
आवधिक योजनाका लागि निर्धारित लक्ष्य अनुसार सामाजिक विकास क्षेत्रको लागि **आधारभूत स्वास्थ्य, आधारभूत तथा माध्यामिक शिक्षा, सामाजिक सुरक्षा र न्याय, सेवा सुविधाको सहजताका साथै भाषा, कला, साहित्य, संस्कृति, युवा तथा खेलकूदको विकास गरी आधुनिक प्रविधिमा सक्षम जनशक्ति उत्पादन हुने** उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष्य/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ ।

**तालिका १७: सामाजिक विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण)**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १५ देखि ६० वर्षसम्मका साक्षर जनसंख्या | प्रतिशत | ८३.३७ | ८४ | ८५ | ८७ | ९० | ९५ |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ० | २० | ४० | ८० | १२० | १६० |
| उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ६० | ७५ | ९० | १०० | १२० | १४० |
| ३० मिनेटभित्र स्वास्थ्य सेवामा पहुँच (गाउँघर क्लिनिकको सेवा समेत) भएका घरधुरी | संख्या | २२० | २३० | २४० | २५० | २७५ | ३०० |

तालिका १७: सामाजिक विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण)

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औषत समय | मिनेट | १५० | १२० | १०० | ६० | ४० | ३० |
| पाइपप्रणाली वा सुरक्षित खानेपानीको सेवा उपयोग गर्ने जनसंख्या | संख्या | ४१६६ | ४५०० | ५००० | ५२०० | ५५०० | ५७०० |
| सरसफाई सेवा र सुविधा उपलब्ध परिवार | संख्या | ३००० | ३५०० | ४००० | ४७०० | ५००० | ५७०० |
| पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने महिला | प्रतिशत | ५० | ६० | ६५ | ७० | ८० | ९५ |

### ६.४ प्रमुख रणनीतिहरु :

- सामाजिक विकास क्षेत्र अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ। यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त सामाजिक विकाससंग सम्बन्धित नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सामाजिक विकास क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् व्यबस्थापन, लैंगिक सशक्तिकरण जस्ता अन्तर सम्बन्धित विषयहरुलाई सामाजिक विकास अन्तर्गतका सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गरिनेछ ।

### ६.५ विषयगत क्षेत्र अन्तर्गतका विषयगत उपक्षेत्रहरु :

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् : शिक्षा विकास, आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसफाई, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकूद एवं भाषा, साहित्य, कला तथा संस्कृति ।

#### ६.५.१ शिक्षा विकास :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

नगरपालिका क्षेत्रको कुल साक्षरता दर ८३.३७% रहेको छ। विद्यालयमा निरन्तरता दर ७० प्रतिशत रहेको देखिन्छ । कूल ९२ वटा विद्यालयहरुमध्ये २७ वटा विद्यालयहरुमा बालक्लव गठन भएको, सामान्य पूर्वाधारहरु सहित विद्यालयहरु संचालनमा रहेको देखिन्छ ।

**ख) समस्या तथा चुनौति :**

शैक्षिक क्षेत्रमा आधारभूत, माध्यामिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा विविध समस्या र चुनौतिहरु विद्यमान रहेका छन् । अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात मिलेको छैन भने विद्यार्थी संख्या न्यून र भौगोलिक दुरी समेतलाई मध्य नजर गर्दा केही विद्यालयहरु गाभ्नुपर्ने अवस्थामा रहेका छन् । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगतामैत्री र भूकम्प प्रतिरोधी पुर्वाधारको व्यवस्था नभएका कारण बालमैत्री विद्यालय हुन सकेको छैन । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षक र सुचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परेको देखिन्छ ।

**ग) उद्धेश्य :**

साधारण, प्राविधिक र संस्कृत शिक्षामा सहभागिता र पहुँचमा वृद्धि, प्रविधियुक्त गुणस्तरीय शिक्षा एवं उच्च शिक्षामा लक्षित क्षेत्र, वर्ग र समुदायको पहुँच वृद्धि भएको हुनेछ ।

### घ) सूचक तथा लक्ष्य परिमाण :

तालिका १८ : शिक्षा विकास : सूचक तथा लक्ष्य परिमाण

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | ४.१८ | ३ | २ | १ | ० | ० |
| विद्यार्थी निरन्तरता दर (१ देखि १०) | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ |
| विद्यार्थी निरन्तरता दर (११ र १२) | प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ५५ |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | संख्या | ० | ५ | १० | १५ | २० | ४५ |
| विद्यालयमा नर्सको व्यवस्था | संख्या | ० | ३ | ५ | ११ | २० | ३३ |
| संस्कृत विद्यालय | संख्या | ० | ० | १ | १ | १ | १ |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | १९.१ | २० | २० | २० | २५ | २५ |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका | विद्यालय | ० | १ | २ | ३ | ८ | ११ |
| प्राविधिक तथा व्यवसायिक विद्यालय | संख्या | ० | ० | १ | १ | १ | १ |
| उच्च शिक्षा क्याम्पस | संख्या | १ | ० | १ | १ | १ | १ |

### ङ) रणनीति :

- प्रारम्भिक बाल विकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा नियमन गरिनेछ ।
- प्रारम्भिक बालविकास शिक्षामा विपन्न, दलित र सिमान्तकृत समुदायका बालबालिकाको पहुँच विस्तार र सुनिश्चित गरिनेछ ।
- शिक्षामा महिला, दलित, आदिवासी जनजाति, अपांगता भएका व्यक्तिको समेत पहुँच सुनिश्चित गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय तथा शिक्षा क्षेत्र दण्ड र द्वन्द रहितका साथसाथै बालमैत्री, अपांगतामैत्री र छात्रामैत्री बनाई विद्यालयमा सबैको पहुँच सुनिश्चित गरिनेछ ।
- विद्यालयहरुमा गुणस्तर अभिवृद्धि तथा पाठ्यसामाग्रीको वितरण र आवश्यक प्रविधिको विस्तार गरिनेछ ।
- संस्कृत, प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा, तालिम एवं विशेष शिक्षाको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ ।
- शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अभिभावकहरुको सचेतना वृद्धि गरिनेछ ।
- उच्च शिक्षा संचालनका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ ।
- उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा आवश्यक शिक्षक कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- विद्यालय शिक्षामा विद्यार्थीको निरन्तरता वृद्धि गर्न दिवा खाजा, निःशुल्क शिक्षा, छात्रवृत्ति लगायतका प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।

### च) प्रमुख कार्यक्रम :

- सर्वसुलभ र गुणस्तरीय बालमैत्री शिक्षा कार्यक्रम (छात्रवृत्ति तथा दिवा खाजा कार्यक्रम, विद्यालय नर्स व्यवस्थापन, विद्यार्थीका लागि स्वास्थ्य परिक्षण र मनोपरामर्शको व्यवस्था, सूचना प्रविधियुक्त कक्षा व्यवस्थापन कार्यक्रम, विज्ञान विविध शैक्षिक कार्यक्रम, शैक्षिक पुरस्कार) ।
- विद्यालय बालमैत्री भौतिक पूर्वाधार विकास कार्यक्रम (क्याम्पस पूर्वाधार विकास, छात्रामैत्री शौचालय) ।
- संस्कृत, प्राविधिक व्यवसायिक र विशेष शिक्षा कार्यक्रम ।
- शिक्षक तथा विद्यालय व्यवस्थापन समिति क्षमता विकास कार्यक्रम ।
- नगर शिक्षक व्यवस्थापन ।

### ६.५.२ आधारभूत स्वास्थ्य :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

यस नगरपालिका क्षेत्रमा ११ वटा स्वास्थ्य चौकीबाट आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुँदै आईरहेको छ । नगरपालिकामा ११ वटा वर्थिङ सेन्टर भएको, १२८ जना महिला स्वास्थ्य स्वयंसेविका क्रियाशील रहेको, प्रत्येक स्वस्थ्य संस्थासँग सडकको पहुँच भएको, पोषण कार्यक्रम संचालन भैरहेको, २५ शैयाको अस्पताल संचालनमा रहेको छ । यसैगरी नगरपालिका पूर्ण संस्थागत सुत्केरी एवं पूर्ण गर्भवती जाँच नगरपालिका घोषणा भएको छ । प्रत्येक स्वास्थ्य संस्थामा ल्याव सेवा विस्तार भएको, आयुर्वेद औषाधालय संचालनमा रहेको छ । यस क्षेत्रमा स्वास्थ्य र पोषण सम्बन्धी क्षेत्रमा क्रियाशिल गैससले महत्वपुर्ण सहयोग पुऱ्याउँदै आएको छ । स्वास्थ्य तथा पोषणको क्षेत्रमा जनचेतनामा वृद्धि हुँदै गएको देखिन्छ ।

**ख) समस्या तथा चुनौति :**

महिला तथा बालबालिकामा कुपोषणको चक्र निरन्तर चलिरहेको, वाल कुपोषणको दर २.१५ प्रतिशत रहेको, ६ ओटा स्वास्थ्य चौकीको महिला र अपांगता मैत्री आफनो भवन नभएको, संस्थागत सुत्केरीको संख्यामा कमी, खोप लगायत गर्भवती जाँच, पोषण शिक्षामा कमी लगायतका समस्या विद्यमान रहेका छन् । अझै पनि नगरपालिका क्षेत्रमा आयोडिनयुक्त नूनको प्रयोग नगर्ने जनसंख्या २० प्रतिशत रहनु, सवै वडा समेट्ने गरी एम्बुलेन्सको व्यवस्था नभएको, गर्भवती, गर्भवतीको श्रीमान, सासुमा गर्भवती जाँचको महत्वको बुझाईमा कमी, ल्याव सामाग्रीको अभाव, दक्ष जनशक्तिको अपर्याप्तता एवं स्वास्थ्य संस्था/भवनको अपर्याप्तता र स्वास्थ्य सुविधा विस्तार हुन नसक्नु प्रमुख समस्याको रुपमा रहेका छन् ।

**ग) उद्धेश्य :**

आधारभूत स्वास्थ्य सेवा तथा सुविधाको उपलब्धता तथा गुणस्तरमा अभिवृद्धि भएको हुने ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

तालिका १९ : आधारभूत स्वास्थ्य : सूचक तथा लक्ष्य परिमाण

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने जनसंख्या | संख्या | २००० | २५०० | ३००० | ३५०० | ३५०० | ३५०० |
| २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | ६.२५ | ५ | ४ | ३ | २ | १ |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ५५ | ६० | ७० | ७५ | ८० | ९० |
| भाडापखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | २८५ | २५० | २२५ | २०० | १५० | ९८ |
| स्वाशप्रश्वासको संक्रमण (ARI) ( प्रति हजारमा) | संख्या | ३२० | ३०० | २५० | २२० | १८० | १०० |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | जना | ७२ | ७३ | ७३ | ७३ | ७३ | ७३ |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| सबै खोप लिएका बालबालिका | प्रतिशत | ८५ | ८५ | ९० | ९५ | १०० | १०० |
| परिवार नियोजनका साधनको प्रयोगदर | प्रतिशत | २२ | २५ | ३५ | ४० | ५० | ६० |
| स्वास्थ्य विमा गर्ने परिवार | प्रतिशत | ० | २० | ३० | ४० | ५० | ६० |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | जना | ० | २० | ५० | १०० | १५० | २०० |
| स्वास्थ्य शिविर पटक | जना | २ | ३ | ४ | ४ | ५ | ६ |
| मासिक रुपमा फलोअपमा आएका विरामी | संख्या | ८०० | ९०० | १००० | १००० | १००० | १३०० |
| स्वास्थ्य संस्थामा उपलब्ध न्यूनतम | प्रकार | १३ | १५ | १८ | १८ | २० | २० |

| तालिका १९ : आधारभूत स्वास्थ्य : सूचक तथा लक्ष्य परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| सेवा सुविधा | | | | | | | |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | १२८ | १२८ | १२८ | १२८ | १२८ | १२८ |
| आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | १०० |
| धुवारहित चुल्हो वा वैकल्पिक इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ४.६१ | १० | १५ | २० | २५ | ३० |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदी) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ४ | ६ | ७ | ८ | १० | ११ |

**ङ) रणनीति :**

- आधारभूत स्वास्थ्य तथा पोषण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयनतथा नियमन गरिनेछ र यसैसँग सम्बन्धित सेवाको सञ्चालन र प्रवर्द्धन गरिनेछ ।
- सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गरिनेछ ।
- नगरपालिका भित्र २५ सैयाको सुविधा सम्पन्न अस्पताल स्थापनाको लागी आवश्यकता र आधारमा स्थान छनौट गरिनेछ ।
- गुणस्तरीय र सुरक्षित प्रसूति सेवा प्रदान गर्न प्रत्येक वडामा २४ घण्टे प्रसूति सेवा केन्द्र स्थापना भईसकेकोले आवश्यक व्यवस्थापन गरिनेछ ।
- नगरपालिकाको प्रत्येक वडालाई पूर्ण गर्भ जाँच वडा सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ ।
- महिलाहरूको प्रजनन् अधिकार सुनिश्चित गर्न गर्भपतन सेवालाई प्रभावकारी तथा गुणस्तरीयता कायम गरिनेछ ।
- महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन गरिनेछ ।
- पाठेघर खसेका महिलाहरूको उपचारको लागि नगरपालिकाबाट आर्थिक सहयोगलाई निरन्तरता प्रदान गरिनेछ।
- घरेलु हिंसाबाट पिडित महिलाहरुको व्यवस्थापन तथा आवश्यकता सम्बोधन गर्न एकद्वार संकट व्यवस्थापन केन्द्र तथा सेवाकेन्द्र सुचारु तथा व्यवस्थापन गरिनेछ ।
- महिनावारी स्वास्थ्य, यसको व्यवस्थापन कार्यकम र महिनावारीसँग सम्बन्धित अन्धविश्वासका विरुद्ध जनचेतना अभिवृद्धि गरिनेछ ।
- गाउँघर क्लिनिक मार्फत नगरपालिकाका कुना कुना सम्म स्वास्थ्य सेवा विस्तार गरिनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवालाई मूलमन्त्र वनाउँदै ल्याव सेवा लाई क्रमशः प्रत्येक वडामा विस्तार गरिनेछ ।
- सानो सुखि परिवार सम्मुन्नत जीवनको आधार नारालाई आत्मसात गर्दै परिवार नियोजन घुम्ति शिविर संचालन गरिनेछ ।
- पूर्णखोप कार्यक्रमलाई निरन्तरता दिन वाह्य खोप क्लिनिक भवन निर्माण गरिनेछ ।
- विरामीहरूको उपचारार्थ सहयोगको लागि एम्बुलेन्सको खरिद गरिनेछ र यातायातको सुविधा पुगेका वडाहरूमा क्रमशः एम्वुलेन्स सेवाको निम्ति दातृ संस्थाहरूसंग माग गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानीय र पर्यटकका लागि आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा रक्तसञ्चार सेवा सञ्चालन गरिनेछ ।
- अनधिकृत औषधी विक्री वितरण गर्ने कार्यलाई नियमन गरिनेछ ।
- शहरी स्वास्थ्य इकाईहरू क्रमशः विस्तार गरिनेछ ।
- नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको विस्तार गरिनेछ ।
- जेष्ठ नागरिक वृद्ध वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरूको लागी स्वास्थ्य संस्थाहरूमा क्रमशः अपाङ्गता मैत्री वातावरण निर्माण गरिनेछ ।
- राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत तथा नराम्रो काम गर्नेलाई दण्डको व्यवस्था गरिनेछ ।

- महिला स्वास्थ्य स्वयं सेविकाहरूको सेवालाई मूल्याङ्कन गरी प्रोत्साहन भत्तामा समय सापेक्ष वृद्धि गरिनेछ ।
- सबै लक्षित वर्गका समुदाय बीच स्वास्थ्य शिक्षा तथा सचेतना संचार वृद्धि गरी गुणस्तरीय आधारभूत स्वास्थ्यको पहुँच सुनिश्चित गरिनेछ ।
- स्थानीय स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन र जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) गरिनेछ ।
- स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडिबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण ।

**च) प्रमुख कार्यक्रम :**

- आधारभूत स्वास्थ्य सेवाको उपलब्धता र पहुँच कार्यक्रम (प्रत्येक वडामा ल्याव सेवा विस्तार, शहरी स्वास्थ्य केन्द्र विस्तार, नगरस्तरीय एम्बुलेन्स सचालन तथा व्यवस्थापन, घुम्ती स्वास्थ्य शिविर संचालन, कुपोषणमुक्त नगरपालिका अभियान कार्यक्रम, बाह्य खोप क्लिनिक भवन निर्माण, अत्यावश्यक औषधी तथा उपकरण खरीद) ।
- जडिबुटी प्रशोधन केन्द्र संचालन ।
- पंचकर्म सेवा विस्तार तथा व्यवस्थापन ।
- नगर आयुर्वेद अस्पताल निर्माण ।
- प्रजनन् तथा यौनिक स्वास्थ्य कार्यक्रम (किशोरी लक्षित कार्यक्रम, महिनावारी स्वास्थ्य सम्बन्धित कार्यक्रम)
- परिवार नियोजन तथा सुरक्षित मातृत्व कार्यक्रम (गर्भवती, सुत्केरी, नवजात शिशु, बालबालिका लक्षित कार्यक्रम) ।
- पर्यटक स्वास्थ्य सेवा कार्यक्रम ।

### ६.५.३ खानेपानी तथा सरसफाई :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

खानेपानी र सरसफाईका क्षेत्रमा यस नगरपालिकामा केही वर्षयता उल्लेखनीय सुधार भएको देखिएको छ । करिव ७४ प्रतिशत घरमा खानेपानीका लागि धाराको पानी उपयोग हुने गरेको छ । यस क्षेत्रमा सबै बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच वृद्धि गर्न एक घर एक धारा अभियान कार्यान्वयनमा रहेको छ । हाल सम्ममा करिब ९५ प्रतिशत घरमा प्यान भएको सौचालय निर्माण भइसकेको देखिन्छ । नगरपालिका खुला दिसा मुक्त क्षेत्र घोषणा भइ सकेकोले पूर्ण सरसफाईका अभ्यासहरु हुँदै आईरहेका छन् । धुवाँरहित चुलो निर्माण र उपयोग गर्ने घरपरिवार पनि उल्लेखनीय रहेको छ । यसैगरी फोहोरको संकलनको नियमित व्यवस्था समेत कार्यान्वयनमा रहेको छ ।

**ख) समस्या तथा चुनौति :**

नगरपालिकामा खानेपानीको श्रोत तथा निर्मित भौतिक पूर्वाधारको संरक्षणको अभाव रहेको देखिन्छ । खानेपानीको मुहान टाढा हुँदा पानी संकलन कार्यमा महिलाको कार्यबोझ वढेको देखिन्छ । अझै पनि नगरपालिकामा ३०५ घरमा चर्पी निर्माण नभएको, निर्माण भएका ५३१० पनि पानीको अभावले पूर्ण प्रयोगमा आउन नसक्नु मूख्य समस्याको रुपमा रहेको छ । उपयुक्त ल्यान्डफिल्डको व्यवस्था नभएको एवं कुहिने र नकुहिने फोहोरको उचित व्यवस्थापन हुन सकेको छैन ।

**ग) उद्धेश्य :**

एक घर एक धाराको व्यवस्था सहित खानेपानी तथा पूर्ण सरसफाई उन्मुख सेवा सुविधाको उपलब्धता र गुणस्तरमा वृद्धि गरिनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका २० : खानेपानी तथा सरसफाई : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| निजी धारा उपलब्ध घर परिवार | संख्या | १००० | १००० | १५०० | २००० | ३००० | ४००० |
| पाइपलाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | २५०० | २५०० | ३५०० | ४००० | ४५०० | ५५०० |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | संख्या | ४१६६ | ४५०० | ४८०० | ५१०० | ५३०० | ५७०० |
| स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | संख्या | ५३१० | ५५०० | ५५०० | ५५०० | ५६०० | ५७०० |

| तालिका २० : खानेपानी तथा सरसफाई : सूचक तथा लक्ष्य परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| सार्वजनिक शौचालय | संख्या | २ | ५ | १० | १५ | १८ | २० |
| जोखिमयुक्त अवस्थामा साबुनपानीले हात धुने | जनसंख्या | १००० | १००० | १५०० | २००० | २५०० | ३००० |
| फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | ४०० | ५०० | ८०० | १००० | १५०० | २००० |
| सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | ३५ | ३८ | ३९ | ३९ | ४० | ४३ |
| सार्वजनिक संघ संस्थामा खानेपानीको संख्या | संख्या | ५० | ७५ | ९० | १०५ | १५० | १७५ |
| भाडाकुँडा राख्ने चाङ्ग निर्माण | संख्या | ५०० | १५०० | २५०० | ३५०० | ५००० | ५७००० |
| घुम्ति शौचालय | संख्या | ० | ० | १ | १ | २ | २ |
| फोहर व्यवस्थापनमा टोकरी प्रयोग गर्ने घरपरिवार | संख्या | ४०० | १००० | २५०० | ३४०० | ४५०० | ५७०० |
| खानेपानी प्रयोगपछि सिंचाईमा पुन प्रयोग गर्ने परिवार | संख्या | ० | ५०० | ७०० | १००० | २००० | ३००० |

**ङ) रणनीति :**

- स्थानीय खानेपानी तथा सरसफाई सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन गरिनेछ ।
- वृक्षारोपण, तारबार र सरसफाई गरी खानेपानी श्रोतको संरक्षण गरिनेछ ।
- खानेपानी सुविधा पुग्न नसकेको बस्तीलाई प्राथमिकिकरण गरी योजना विस्तार गरिनेछ ।
- खानेपानी आपूर्तिका लागि आवश्यक पूर्वाधार निर्माण गरी पानी ढुवानीका साधनहरुको संख्या विस्तार गरिनेछ ।
- सुख्खा क्षेत्र घोषणा गर्न बाँकी वडाहरुलाई घोषणा गर्न पहल गरिनेछ र सुख्खा क्षेत्रमा खानेपानीको प्रयोगपछिको सिंचाई कार्यमा पुनः प्रयोगलाई प्रोत्साहन दिइनेछ ।
- फोहरमैलाको व्यवस्थापन (सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन) गरिनेछ ।
- नगरका सार्वजनिक क्षेत्रमा घुम्ती शौचालयको निर्माण गरिनेछ ।
- खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुका नेतृत्व तहमा महिला तथा लक्षित वर्गको संलग्नता वृद्धि गरी क्षमता अभिवृद्धि गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- वृहत खानेपानी योजना (खानेपानीको भौतिक पूर्वाधार निर्माण कार्यक्रम, सार्वजनिक संघ संस्थामा खानेपानी व्यवस्था कार्यक्रम) ।
- खानेपानी श्रोत संरक्षण कार्यक्रम ।
- खानेपानी ढुवानी साधन व्यवस्था ।
- उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि कार्यक्रम ।
- सुख्खा क्षेत्रमा पानीको पुनः प्रयोग प्रोत्साहन कार्यक्रम ।
- शौचालय निर्माण कार्यक्रम ।
- फोहरमैला व्यवस्थापन कार्यक्रम ।

### ६.५.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

सामाजिक समावेशीकरण र लक्षित वर्गको हितका सम्बन्धमा कानुनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरुले केही सकारात्मक परिवर्तन भएका छन् । यस क्षेत्रमा लक्षित वर्गमा अधिकार र अवसरका

सम्बन्धमा चेतनाको वृद्धि हुँदै गएको छ । वडास्तरमा लक्षित वर्गको संजालहरु गठन र कृयाशिल रहेका छन् । नगरपालिकास्तरमा महिला तथा बालबालिका शाखा स्थापना भई सकेको छ । महिला समूह समितिमा ५० प्रतिशत आवद्ध रहेको, महिला साक्षरता ७७.७९ प्रतिशत भएको, महिला सहकारी संस्था ३ वटा, विद्यालय भर्ना भएका बालबालिका ९० प्रतिशत भन्दा माथि भएको, बालविबाह मुक्त नगर बनाउन सम्भव रहेको, महिलाको राजनैतिक आर्थिक, सामाजिक, सांस्कृतिक आदि तहमा महिला सहभागी बढ्दो रहेको, किशोर किशोरी शिक्षा तुलनात्मक रुपमा वृद्धि हुँदै गरेको, ३८ वटा बाल क्लव गठन भएको छ ।

**ख) समस्या तथा चुनौति :**

महिला समूह तथा समितिहरुमा सबै महिला आवद्ध नभएको, विद्यालय वीचमा नै छोड्ने, बालमैत्री विद्यालय नभएको, महिलाहरुमा व्यवसायिक सीप तथा तालिम, नेतृत्वको अभाव तथा विशेष शिक्षा प्रणालीको अभाव रहेको देखिन्छ । सक्रिय रुपमा बालक्लवको संचालन र परिचालन नभएको तथा बालअधिकारको पर्याप्त जानकारी बालबालिकामा नभएको अवस्था विद्यमान छ । जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनको अभावजस्ता महत्वपूर्ण सुविधाको व्यवस्था हुन सकिरहेको छैन । महिला हिंसा, यौन दुर्व्यवहार, बहुविवाह, बाल विवाह जस्ता घटनाहरु समाजमा कायम नै रहे पनि उजूरी नहुने कारणले पर्याप्त तथ्याङ्क उपलब्ध हुन सकिरहेको छैन ।

**ग) उद्धेश्य :**

विपन्न तथा लक्षित वर्गको क्षमता, सहभागिता र आधारभूत सेवा तथा सुविधाको पहुँचमा अभिवृद्धि भएको हुने ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका २१ : लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| विभिन्न समितिमा महिलाको सहभागिता | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ५० |
| संयन्त्रहरुमा महिला नेतृत्व | प्रतिशत | ३० | ३५ | ४० | ५० | ५० | ५० |
| सक्रिय महिला सहकारी | संख्या | ३ | ४ | ५ | ७ | ८ | ११ |
| सुरक्षित आवास (हिंसा पिडीत, जेष्ठ नागरिक) | संख्या | ० | ० | ० | १ | १ | १ |
| वाल विवाह | संख्या | २८५ | २५० | २०० | १८० | १०० | ९० |
| दिवा सेवा केन्द्र | संख्या | ० | १ | ३ | ६ | ८ | ११ |
| परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्ग) समिति, संयन्त्र तथा संजाल | संख्या | ३५ | ४० | ४५ | ५० | ५० | ५० |
| लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना (बार्षिक) | संख्या | २५ | २० | १५ | १० | ५ | ५ |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ० | ५ | १० | १५ | २० | २५ |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | २० | ४० | ६० | १०० | १५० | २०० |
| उद्दार, उपचार र सहयोग प्राप्त गर्ने हिंसाजन्य घटना पीडित | संख्या | १ | २ | ३ | ५ | ८ | १० |
| सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | २३३० | २४०० | २५०० | २५५० | २६०० | २६७० |
| घर व्यवहार तथा कारोबारसम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | प्रतिशत | १० | १५ | २५ | ३५ | ४५ | ५० |

**ङ) रणनीति :**

- सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान गरिनेछ ।
- लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यकम, श्रोत परिचालन र व्यवस्थापन गरिनेछ ।
- सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन गरी सामाजिक सुरक्षा योजना तर्जुमा र व्यवस्थापन गरिनेछ ।
- सङ्घ र प्रदेश कानुनको अधिनमा रही सामाजिक सुरक्षा कार्यकमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन गरिनेछ र सामाजिक सुरक्षाको कार्यन्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय संघ संस्था सँग सम्पर्क, समन्वय र सहकार्य गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणलाई थप व्यवस्थित गर्न वैज्ञानिक रूपमा लागत अध्यावधिक गर्दै वैंकिङ क्षेत्रमा बैक प्रणालिबाट नभएको स्थानमा घर घरमा वितरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान गरिनेछ ।
- नगरपालिका भित्र हुने नीति निर्माण, निर्णय प्रकृया र विकासका सबै गतिविधीमा सबै लक्षित वर्गको अनिवार्य प्रतिनिधित्व र सहभागिता वृद्धि गरिनेछ ।
- महिला विरूद्धको लैङ्गिक तथा घरेलु हिंसा, महिला हकहित संरक्षण तथा सीप विकास कार्यक्रम, मनोसामाजिक विमर्श कार्यक्रम, गृहिणी महिलाको लागि वातावरण मैत्री सचेतना कार्यक्रम जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- हिंसा पिडीत, सुरक्षित आवास घर निर्माण एवं संचालन गरिनेछ ।
- सार्वजनिक स्थलमा र कार्यस्थलमा हुने यौन हिंसा न्यूनीकरणको लागि कानुन कडाईका साथ लागू गरिनेछ र अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- ५० वर्ष मुनिका एकल महिलाहरूलाई आयआर्जन तथा शिप विकास तालिमको व्यवस्था गरिनेछ ।
- एकल महिलाहरुलाई जीविकोपार्जन गर्न उपयोगी विभिन्न कार्यकम आयोजना गरिनेछ र एकल महिला कोषलाई निरन्तरता प्रदान गरिनेछ ।
- महिला सशक्तिकरण, शिक्षामा महिलाको पहुँच, महिला हिंसा अन्त्य, अन्ध विश्वास रुढीवादी प्रथाका विरुद्धमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला र पुरुष सम विकास तालिम र आधारभूत तालिम, अनुशिक्षण दिइनेछ ।
- कम्तीमा ४ वटा वडामा महिला विकास सहकारी संस्था स्थापना गरिनेछ र महिलालाई सहकारी संस्थामा आवद्ध गरिनेछ ।
- आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गरिनेछ ।
- नगरस्तरीय आदिवासी जनजाति समन्वय समिति, महिला समन्वय समिति, दलित समन्वय समिति, अपाङ्गता समन्वय समिति, एकल महिला समन्वय समिति तथा बाल क्लव समन्वय समिति को गठन गरि उपयुक्त कार्यक्रमहरू संचालन गरिनेछ ।
- नगरपालिकामा बालमैत्री स्थानीय शासन लागू गर्नका लागि बालश्रम उन्मुलन, बाल विवाह, बाल हिंसा उन्मुलन तथा बाल अधिकार संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिकाहरूको मनोरन्जनको लागि बाल उद्यान (चिल्ड्रेन पार्क) को निर्माण गरिनेछ ।
- बालबालिकालाई कुनै पनि बालश्रम तथा अपहरण हुन नदीन जनचेतना अभिवृद्दि गरिनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम आयोजना गर्नका साथै ज्येष्ठ नागरिक सामूदायिक भवन निर्माण स्थापना गरिनेछ ।
- दलित तथा अपाङ्गता भएका व्यक्तिहरूलाई विविध विषयमा सीपमूलक तालिमको व्यवस्था गरी क्षमता विकास गरिनेछ ।
- ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई लाई परिचयपत्र वितरण गरि सार्वजनिक यातायात र सरकारी अस्पतालमा ५० प्रतिशत भन्दा माथी छुटको सहुलियत प्रदानमा गरिनेछ ।
- लक्षित वर्ग लक्षित आयमूलक, सीपमूलक, रोजगारमूलक र कार्यमूलक तालिम व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ ।

- लक्षित वर्ग तथा सामाजिक समावेशिकरणतर्फ सामाजिक परिचालनको माध्यमद्वारा लक्षित समूहलाई सशक्तीकरण गरि नगरपालिकामा मागमा आधारित कार्यक्रम तयार गरी अझ प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- महिला हिंसा विरूद्ध र मानव अधिकारसँग सम्बन्धित विभिन्न दिवसहरुमा कार्यक्रम सञ्चालन गरिनेछ ( २५ नोभेम्वर देखि १० डिसेम्वर सम्मको १६ दिइनेछ हिंसा विरूद्धको अभियान, राष्ट्रिय र अन्तराष्ट्रिय महिला दिवस आदी) ।
- जिल्ला समन्वय समिति, स्थानीय विकास कोष अन्तरगत साविकका गा.वि.स.हरुमा गठित सामुदायिक विकास कोष (गाउँ विकास कार्यक्रम) लाई एकिकृत गरी एकल सामुदायिक विकास कोषको रुपमा कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- महिला हिंसा अन्त्य कार्यकम (घरेलु हिंसा तथा यौनजन्य हिंसा न्यूनीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम, हिंसापिडीत महिला तथा वालवालिकालाई आर्थिक सहयोग कार्यक्रम, सुरक्षित आवास निर्माण, महिला हिंसा पीडित राहत कोष) ।
- महिला लक्षित नेतृत्व विकास तथा क्षमता अभिवृद्धि कायक्रम (महिला सहकारी संस्था स्थापना तथा संचालन, महिला सामुदायिक भवन निर्माण, आयआर्जनमूलक सीप विकास कार्यकम, विपन्न महिला व्यवसायिक सीप विकास टेवा कार्यक्रम) ।
- एकल महिला आयआर्जन प्रवर्द्धन कार्यक्रम ।
- दलित, जनजाति तथा अल्पसंख्यक लक्षित क्षमता विकास कार्यकम (जातिय विभेद विरुद्धको कार्यकम, जातिय विभेद निगरानी समूह गठन र केन्द्र व्यवस्थापन) ।
- अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा, पुनःर्स्थापना, सशक्तिकरण कार्यकम ।
- जेष्ठ नागरिकको सामाजिक सुरक्षा तथा सम्मान कार्यक्रम (नगर तथा वडास्तरीय दिवा सेवा केन्द्र स्थापना तथा संचालन) ।
- बालमैत्री पालिका घोषणा (बालमैत्री स्थानीय शासन लागू गर्ने, वालविवाह न्यूनीकरण अभियान कार्यक्रम, चिल्ड्रेन पार्क निर्माण गर्ने) ।
- किशोर किशोरी र महिलालाई यौन शिक्षा एवं किशोरीहरुका लागि घरेलु प्याड प्रयोग सम्बन्धी शिक्षा कार्यक्रम ।
- लक्षित वर्ग सचेतना सम्बन्धी दिवस तथा कार्यक्रम संचालन ।

### ६.५.५ युवा तथा खेलकूद :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

खेलकुदको क्षेत्रमा यस नगरपालिकामा सामान्य गतिविधिहरु भइरहने गर्दछ । खेलकुदको अभ्यासका लागि सामान्य खालका १२ वटा खेल मैदान रहेका छन् । यस क्षेत्रमा ३५ वटा युवा क्लबहरु रहेका छन् । युवाको बैदेशिक रोजगारीको आकर्षण आय आर्जनको महत्वपूर्ण आधार बनेको छ ।

**ख) समस्या तथा चुनौति :**

यस क्षेत्रमा खेलकुदमा प्रोत्साहनको कमी रहेको छ । पर्याप्त खेल प्रशिक्षकको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने कार्य नगरिने प्रचलन र नियमित खेल आयोजना नहुने कारणले खेलकुदको विकासमा सकारात्मक प्रभाव परेको छैन । स्थानीयस्तरमा रोजगार हुनु भन्दा वाह्य रोजगारीमा आकर्षण बढी हुनु, स्वरोजगारका अवसरमा कमीका कारण युवा विदेश पलायन भइरहेका छन् । युवा वेरोजगारीको समस्या यस क्षेत्रमा विद्यमान रहेको देखिन्छ ।

**ग) उद्धेश्य :**

सु-संस्कृत, सिर्जनशील र व्यवसायिक युवाशक्तिको विकासका लागि आवश्यकय व्यवस्थापनमा वृद्धि भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका २३ : युवा तथा खेलकूद : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०७५/७६ सम्म | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| वैदेशिक रोजगारीमा गएका युवा | संख्या | १५५० | १५०० | १४०० | १३०० | १२०० | १००० |
| युवा संलग्न स्थानीय संरचना वा संयन्त्र | संख्या | | २ | २ | ३ | ३ | ४ |

| तालिका २३ : युवा तथा खेलकूद : सूचक तथा लक्ष्य परिमाण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | इकाई | आधाररेखा | लक्ष्य (सम्मको अवस्था) | | | | | |
| | | ०७५/७६ सम्म | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | ५० | १०० | १५० | २०० | ३०० | ५५० |
| कवर्डहल तथा खेलकुद मैदान | संख्या | १ | २ | ५ | ८ | १० | ११ |
| नगरपालिकामा संचालित खेलकुद प्रतियोगिता (वार्षिक) | संख्या | | १ | २ | २ | ३ | ३ |
| प्रदेश तथा राष्ट्रिय स्तर खेलाडी | संख्या | | २ | ३ | ४ | ५ | ६ |

**ङ) रणनीति :**

- युवा लक्षित उद्यम, व्यवसाय तथा स्वरोजगार सहयोग कार्यक्रम संचालन गरिनेछ ।
- युवा क्लब गठन र परिचालन गरी युवा सृजना, सामाजिक जागरण, सामाजिक परिचालन तथा विकासका कार्य संचालन गरिनेछ ।
- युवाहरुको सशक्तिकरण र विकासका लागि समान अवसरको वातावरण सृजना गरिनेछ ।
- स्थानीयस्तरको खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन, विकास र समयानुकूल परिमार्जन र संस्थागत विकास गरिनेछ ।
- खेल प्रतिभाहरुको पहिचान गरी खेलाडीलाई विशेष प्रशिक्षण तथा प्रोत्साहन गरिनेछ ।
- खेलकुदमा महिला सहभागिता बढाउन उचित वातावरण सृजना गरिनेछ ।
- खेल संस्कृतिको विकासको लागि विद्यालयस्तरबाटै विविध खेलकूद संचालन गर्न पहल गरिनेछ ।
- स्थानीयस्तरका खेलकूद प्रशासन तथा संघसंस्थाको नियमन गर्दै समन्वय गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- युवा स्वरोजगार कार्यक्रम ।
- युवा क्लव सञ्जाल र संस्थाका लागि अभिमुखीकरण ।
- युवा सूचना तथा परामर्श केन्द्र ।
- खेल मैदान निर्माण ।
- अन्तर्राष्ट्रियस्तरको कवर्ड हल निर्माण ।
- खेलाडी प्रशिक्षण तथा खेलकुद सामाग्री वितरण कार्यक्रम ।

### ६.५.६ भाषा, साहित्य, कला र संस्कृति :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

यो नगरपालिका बहुभाषिक, बहुसांस्कृतिक, बहुजातिको उपस्थिति एवं उच्च धार्मिक सहिष्णुता कायम रहेको क्षेत्रको रुपमा परिचित छ । यस क्षेत्रमा गायन, नृत्य, साहित्य, बाद्यबादन, अभिनयमा संलग्न कलाकर्मीहरुको उपस्थिति रहेको एवं उल्लेखित विधामा राष्ट्रिय पहिचान समेत बनाएका कलाकारहरुको उपस्थिति रहेको छ । संस्थागत तथा निजी गरी उल्लेख्य संख्यामा बाद्यबादनतर्फका कलाकारहरु समेत यस नगरपालिकामा रहेका छन् । यसैगरी विभिन्न भाषिकाहरु नेपाली, चाम्लिङ, वाम्बुले, मगर, किराँत, तामाङ, नेपाल भाषा, मैथिली तथा अन्य बोलिचालिमा रहेका छन् । चाडपर्वहरुमा बुद्ध जयन्ती, गाइजात्रा, तीज, दशैं तिहार, माघे सक्रान्ती, उद्यौली, उभौंली, फागु पुर्णिमा, रामनवमी र क्रिसमश मनाईने गरेको छ । लोक नृत्यहरु मारुनी, साकेला, देवाली, संगीनी, बालन आदि अस्तित्वमा रहेका छन् ।

**ख) समस्या तथा चुनौति :**

परम्परागत बाजागाजाको खोजी र संरक्षण नभएको, कला साहित्यतर्फ महिला एवं बालबालिकाहरु उत्सुक रहे पनि घर परिवारमा वातावरण नहुनु, भाषा जगेर्ना एवं संवर्द्धन नहुनु, केही भाषा लोप हुँदै गएको, पश्चिमी संस्कृतिको प्रभाव ज्यादा हुनु, स्थानीय संस्कृतिको जगेर्नाका लागि मूख्य चुनौतीका रुपमा रहेका छन् । यसैगरी ऐतिहासिक गढी, पुरातात्विक स्थल, गुफा, किरात उद्गम स्थलहरुको संरक्षण नभएको, परम्परागत सिपको संरक्षण नभएको एवं महिला बालबालिका जेष्ठ एवं घरका परिवारमा मातृभाषामा कुराकानी नगर्नु भाषा साहित्यको जगेर्नाको प्रमुख समस्याको रुपमा रहेको देखिन्छ ।

**ग) उद्धेश्य :**

स्थानीय भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धन भएको हुनेछ ।

### घ) सूचक तथा लक्ष्य परिमाण :

**तालिका २३ : भाषा, साहित्य, कला र संस्कृति : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| नगरस्तरीय प्रज्ञा प्रतिष्ठान | संख्या | ० | ० | १ | १ | १ | १ |
| संरक्षित कला, सँस्कृति संरक्षण एवं प्रवर्द्धन गर्ने संस्था | संख्या | १ | १ | २ | ३ | ७ | ११ |
| भाषा विद्यालय | संख्या | ० | ० | १ | १ | १ | १ |
| प्रशिक्षण केन्द्र | संख्या | ० | ० | १ | १ | १ | १ |
| स्थानीय कला, संस्कृति, सम्पदा, भाषासाहित्यमा आधारित प्रकाशन | संख्या | ० | ० | १ | १ | १ | २ |

### ङ) रणनीति :

- कला, भाषा, साहित्य, संस्कृतिको संरक्षण तथा विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- ऐतिहासिक स्थल, कला, भाषा, साहित्यको संरक्षण, सम्बर्द्धन गर्न सम्पदाहरुको अनुसन्धान, सूचीकरण, वर्गीकरण तथा प्राथमिकीकरण गरिनेछ र प्रज्ञा प्रतिष्ठानको स्थापना गरिनेछ ।
- स्थानीय भाषामा आधारित विद्यालय स्तरीय पठनपाठन कार्यक्रम संचालन गरिनेछ ।
- गीत, संगीत तथा नृत्य प्रशिक्षण केन्द्रको स्थापना गरिनेछ ।
- प्रचलित कानुन विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य गरिनेछ ।

### च) प्रमुख कार्यक्रम :

- प्रज्ञा प्रतिष्ठान स्थापना ।
- भाषा विद्यालय स्थापना ।
- भाषा, कला तथा संस्कृति सम्बँन्धी गोष्ठी सेमिनार, महोत्सव संचालन ।
- कला प्रशिक्षण केन्द्र स्थापना ।
- सांस्कृतिक संग्रहालय निर्माण ।

# परिच्छेद - ७
# पूर्वाधार विकास

### ७.१ पृष्ठभूमि :

नगरपालिका क्षेत्रको आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ । स्थानीय तहको समग्र विकासलाई अघि बढाउन पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक, परम्परागत गोरेटो बाटो, पक्की तथा झोलुङ्गे पुल, आवास, भवन तथा बस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता क्षेत्रहरु पर्दछन् । नगरपालिकाको सामाजिक, आर्थिक अवस्था र सेवा प्रवाहमा समेत टेवा पुऱ्याउन यस क्षेत्रको संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

### ७.२ वर्तमान अवस्था :

यस नगरपालिकाभित्र जम्मा ६७ किमि सडकमा बाह्रै महिना सवारी साधन चल्न सक्ने अवस्था रहेको छ । करीव २५० किमि धुले सडक, ९ वटा झोलुंगे पुल र २ वटा पक्की पुलले सवारी साधनको आवागमनमा सहजता ल्याएको देखिन्छ । नगरपालिकाभित्र साना ठूला गरी १४ वटा बजार केन्द्रहरु रहेको भएतापनि आवश्यक न्यूनतम बजार पूर्वाधारको विकासमा जोड दिनुपर्ने देखिन्छ । राष्ट्रिय प्रसारण लाईनबाट विद्युत सेवा जोडिएका घरधुरी ४६.६१ प्रतिशत रहेको देखिन्छ भने ४८.१७ प्रतिशत घरधुरीमा सोलार जडान भएको देखिएको छ । संचार क्षेत्रतर्फ ४ वटा टेलिफोन टावर रहेको, १ साप्ताहिक पत्रिकाको नियमित प्रकाशन भएको एवं नगरपालिकाको प्रमुख वजार क्षेत्रमा ईन्टरनेट सुविधाका साथै अधिकांश क्षेत्रमा थ्रीजी सेवाको पहुँच रहेको देखिन्छ ।

### ७.३ पूर्वाधार विकासको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम :

आवधिक योजनाको लक्ष्य हासिल गर्न पूर्वाधार विकास क्षेत्रको लागि **स्थानीय पूर्वाधार तथा संरचना निर्माण, मर्मत संभार, विकास एवं विस्तार भई व्यवस्थित, सुरक्षित र दीगो भएको हुने** उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष्य/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ ।

**तालिका २४: पूर्वाधार विकासको उद्धेश्य सूचक (आधार रेखा तथा आवधिक योजनाको लक्ष्य परिमाण)**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ६७ | ८० | १०० | १२७ | १५० | १९५ |
| स्थानीय बजारमा उपलब्ध एकीकृत सेवा र सुविधाका प्रकार (सरकारले परिभाषा गरेअनुसार) | संख्या | | २ | ३ | ३ | ४ | ५ |
| प्रवर्द्धित तथा व्यवस्थित बजार | संख्या | ० | ५ | १० | १४ | ३० | ४४ |
| सुरक्षित र बसोबास योग्य बस्तीमा बसोबास गर्ने | परिवार | ५०० | १००० | २००० | ३००० | ३११५ | ३११५ |

### ७.४ प्रमुख रणनीतिहरु:

- पूर्वाधार विकास क्षेत्र अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ। यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त पूर्वाधार विकाससंग सम्बन्धित नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने ।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी पूर्वाधार विकास क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् ब्यबस्थापन, जस्ता अन्तर सम्बन्धित विषयहरुलाई सबै उपक्षेत्रमा उपयुक्त रुपमा समावेश र सम्बोधन गरिनेछ ।

### ७.५ यस विषयगत क्षेत्र अन्तर्गतका विषयगत उपक्षेत्रहरु :

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् : सडक, पुल तथा यातायात, आवास, बस्ती विकास, सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन, विद्युत तथा वैकल्पिक उर्जा एवं सूचना तथा संचार प्रविधि ।

### ७.५.१ सडक, पुल तथा यातायात :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

यस नगरपालिकाभित्र मध्यपहाडी लोकमार्ग (५२ कि.मि), सगरमाथा राजमार्ग (१५ कि.मि.), स्थानीय ग्रामीण सडक-२५० कि.मि., मोटोरेबल पुल - २ वटा, झोलुंगे पुल - ९ वटा रहेका छन् । नगरपालिकाभित्र चल्ने सवारी साधनमा हलुका सवारी साधन (साइकल, मोटरसाइकल, कार, भेन)- ३३० वटा मध्यम खालका सवारी साधन (बस ,ट्रक ) -१२ वटा र Excavator and Tractor - १२ वटा रहेका छन् । हाल १ वटा अस्थाई बसपार्क संचालनमा रहेको छ भने स्थाई बसपार्क निर्माणको चरणमा रहेको छ ।

**ख) समस्या तथा चुनौति :**

यस क्षेत्रमा सडक अधिकार क्षेत्र ५० मिटर तथा सेट ब्याक सहित ६२ मिटर हुनाले बस्ती विकासमा समस्या भएको देखिन्छ । १२ महिना नै सवारी संचालनमा कठिनाई एवं drain, causway, culvert, retaining wall लगायतका संरचना ज्यादै न्यून हुनु, मापदण्डको कार्यान्वयनमा चुनौती, मोटोरेबल पुल अपर्याप्त हुनु, झोलुंगे पुल अपर्याप्त हुनु एवं नियमित मर्मत सम्भार नहुनु, छोटो दुरीमा यातायात संचालन नहुनु, भाडा दर एकरुपता नहुनु एवं पेट्रोल पम्प संचालन नहुनु यातायात क्षेत्रको प्रमुख समस्याको रुपमा रहेका छन् ।

**ग) उद्धेश्य :**

बजार, सडक, यातायात एवं सहयोगी पूर्वाधारको विकास, विस्तार, विपद् जोखिम न्यूनीकरण र लैंगिक मैत्रीका साथै गुणस्तरीय एवं सहज हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका २५ : सडक, पुल तथा यातायात : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| यातायात सुचारु अन्तिम विन्दु (केन्द्र | संख्या | २ | २ | ३ | ३ | ३ | ३ |
| कालोपत्रे सडक | किमी | ६७ | ७५ | १०० | ११७ | १५० | १६७ |
| ग्राभेल सडक | किमी | ० | ५० | ७५ | १०० | १५० | २०० |
| धुले सडक | किमी | २५० | २५० | २७५ | ३०० | ४५० | ५५० |
| पक्की पुल (वेली समेत) | संख्या | २ | ३ | ५ | ६ | ७ | ९ |
| सुनकोशी, दुधकोशी तथा सहायक नदीमा झोलुङ्गे पुल | संख्या | ९ | १० | १२ | १४ | १६ | १८ |
| कलात्मक काठे पुलको संरक्षण र मर्मत र निर्माण | संख्या | ० | ० | १ | २ | ३ | ४ |
| यातायात सुचारु सडक लम्बाई | किमी | ६७ | ७५ | १०० | ११७ | १५० | १६७ |
| नगरपालिकामा संचालित ४ पाँग्रे यातायातका साधन | संख्या | ३५ | ५० | ७५ | १०० | १२५ | १५० |
| सडक नालीको लम्बाई | किमी | ६७ | ७५ | १०० | १५० | १५० | २८० |
| नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमी | ० | ७५ | १०० | २०० | ३०० | ३५० |
| वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | किमी | ० | १०० | २०० | ३०० | ३७५ | ४५० |
| पर्यटकीय सडक | संख्या | २ | ३ | ८ | १५ | १५ | १५ |

**ङ) रणनीति :**

- स्थानीय सडक, पुल तथा यातायात (स्थानीय बस, सुमो जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणाली) सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।

- स्थानीय सडक, झोलुङ्गे पूल, पूलेसा सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत संभार र नियमन गरिनेछ ।
- सडक, पुल तथा यातायातको विकास र विस्तार योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिइनेछ ।
- यातायात सुरक्षा व्यवस्थापनका लागि हाइवे तथा पक्की सडकमा वसस्टाण्ड, जेब्रा क्रसिङ, यात्रु प्रतिक्षालय, सार्वजनिक शौचालय र यात्रु सहायता केन्द्र निर्माण गरी नियमन गरिनेछ ।
- महिला, बालबालिका, बिरामी, असहाय, जेष्ठ नागरिक तथा अपाङ्गतामैत्री यातायात सेवा सञ्चालन गरिनेछ ।
- प्राथमिकता अनुसार बार्षिक ३ कि.मि.का दरले १५ कि.मि सडक पिच गरिनेछ र प्राथमिकता अनुसार नयाँ ट्र्याक खोलिनेछ ।
- सडक आयोजनाहरुको विस्तृत प्रतिवेदन (डिपिआर) तयार गरिनेछ ।
- पक्की सडकको नियमित, आवधिक र आकस्मिक मर्मतसंभार गरिनेछ ।
- प्राथमिकता अनुसार बार्षिक १० कि.मि. का दरले ५० कि.मि दरले सडकको सहायक संरचना समेत निर्माण गरिनेछ ।
- आवश्यक स्थानमा पक्की पुल तथा कल्भर्ट निर्माण गरिनेछ ।
- हवाई जहाजको धावनमार्गको पूर्व संभाव्यता अध्ययन गरिनेछ ।
- निजी क्षेत्रलाई सडक तथा यातायात क्षेत्रमा लगानीका लागि प्रोत्साहित गरिनेछ ।
- नगरपालिका प्रवेश विन्दुमा प्रवेशद्वार निर्माण गरिनेछ ।
- नगरक्षेत्रमा रिंग रोडको निर्माण एवं संचालन गरिनेछ ।
- वातावरणमैत्री सडक र पुल निर्माण सुनिश्चित गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- यातायात संचालन कार्यविधि निर्माण ।
- निजी लगानी प्रोत्साहन कार्यक्रम ।
- हवाई जहाजको धावनमार्गको पूर्व संभाव्यता अध्ययन ।
- सडक एवं सहायक संरचना निर्माण ।
- नगर यातायात गुरु योजना तर्जुमा ।
- नगरक्षेत्रमा रिंग रोडको निर्माण एवं संचालन ।

### ७.५.२ आवास, बस्ती विकास, सार्वजनिक निर्माण तथा वजार व्यवस्थापन :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

हलेसी तुवाचुङ नगरपालिकाकाको नगर विकास योजनाबाट सबै सडक पूर्वाधारहरु, विद्युत विकास, औद्योगिक क्षेत्र स्थापना, खुला स्थान, पर्यटन क्षेत्रको मापदण्ड तयार गरी व्यवस्थित शहरी विकासको सम्भावना रहेको देखिन्छ । नगरपालिकाको आफ्नो प्रशासनिक भवन निर्माणको चरणमा रहेको, वडा नं. २ र ८ कार्यालय भाडामा रहेको र बाँकी वडाहरुको आफ्नै भवन रहेको देखिन्छ । आफ्नै घरमा बसोबास गर्ने नगरवासी ९७ प्रतिशत भन्दा बढी रहेको देखिन्छ । नगरपालिकामा भूकम्प प्रतिरोधी मापदण्ड अनुसार हालसम्म ९० प्रतिशत घरहरु निर्माण सम्पन्न भइसकेको अवस्था छ । नगरपालिकाभित्र १० स्थानमा सार्वजनिक पार्क, पौवा तथा चौताराहरु रहेका छन् । चार स्थानहरुमा सार्वजनिक शौचालय समेत निर्माण भई संचालनमा रहेका छन् ।

**ख) समस्या तथा चुनौति :**

नगरपालिका भित्रका बजार विस्तार हुने क्रममा रहेको छ । भूउपयोग योजना नभएकोले व्यवस्थित रुपमा बस्ती बसाउने कार्य हुन सकेको छैन । यसैगरी अव्यवस्थित बसोबासले गर्दा सामान ढुवानीमा कठिनाई तथा पानीको अभावमा निर्माण कार्यमा कठिनाई हुने गरेको छ । अत्यावश्यक भौतिक संरचनाहरु निर्माण नभएका, भएका संरचनाहरु पनि महिलामैत्री, अपाङ्गतामैत्री नभएका, संरचनाहरु निर्माण गर्दा निर्धारित संहिता लागू नहुनु नगरपालिकाका कमजोर पक्षहरु हुन् ।

**ग) उद्धेश्य :**

आवास, बस्ती र सार्वजनिक निर्माण एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

| तालिका २६ : आवास, बस्ती विकास, तथा वजार व्यवस्थापनः सूचक तथा लक्ष्य परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| प्रवर्द्धित तथा सुरक्षित आवास क्षेत्र | संख्या | ० | ० | ३ | ५ | ६ | ७ |
| प्रवर्द्धित तथा सुरक्षित जनता आवास भवन | संख्या | ० | ० | १ | २ | ३ | ४ |
| भूकम्प प्रतिरोधी भवन निर्माण संबन्धी दक्ष व्यक्ति | संख्या | १८५ | ५०० | १००० | १४५० | २००० | २४५० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | | १० | २० | ३० | ५० | ५० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | संख्या | ९५० | ५०० | १२०० | २००० | ३००० | ३४०० |
| आधारभूत पूर्वाधारसहित व्यवस्थित बजार | संख्या | ० | २ | ८ | १४ | २८ | ४४ |

**ङ) रणनीति :**

- सङ्घीय तथा प्रदेश कानुनको अधिनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानुन, मापदण्ड, तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- राष्ट्रिय भवन निर्माण आचार संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति दिइनेछ र अनुगमन र नियमन गरिनेछ ।
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत संभार तथा सञ्चालन र व्यवस्थापन गरिनेछ ।
- सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यन्वयन, अनुगमन, नियमन र मूल्याङ्कन गरिनेछ ।
- जमीनको उपयोग नीति तर्जुमा गरिनेछ ।
- छरिएर रहेका बस्ती र बजारहरुलाई एकिकृत गरी विकास र व्यवस्थापन योजना तर्जुमा गरिनेछ ।
- सार्वजनिक भवनहरुको निर्माणमा स्थानीय सामग्रीको प्रयोगमा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- पानी निकास नाली, वस स्ट्याण्ड, पाकिङ्ग स्थल, सार्वजनिक शौचालय, हरियाली खुल्लास्थान सहित बजार व्यवस्थित गरिनेछ ।
- एकीकृत सेवा प्रवाहसहितको नगर कार्यपालिका भवन र वडा कार्यालय भवनहरु निर्माण गरिनेछ ।
- बस्ती/बस्तीमा पार्क र सुरक्षित खुल्ला क्षेत्र निर्माण गरिनेछ, पार्कसहित बृद्धाश्रम निर्माण गरिनेछ, सामुदायिक भवन सहित सुरक्षित आश्रयस्थल निर्माण गरिनेछ ।
- सार्वजनिक पूर्वाधारको निर्माण गर्दा अपाङ्गतामैत्री बनाइनेछ ।
- आवास, बस्ती विकास र सार्वजनिक निर्माणको विकास र विस्तार योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिइनेछ ।
- व्यवस्थित बजार निर्माण तथा व्यवस्थापनका लागि योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- प्राविधिक, निर्माण व्यवसायी र मेसनको लागि भूकम्प प्रतिरोधी प्रविधि तथा निर्माण सम्बन्धी तालिम प्रदान गरिनेछ र त्यसता सीप विकास तालिममा विपन्न तथा लक्षित वर्गलाई समावेश गरिनेछ नीति अवलम्बन गरिनेछ ।
- नक्शा पास, भूकम्प प्रतिरोधी निर्माण, सडक अधिकार क्षेत्र र मापदण्ड बारे सचेतना कार्यक्रम संचालन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- भवन निर्माण आचार संहिता निर्माण र कार्यान्वयन ।
- भू उपयोग नीति तर्जुमा ।
- एकिकृत बस्ती विकास कार्यक्रम ।
- भूकम्प प्रतिरोधी भवन निर्माणका लागि प्रदान निर्माण सामग्री सहुलियत कार्यक्रम ।

- विकास निर्माणमा आवश्यक सीप विकास कार्यक्रम ।
- स्थायी वसपार्क निर्माण कार्यक्रम ।
- बजार व्यवस्थापन कार्यकम ।
- पार्क निर्माण ।

### ७.५.२ सिंचाई

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

नगरपालिकाको सिमाना भएर वग्ने सुनकोशी र दूधकोशी नदीलाई सिंचाईको श्रोतको रुपमा उपयोग गर्न सकिने सम्भावना रहेको देखिन्छ भने माथिल्लो क्षेत्रमा आकाशेपानीको संकलन तथा व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न सकिन्छ । साथै कम पानी चाहिने बालीहरुको प्रवर्द्धन गर्न सकिन्छ भने भिरालो जग्गामा खेती गर्ने कृषि प्रविधि (Sloping agriculture land technology-SALT) प्रवर्द्धन गर्न सकिन्छ ।

**ख) समस्या तथा चुनौति :**

नगरपालिकाको माथिल्लो भू-भागमा सिंचाईको दीगो श्रोत नहुनु, तल्लो भागमा ठूला नदीहरुमा सिंचाई पूर्वाधारहरुको विकासका निमित्त लागत लाभका दृष्टिकोणले थप प्रष्ट हुनुपर्ने देखिन्छ ।

**ग) उद्धेश्य :**

खेती योग्य जमीनमा पर्याप्त मात्रामा सिंचाइ सेवा उपलब्ध भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका २७ : सिंचाईः सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| १२ है महिना सिंचाई हुने (कुल खेतीयोग्य क्षेत्रको) | प्रतिशत | | २५ | ३० | ३५ | ४० | ५० |
| प्रयोगमा आएका सिचाई प्रविधि ( सतह, पोखरी, ड्रिप, लिफ्ट, आकासे पानी संकलन, प्लाष्टिक पोखरी) | संख्या | ४५९ | ५०० | ५२५ | ५५० | ६०० | ७०९ |
| सुचारु सिंचाई आयोजना | संख्या | ७ | १० | १२ | १५ | २० | २५ |

**ङ) रणनीति :**

- सिंचाई सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- सिंचाई सुविधाबाट वञ्चित क्षेत्रमा बोरिङ्ग, आकासे पानी संकलन, लिफ्ट सिस्टम लगायत अन्य बैकल्पिक सिंचाई प्रविधिको विकास गरिनेछ ।
- भिरालो जग्गामा खेती गर्ने प्रविधि प्रदर्शनी गरिनेछ ।
- कम पानी चाहिने बालीहरुको प्रवर्द्धन गरिनेछ ।
- सिंचाइ योजना निर्माण गर्दा दीगो संचालन तथा उपयोगका लागि क्षेत्रगत, लैङ्गिक, जातीय समानुपातिक प्रतिनिधित्व सहितको उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिइनेछ ।
- उपभोक्ता समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिचाई योजनाहरुको दिगो उपयोगिताका लागि उपभोक्ता समितिको संस्थागत विकास गरिनेछ ।
- मर्मत सम्भार कार्यकर्ताको विकास गरि, उपभोक्ता समितिमा संकलित मर्मतसम्भार कोषबाट पारिश्रमिक सहित परिचालन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- नयाँ सिंचाई आयोजना निर्माण एवं संचालन ।
- संचालित सिंचाई योजना मर्मत तथा व्यवस्थापन कार्यकम (उपभोक्ता समितिमा मर्मतसम्भार कोषको स्थापना, मर्मतसम्भार कार्यकताको क्षमता विकास) ।
- सिंचाई निर्माण, व्यवस्थापन तथा जलउपभोक्ता समितिको संस्थागत विकास (कार्यविधि निर्माण, उपभोक्ता समितिमा मर्मत सम्भार तथा पानी बाँडफाँड नीति तयार) ।

### ७.५.३ विद्युत तथा वैकल्पिक उर्जा :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

यस नगरपालिकामा करीब ४६ प्रतिशत घरहरुमा राष्ट्रिय प्रशारणबाट विजुली उत्पादित विजुलीबाट विद्युतीकरण भएको छ । करीब ४८.१७ प्रतिशत घरधुरीमा सोलार प्यानलबाट विद्युत आपूर्ति गरिएको छ । २६२ घरहरुमा सुधारिएको चुलो सञ्चालनमा ल्याइएको छ भने १०० घरधुरीले सुधारिएको उर्जालाई खाना पकाउने प्रमुख ईन्धनको रुपमा प्रयोग गरेका छन् ।

**ख) समस्या तथा चुनौति :**

नगरपालिका भित्रका विद्युत विस्तार हुने क्रममा रहेको छ । सार्वजनिक संरचना एवं भवनहरुमा पनि विद्युत सेवा उपलव्ध हुन नसकेको, कतिपय प्रमुख बस्तीहरुमा विद्युतीकरण हुन नसकेको, बैकल्पिक उर्जा एवं सुधारिएको चुलोको प्रयोगमा व्यापकता ल्याउन नसकिएको देखिन्छ ।

**ग) उद्धेश्य :**

विद्युत तथा वैकल्पिक ऊर्जाको सर्वसुलभ पहुँच, प्रवर्द्धन, उत्पादन र उपयोग वृद्धि भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका २८ : विद्युत तथा वैकल्पिक उर्जा : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| सोलार प्रणालीसहित विद्युत सेवा पुगेका घरपरिवार | संख्या | २६७६ | ३००० | ३५०० | ४६७५ | ४६७६ | ४६७६ |
| सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने | परिवार | १०० | १००० | ३००० | ४००० | ५००० | ५५१५ |
| सुधारिएको वा धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | २७२ | १००० | १५०० | १७०० | २३०० | २९०० |

**ङ) रणनीति :**

- वैकल्पिक ऊर्जा विकास सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन गरिनेछ ।
- वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दीगोपनामा सहयोग पुग्ने खालका एकिकृत कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- लक्षित र विपन्न वर्गबाट गरिने प्रयासलाई प्राथमिकता दिइनेछ नीति अवलम्बन गरिनेछ ।
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन गरिनेछ ।
- सबै वडामा विद्युत सेवा विस्तार गरिनेछ र हलेसी नगरपालिकामा विद्युत उपशाखाको स्थापना गरिनेछ ।
- जलविद्युत उत्पादन गर्न पूर्व संभाव्यता अध्ययन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- विद्युत विस्तार कार्यक्रम र उज्यालो वडा कार्यक्रम ।
- बैकल्पिक उर्जाको प्रवर्द्धन कार्यक्रम ।
- जलविद्युत उत्पादन गर्न पूर्व संभाव्यता अध्ययन ।

### ७.५.४ सूचना तथा संचार प्रविधि :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

यस नगरपालिकामा टेलिकम सेवाका ४ वटा टावर मार्फत मोबाइल सेवा उपलब्ध रहेको छ । मोबाइल फोन प्रयोग गर्ने जनसंख्या करीब ८७ प्रतिशत रहेको अनुमान गरिएको छ । मोबाइल फोनबाट डाटा प्रयोग गरी इन्टरनेटको प्रयोग गर्ने जनसंख्या करीब ३० प्रतिशत रहेको छ । यस नगरपालिकामा वर्ल्डलिंक कम्पनीबाट इन्टरनेट सेवा उपलब्ध गराइएको छ । वडा नं. ७ महादेवस्थानमा रहेको ईलाका हुलाक कार्यालयबाट सबै वडामा हुलाक सेवा पुगेको देखिन्छ । नगरमा एउटा साप्ताहिक पत्रिका प्रकाशन हुने गरेको छ ।

**ख) समस्या तथा चुनौति :**

मोबाइल फोनको पहुँच सबै वडाको सबै ठाउँमा पुग्न सकेको छैन । अप्टिकल फाइबर सञ्चालनमा नहुँदा टावर बेसमा उपलब्ध गराइएको सेवाको गुणस्तरीयता कम छ । दैनिक पत्रपत्रिका विस्तार गर्न सकिने, स्थानीय एफएम तथा १ वटा टेलिभिजनको विस्तार बिकास नहुँदा स्थानीय उत्पादनका साथै व्यवसायीहरुको सूचना तथा विज्ञापन प्रवाह गर्दा नगरको वार्षिक १ करोड रकम रोक्न सकिने र त्यस बाट नगरको आय स्रोत बढाउन सकिने देखिन्छ ।

**ग) उद्धेश्य :**

सूचना तथा संचार प्रविधि र सूचनाको उपलब्धता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका २९ : सूचना तथा संचार प्रविधि : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| संचारका कुनै एक साधन उपलब्ध घर परिवार | प्रतिशत | | ५४ | ६० | ८० | ९० | ९५ |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | ५ | ७ | १० | १५ | २० |
| मोबाइल प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | | ८० | ८५ | ९० | ९५ | १०० |
| पत्रपत्रिका, टेलीभिजन र इन्टरनेट प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | १० | १२ | १५ | २० | ३० |
| उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | व्यक्ति | | | | ५० | | ३०० |
| सार्वजनिक कार्यालयहरुमा इमेल इन्टरनेट सेवा सुचारु | वटा | | १० | १५ | २० | २५ | ३० |
| सार्वजनिक स्थानहरुमा फ्रि वाईफाई श्रोत | संख्या | | ० | ३ | ५ | ७ | १० |
| संचालित एफएम रेडियो | संख्या | | २ | २ | ३ | ३ | ५ |
| नियमित पत्रपत्रिकामा पहुँच क्षेत्र | संख्या | | ५ | ७ | १० | १२ | १५ |
| सि.सि.क्यामेरा (सार्वजनिक स्थालमा) | संख्या | ० | २ | ३ | ३ | ४ | ५ |
| कृयाशील पत्रकार | संख्या | ० | ५ | ५ | ८ | ९ | १० |

**ङ) रणनीति :**

- सङ्घीय तथा प्रदेश कानुनको अधिनमा रही नगर क्षेत्र भित्र पत्रपत्रिका, एफ.एम रेडियो, इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारबिहिन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण, नियमन गरिनेछ ।
- दैनिक, साप्ताहिक पत्रपत्रिकाको प्रकाशनमा प्रोत्साहन गरिनेछ ।
- सबै वडाका बजारमा CC Camera जडान गरिनेछ ।
- खोज तथा अनुसन्धानमूलक र सुशासन प्रवर्द्धन कार्यकममा विशेष जोड दिइनेछ ।
- सञ्चार सेवाको क्षमता विस्तार र गुणस्तर वृद्धि गर्न जोड दिइनेछ ।
- सञ्चार क्षेत्र र सञ्चारकर्मीको क्षमता अभिवृद्धि गरिनेछ कार्यकमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिकाको ऐतिहासिक, धार्मिक र पुरातात्विक क्षेत्रको प्रचार, प्रसार र सम्वर्द्धन हुने किसिमका सामाग्रीको उत्पादन, प्रसारण र प्रकाशनमा जोड दिइनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- पत्रपत्रिका प्रकाशनमा प्रोत्साहन कार्यक्रम ।
- एफएम र टेलिभिजन संचालनमा सहयोग ।
- ईन्टरनेट सेवा विस्तारमा पैरवी ।
- क्षमता अभिवृद्धि कार्यकम ।

# परिच्छेद - ८
# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ८.१ पृष्ठभूमि :

नेपालको संविधानको भाग ३, धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक प्रदान गरेको छ भने प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान राखेको छ। विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ। नेपालको संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्र भित्र राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ।

नगरपालिकाले दीगो विकासको लक्ष्यसहितको दीर्घकालीन सोच कायम गरेर अगाडि बढिरहेको तथा संविधान तथा प्रचलित ऐन, कानुनले लिएका लक्ष्य तथा दीगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरू समेत हासिल गर्न वर्तमान संघीय व्यवस्थामा स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, भूसंरक्षण तथा जलाधार व्यवस्थापन क्षेत्रका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न आवधिक योजनाको विषय क्षेत्रगत योजनाका रुपमा यो योजना तर्जुमा गरिएको छ। यस योजनामा उल्लिखित क्षेत्रहरूमा यस नगरपालिकाका संभावना तथा अवसर र समस्या तथा चुनौती सहित विद्यमान अवस्था तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी यो योजना तर्जुमा गरिएको छ।

## ८.२ वर्तमान अवस्था :

नगरपालिकाभित्र जम्मा ३६.२५ प्रतिशत (१०१.४८ वर्ग किमि) वन क्षेत्र, २१.०६५ प्रतिशत झाडी रहेको छ। हावापानीको हिसावले उष्ण मनसुनी तथा न्यानो शितोष्ण रहेको पाईन्छ। वन क्षेत्रका सल्लाको खोटो, अमला, हर्रो, घोरताप्रे, चिराईतो, कुरिलो जस्ता जडिबुटि उपलब्ध छन्। उपलव्ध वनक्षेत्रमध्ये ९५ वर्ग किमि वन क्षेत्रलाई ३७ वटा सामुदायिक तथा कवुलियती वन उपभोक्ता समितिहरुबाट संरक्षण गरिएको छ। विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। नगरपालिकामा विपद् व्यवस्थापन समिति क्रियाशील रहेको छ। आपत्कालीन प्रतिकार्यको लागि सामुहिक आश्रयस्थल निर्माण गर्न पर्याप्त खाली जमीन रहेको छ। वि.सं. २०७२ को भूकम्पपछि भूकम्प प्रतिरोधी घरहरुको निर्माण भएको हुँदा भूकम्पीय जोखिमका दृष्टिकोणले सोभन्दा अगाडिको तुलनामा सुरक्षित अवस्थाको आँकलन गर्न सकिन्छ।

## ८.३ वन, वातावरण तथा विपद व्यवस्थापनको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम :

आवधिक योजना अन्तर्गत वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लागि **भू तथा जलाधार क्षेत्र, वन, जैविक विविधता तथा वातावरणीय श्रोतको दीगो उपयोग गर्दै विपद् व्यवस्थापन भएको हुने** उद्धेश्य निर्धारण गरिएको छ। निर्धारित उद्धेश्यका लागि लक्ष्य/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ।

**तालिका ३०: वन, वातावरण तथा विपद व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा लक्ष्य परिमाण)**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | वर्ग किमि | १०१.५ | १०२.५ | १०२.५ | १०३.५ | १०५.५ | १०८.५ |
| संरक्षित तथा व्यवस्थित वन क्षेत्र | प्रतिशत | ३३.६९ | ३५ | ३५ | ३८ | ३८ | ४० |
| संरक्षित तथा चरन क्षेत्र | हेक्टर | | १२ | १२ | १३ | १३ | १६ |

| तालिका ३०: वन, वातावरण तथा विपद व्यवस्थापनको उद्धेश्य सूचक (आधार रेखा तथा लक्ष्य परिमाण) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | | | १७ | १५ | १४ | १३ |
| वनमा आधारित उद्योग र व्यवसाय | संख्या | | २ | ५ | १० | १५ | २० |
| हरित आय कार्यक्रमबाट लाभन्वित विपन्न परिवार | संख्या | | ३ | ७ | १० | १८ | २५ |

### ८.४ प्रमुख रणनीतिहरु :

- वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ। यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त सम्बन्धित नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने।
- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गरिनेछ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् ब्यबस्थापन, जस्ता अन्तर सम्बन्धित विषयहरुलाई उपयुक्त रुपमा समावेश र सम्बोधन गरिनेछ।

### ८.५ यस विषयगत क्षेत्र अन्तर्गतका विषयगत उपक्षेत्रहरु :

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् : वन तथा जैविक विविधता, भू तथा जलाधार ब्यबस्थापन, वाताबरण तथा स्वच्छता एवं विपद् ब्यबस्थापन।

### ८.५.१ वन तथा जैविक विविधता :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

जैविक विविधता एवं यहाँको वन सम्पदाले वातावरणीय महत्वका अतिरिक्त आयआर्जनको अवसर वृद्धिका दृष्टिकोणले समेत पर्याप्त सम्भावना बोकेको छ। नगरपालिकाको वस्तुस्थिति विवरणअनुसार यहाँ कुल क्षेत्रफलको ३६.२५ प्रतिशत (१०१.४८ वर्ग किमि) वन क्षेत्र, २१.०६५ प्रतिशत झाडी रहेको छ।

नगरपालिकाभरिमा गरी कुल ३७ वटा सामुदायिक वन रहेका छन्। सामुदायिक वनका अतिरिक्त राष्ट्रिय वन पनि रहेको छ। यहाँको कुल वन क्षेत्रमध्ये करिब ५० प्रतिशत वन क्षेत्र जैविक विविधतायुक्त रहेको स्थानीय अनुमान छ। यहाँ पाइने प्रमुख वन्यजन्तुहरूमा निगाले बाघ, दुम्सी, मृग, कालिज, तित्रा, बँदेल, बाँदर, भालु, वन बिरालो, स्याल, हाप्सिलो रहेका छन्। जडीबुटीका दृष्टिकोणले समेत यो क्षेत्र धनी रहेको छ। जडिबुटीको पर्याप्त सम्भावना रहेको यस नगरपालिकामा काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ। यहाँ चिराइतो, रुदिलो, लालीगुराँस, कुकुर डाइनो, लप्सी, कुरिलो, सुगन्ध कोकिला, सर्पगन्धा, अम्रिसो, निरमसी, चिराइतो, टिमुर, पानी अमलालगायत अन्य जडीबुटी पाइन्छ। कृषि तथा घरायसी प्रयोग बाहेक अन्य क्षेत्रबाट हुने कार्वन उत्सर्जन नगण्य रहेको छ। वन क्षेत्रमा विद्यमान यस सम्भावनालाई यथार्थमा रुपान्तरण गर्न वन, जैविक विविधता र संरक्षणसम्बन्धी प्राविधिक ज्ञान, सीपमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ।

**ख) समस्या तथा चुनौति :**

जथाभावी भैरहेको वन फडानी, अनियन्त्रित भौतिक संरचनाको निर्माण, खुल्ला चरिचरण पूर्ण रुपमा नियन्त्रण गर्न नसकिएको, वृक्षारोपणमा कमी एवं जडिबुटि र अन्य वन पैदावार पहिचान र संरक्षण हुन नसक्नु वनक्षेत्रको विकासका लागि प्रमुख समस्याको रुपमा रहेको छ।

**ग) उद्धेश्य :**

वन श्रोतको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन र वन पैदावरको अधिकतम उपयोग गरिनेछ।

### घ) सूचक तथा लक्ष्य परिमाण :

तालिका ३१ : वन तथा जैविक विविधता : सूचक तथा लक्ष्य परिमाण

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| वन प्रजाती प्रति हेक्टर | संख्या | | ३ | ५ | ६ | ७ | ८ |
| व्यवस्थित सामुदायिक तथा कबुलियती वन क्षेत्र | वर्ग किमि | ९० | ९० | ९० | ९५.५ | ९५.५ | ९७.५ |
| वृक्षारोपण क्षेत्र | वर्ग किमि | | १ | १ | १ | ३ | ३ |
| जैविक विविधता युक्त क्षेत्र | वर्ग किमि | | ०.५ | ०.५ | ०.५ | १ | १ |
| वृक्षारोपण क्षेत्र | विरुवा संख्या | | १५००० | | २०००० | | २५००० |
| आयमूलक कार्य संचालित वन क्षेत्र | प्रतिशत | | १० | १३ | १६ | १८ | २० |
| जैविक विविधता युक्त क्षेत्र | हेक्टर | | २ | ३ | ५ | ७ | ८ |
| गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेती गरिएको अद्यावधिक क्षेत्रफल | हेक्टर | | १ | १ | २ | ३ | ५ |

### ङ) रणनीति :

- सङ्घीय तथा प्रदेश कानुनको अधिनमा रही वन तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ।
- सामुदायिक, शहरी, धार्मिक, कबुलियती, साझेदारी र निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन गरिनेछ तथा वन उपभोक्ता समूहको व्यवस्थापन गरिनेछ।
- भू उपयोग नीति बनाई कार्यान्वयन गरिनेछ।
- दीगो वन व्यवस्थापन गरी वन संरक्षण गरिनेछ र वन क्षेत्रको पुनःउत्पादन वृद्धि गरिनेछ।
- बन तथा जैविक विविधता संरक्षण र उपयोग गर्न गुरुयोजना तयार गरिनेछ।
- नगरका नदी किनार, नदी उकास, नहर किनार, सडक किनार, सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गरिनेछ र वृक्षारोपण गर्न नगरवासीलाई प्रोत्साहन गरिनेछ।
- नगरका वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान गरिनेछ।
- मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन गरिनेछ।
- नगरमा हरियाली प्रवर्द्धन, रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन तथा मिचाहा प्रजातिको नियन्त्रण गरिनेछ।
- नगरमा जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गरिनेछ।
- सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणा बमोजिम नगरस्तरीय वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

### च) प्रमुख कार्यक्रम :

- स्थानीय जातका खाद्यान्न तथा जडिबुटीहरुको लगत संकलन तथा सूचीकरण।
- लोपोन्मुख बोटविरुवा प्रजाती संरक्षण।
- वृक्षारोपण तथा सचेतना कार्यक्रम।

## ८.५.२ भू तथा जलाधार व्यवस्थापन :

### क) संभावना, अवसर र विद्यमान अवस्था :

नगरपालिकामा मूख्य नदीहरु दुधकोशी, सुनकोशी, साप्सु खोला, लैकु खोला, वयकु खोला, महादेव खोला रहेको छ। नदी तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) को प्रचुरता रहेको देखिन्छ। यस क्षेत्रमा पर्यापर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना रहेको छ।

**ख) समस्या तथा चुनौति :**
जथाभावी नदीजन्य पदार्थ उत्खनन, नगरपालिका क्षेत्रमा पोखरी एवं तालतलैयाको कमी, वातावरणीय प्रभाव मुल्याङ्कन नगरी विकास निर्माणको काम हुनु, प्राकृतिक स्रोतको तिव्र दोहन हुनु तथा जथाभावी सडक खन्ने प्रवृत्ति प्रमुख समस्या एवं चुनौतीको रुपमा रहेको छ ।

**ग) उद्धेश्य :**
जलाधार तथा भूमिको एकीकृत तथा व्यवस्थित उपयोगमा वृद्धि भएको हुने ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

तालिका ३२ : भू तथा जलाधार ब्यबस्थापन : सूचक तथा लक्ष्य परिमाण

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| संरक्षित पानी मुहान क्षेत्र | संख्या | | १० | १५ | १८ | २२ | २५ |
| संरक्षित खेतबारीको क्षेत्रफल | प्रतिशत | | २० | | ५० | | ६५ |
| नदी नियन्त्रण लम्बाई | किमी | | १ | ३ | ५ | ७ | १० |
| स्पर तथा बाँध, चेकड्याम | किमी | | १ | ३ | ५ | ७ | १० |
| उपचार गरिएको/संरक्षित गल्छी र पहिरो | संख्या | | ५ | १० | १२ | १३ | १५ |
| भू-क्षय र बाढी संवेदनशील क्षेत्र संरक्षण | संख्या | | ३ | | ५ | | ८ |
| संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | हेक्टर | २ | २ | ३ | ३ | ५ | ७ |
| वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमी | | ५ | ८ | १२ | १५ | १८ |
| व्यवस्थित संरक्षण तथा Ridge पोखरी | संख्या | | १ | ३ | ५ | ८ | १० |

**ङ) रणनीति :**
- भू तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- पानी मुहान संरक्षण, सामुदायिक भू:संरक्षण र सोमा आधारित आयआर्जन कार्यक्रम गरिनेछ ।
- वन विकास तथा सीमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- भूस्खलन नियन्त्रण कार्यविधि बनाई लागू गरिनेछ ।
- जलाधार क्षेत्र संरक्षणका लागि रिचार्ज पोखरी जस्ता सामुदायिक अनुकूलन कार्य निर्माण गरिनेछ ।
- सिमसार क्षेत्रको संरक्षण गरिनेछ ।
- जथाभावी पूर्वाधार विकास (बाटो, भवन, कूलो) नियन्त्रण गरिनेछ र वातावरणमैत्री पूर्वाधारको सुश्चितता गरिनेछ ।
- भू क्षय नियन्त्रणका लागि बायोईन्जिनियरिंग प्रविधिको उपयोग गरिनेछ ।
- सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्वतिमा आधारित नगरस्तरीय कार्यकम सञ्चालन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**
- भू तथा जलाधार क्षेत्र नक्शांकन कार्यक्रम ।
- नदी नियन्त्रण कार्यक्रम (दूधकोशी, सुनकोशी, साप्सु, लैकु, वयाकु, रावु) ।
- भू संरक्षण कार्यक्रम ।
- पानीको मुहान संरक्षण (तुवाचुंग, ढाडपानी, हुर्लुंग, विजय खर्क, रावु) ।
- अग्लो डाँडा/भू भागमा रिचार्ज पोखरी निर्माण ।

**८.५.३ वातावरण तथा स्वच्छता :**

**क) संभावना, अवसर र विद्यमान अवस्था :**
नगरपालिकामा क्षेत्रमा पातलो बस्ती (२८० वर्ग कि.मि., ५६१५ घरधुरी) हुनु, न्युन शहरीकरण, प्रशस्त खुला तथा वन क्षेत्र र सार्वजनिक जग्गा एवं ध्वनि, वायु तथा जल प्रदुषण नगण्य रहनु वातावरणका हिसावले उत्तम देखिन्छ ।

**ख) समस्या तथा चुनौति :**

सिसा र प्लाष्टिक जन्य फोहोर व्यस्थापनमा कमी, कच्ची सडकका कारण धुलो व्यवस्थापनमा कमी, सरसफाई सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु मूख्य चुनौतीको रुपमा रहेको छ ।

**ग) उद्धेश्य :**

नगरको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलतामा अभिवृद्धि गरिनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका ३३ : वातावरण तथा स्वच्छता : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | | ३ | ४ | ४ | ५ | ६ |
| प्रयोग भएका फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | १ | | | १ | | १ |
| निष्काशित फोहोरमैलाको औषत परिमाण (प्रति हप्ता) | ट्रयाक्टर | १५ | २५ | ३५ | ४० | ५० | ५५ |
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९५.२३ | ९० | ८५ | ८५ | ८० | ७५ |
| घरभित्रको धुवाँमुक्त घरधुरी | प्रतिशत | ४.५४ | १० | १५ | २० | २५ | ३० |
| ल्याण्डफिल्ड साईट तथा फोहर प्रशोधन केन्द्र | संख्या | ० | ० | ० | १ | २ | ३ |
| सुधारिएको चुल्हो प्रयोग गर्ने परिवार | संख्या | ७०५ | १००० | २५०० | ४००० | ५००० | ५७०० |

**ङ) रणनीति :**

- वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- नगरको हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गरिनेछ र वातावरणीय जोखिम न्यूनीकरण गरिनेछ ।
- जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरुको नियन्त्रण, अनुगमन तथा नियन्त्रण गरिनेछ ।
- बैकल्पिक उर्जाको प्रयोगलाई बढाइनेछ ।
- फोहोर प्रशोधन केन्द्र तथा ल्याण्डफिल्ड साईटको व्यवस्था गरी सरसफाई सचेतनाको पनि अभिवृद्धि गरिनेछ, साथसाथै व्यवस्थापनका लागि निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।
- जलवायु परिवर्तन अनुकुलन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- डम्पिंग तथा ल्याण्डफिल्ड साईट निर्माण ।
- बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम ।

### ८.५.४ विपद् व्यवस्थापन :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

नगरपालिकामा विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । नगरपालिकाले विपद् व्यवस्थापनका लागि कानुन समेत तर्जुमा गरेको एवं विपद् व्यवस्थापन समिति गठन समेत भएको छ । नगर क्षेत्रमा खुल्ला चरिचरण प्रतिबन्ध गरिएको छ । विपद् पछिको नगद तथा वस्तुगत राहतको व्यवस्था समेत रहनु सवल पक्ष मानिएको छ ।

**ख) समस्या तथा चुनौति :**

भूमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दीगो नहुने जोखिम छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि नगरपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ । विभिन्न स्थानमा नाङ्गा डाँडाहरु रहेका हुँदा भूस्खलनको जोखिम रहेको छ । विपद्

पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख बस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन ।

**ग) उद्धेश्य :**

विपद् जोखिम तथा क्षति न्यूनीकरण गरिनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

**तालिका ३४ : विपद् व्यबस्थापन : सूचक तथा लक्ष्य परिमाण**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| सुरक्षित, एकीकृत र व्यवस्थित बस्ती/आवास क्षेत्र | संख्या | ० | ० | ० | १ | २ | ३ |
| खुल्ला क्षेत्र र स्थान | संख्या | | २ | ३ | ५ | ८ | १० |
| तालिम प्राप्त स्वयंसेवक | जना | ० | ० | ५ | १० | २० | ३० |
| विपद् व्यवस्थापन स्थानीय कोष (हजारमा) | रु. | ० | २०० | ३५० | ५०० | १००० | २००० |
| विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु | संख्या | ३ | ४ | ५ | ७ | ८ | १० |

**ङ) रणनीति :**

- विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- नगरपालिकामा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामाग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गरिनेछ ।
- योजना तथा समूह निर्माण गर्दा जोखिममा पर्ने तथा लक्षित वर्गको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ ।
- प्राकृतिक विपद जोखिम क्षेत्रको नक्सांकन गर्ने कार्यविधि तयार गरिनेछ ।
- भवन निर्माण आचार संहितालाई कडाइका साथ लागू गर्नुका साथै जुनसुकै पनि भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री हिसाबले गरिनेछ ।
- विपद व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- भू उपयोग तथा एकीकृत बस्ती विकास योजना कार्यान्वयनमा ल्याइनेछ ।
- विपद व्यवस्थापन सम्बन्धी छुट्टै योजना र कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- वृक्षारोपण, वायो-ईन्जिनियरीङ्गको कार्यक्रम गरी कार्यान्वयन गरिनेछ ।
- विपद् पश्चात भएको क्षतिको लागि आपतकालीन कार्य सञ्चालन प्रणालीको व्यवस्थापन गरिनेछ र पुनर्स्थापना र पुनर्निर्माण कार्यक्रम लागू गरिनेछ ।
- आपतकालीन सहयोग, राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्यक्रम लागू गर्दा अशक्त, असहाय, भूमिहीन, महिला, बालबालिका, गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका फरक आवश्यकतालाई विशेष ध्यान दिइ सम्बोधन गरिनेछ ।
- विपद् व्यवस्थापनका कार्यक्रमहरु र खर्च गरिने श्रोत सबै सरोकारवालाहरुले समन्वयात्मक रुपमा एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**

- विपद जोखिम क्षेत्रको नक्सांकन ।
- विपद उद्धारकर्मी विकास तथा परिचालन ।
- जलवायु अनुकूलन कार्यविधि निर्माण ।
- उद्धार सामग्री खरीद (दमकल, एम्बुलेन्स, पाइप, घुम्ती पानी ट्याङ्की आदि) र परिचालन ।
- विपद् राहत कोष स्थापना ।
- जोखिमयुक्त बस्ती/घर परिवार स्थानान्तरण कार्यक्रम ।
- उद्धार तथा राहत सामग्री भण्डारण गोदाम निर्माण ।

# परिच्छेद - ९
# सुशासन तथा संस्थागत विकास

## ९.१ पृष्ठभूमि :

परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाह, स्थानीय शासनको प्रभावकारी सञ्चालनको लागि संस्थागत, क्षमता विकास तथा सुशासनको आवश्यकता पर्दछ ।स्थानीय शासनको संस्थागत विकास तथा सुशासनबाट मात्र विकास गतिविधि तथा सेवा प्रवाहबाट अपेक्षित नतिजा हासिल गर्न सकिन्छ । संघीय सरकारले समेत कानुनी शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सम्पादन गर्ने सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरिकप्रति उत्तरदायी बनाउनुपर्ने अपेक्षा गरेको छ । आवधिक नगर विकास योजना आफैँमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत, क्षमता विकास र सुशासनलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

## ९.२ वर्तमान अवस्था :

राज्यको पुनःसंरचनापश्चात् नयाँ गठन भएको नगरपालिकाको संस्थागत विकास प्रयासको शुरुवात भएको छ । नगरपालिकाको संगठन संरचनाको खाका निर्माण, जनशक्तिको व्यवस्था प्रमुख समस्याको रूपमा रहेको छ । सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा कार्यालयहरूको भौतिक संरचना (भवन) र जनशक्तिको व्यवस्था, नगरपालिकाको केन्द्रीय भवन, कर्मचारी, मेसिन औजारको व्यवस्था तत्कालका प्रमुख जिम्मेवारी हुन् । हालको अवस्थामा नगरपालिकाभित्र रहेका सरकारी, गैरसरकारी निकाय र निजी क्षेत्रसँगको साझेदारी, समन्वय र सहकार्य नगरपालिकाको लागि निकै चुनौतीको रूपमा रहेको छ ।

## ९.३ सुशासन तथा संस्थागत विकासको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रम :

आवधिक नगर विकास योजना अन्तर्गत सुशासन तथा संस्थागत विकास क्षेत्रको लागि **नगरपालिका र स्थानीय सरोकारवालाको कार्य सम्पादन र जवाफदेहिताको स्तर वृद्धि हुने** उद्धेश्य निर्धारण गरिएको छ । निर्धारित उद्धेश्यका लागि लक्ष्य/परिमाण सूचकहरु देहाय अनुसार हासिल हुने अपेक्षा गरिएको छ ।

**तालिका ३५: सुशासन तथा संस्थागत विकासको उद्धेश्य सूचक (आधार रेखा तथा लक्ष्य परिमाण)**

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| प्रति व्यक्ति बार्षिक बजेट लगानी ( रु.हजारमा) | रु. | ४४०१ | ४८०० | ५००० | ५३०० | ६००० | ६८६५ |
| लक्षित वर्ग, सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न र पिछडिएको वर्ग | प्रतिशत | २० | २५ | ३० | ३५ | ४० | ४५ |
| नगरपालिकामा उपलब्ध प्राविधिक मानव संशाधन | प्रतिशत | ११ | १२ | १३ | १५ | १८ | २० |
| नगरपालिकामा क्रियाशिल गैसस, अगैसस, विकास साझेदार | संख्या | १२ | १३ | १४ | १५ | १६ | १७ |

## ९.४ प्रमुख रणनीतिहरुः

- सुशासन तथा संस्थागत विकास अन्तर्गत संविधान प्रदत्त एकल अधिकार तथा संघीय र प्रादेशिक कानुन बमोजिम साझा अधिकार क्षेत्र भित्रका बिषयमा आवश्यक नीति, कानुन, कार्यविधि, संरचना, प्रक्रिया तथा मापदण्डहरू निर्माण गरी कार्यान्वयन, नियमन र अनुगमन गरिनेछ। यसका साथै संघीय र प्रादेशिक सरकारबाट प्राप्त नमूना कानुनका मस्यौदाको स्थानीय परिवेश अनुसार अनुकूलन, परिमार्जन र पारित गरी कार्यान्वयनमा ल्याउने ।

- संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही संघ र प्रदेशसंग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी स्थानीय सरकारका रुपमा प्रदान हुने सेवाहरु सुलभ र गुणस्तरीय रुपमा प्रवाह गरिनेछ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, जलवायु अनुकूलन तथा विपद् व्यबस्थापन, जस्ता अन्तर सम्बन्धित विषयहरुलाई उपयुक्त रुपमा समावेश र सम्बोधन गरिनेछ ।

## ९.५ यस विषयगत क्षेत्र अन्तर्गतका विषयगत उपक्षेत्रहरु :

यस विषयगत क्षेत्र भित्र निम्न विषयगत उपक्षेत्रहरु समावेश गरिएका छन् : सुशासन, ऐन नियम तथा जवाफदेहीता, संस्थागत विकास तथा मानव संशाधन विकास, वित्तीय श्रोत परिचालन एवं योजना ब्यबस्थापन ।

### ९.५.१ सुशासन, ऐन नियम तथा जवाफदेहिता :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

नगरपालिकामा नगर सभाले बनाएको विधायन समिति क्रियाशील रहेको छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त वनाउनको लागि २३ वटा ऐन तथा कानुन कार्यपालिका तथा नगर सभाले पास गरेको छ । विकास आयोजनाहरुको सार्वजनिक परिक्षण अभ्यास रहेको छ । नगरपालिकाबाट प्रवाह गरिने सेवा सम्बन्धी नागरिक बडापत्र बनेको, सेवा प्रवाह सम्बन्धी सूचना अधिकारी, प्रवक्ता तोकिएको तथा गुनासो सुन्ने व्यवस्था रहेको छ । विद्युतीय शासनको मान्यता अनुरुप हरेक सूचनाहरु सामाजिक सञ्जालमा प्रेषित गरी जनताको सूचनाको हक प्रत्याभूत गरिएको छ । पत्रपत्रिका, रेडियो मार्फत नगरपालिकाले सम्पूर्ण वजेट तथा कार्यक्रम सम्बन्धी सूचना सम्प्रेषण गर्ने गरेको छ ।

**ख) समस्या तथा चुनौति :**

स्थानीय तहको जिम्मेवारी वहनका लागि आवश्यक सबै ऐन, नियम तथा कार्यविधिहरु बनाउन बाँकी रहेको छ । सार्वजनिक सुनुवाइ कार्यक्रम प्रभावकारी एवं व्यवस्थित हुन नसक्नु, उपभोक्ता समितिमा सार्वजनिक परिक्षण सम्वन्धी ज्ञान सिपको कमी हुनु एवं सामाजिक जवाफदेहिता, पारदर्शिता तथा उत्तरदायित्व सम्वन्धी कार्यविधि तथा प्रभावकारी अभ्यासको कमी हुनु प्रमुख समस्याको रुपमा रहि आएको छ ।

**ग) उद्धेश्य :**

स्थानीय कानुन, नीति तर्जुमा र पालनामा अभिवृद्धि भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

तालिका ३६: सुशासन, ऐन नियम तथा जवाफदेहीता : सूचक तथा लक्ष्य परिमाण

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| नगरपालिकाले स्वीकृत गरेका कानुन तथा नीति | संख्या | २३ | २४ | २५ | २८ | ३० | ४४ |
| क्रियाशिल नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा बजेट तर्जुमा, अनुगमन आदी) | संख्या | ५ | ६ | ७ | १० | १२ | १५ |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार ( क्षतिपूर्ति सहिको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोर कार्य आदी) | संख्या | १ | २ | ४ | ६ | ८ | ९ |
| स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यमहरु (संचार माध्यम,सुचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुभाव पेटिक, सामाजिक सञ्जाल आदी) | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० |

| तालिका ३६: सुशासन, ऐन नियम तथा जवाफदेहीता : सूचक तथा लक्ष्य परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| नगरपाालिका पेश भएका सरकार संचालन तथा सेवा प्रवाहसम्बन्धी गुनासो सुनुवाई | प्रतिशत | ९० | ९२ | ८४ | ९५ | ९८ | १०० |

**ङ) रणनीति :**
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- नगरपालिकाको सर्वाङ्गीण विकासलाई मध्यनजर गरी विकासमैत्री ऐन कानुनका निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- निर्मित ऐन कानुनको वारेमा विभिन्न माध्यमबाट नागरिकलाई सुसूचित गरिनेछ ।
- सामाजिक जवाफदेहिताका औजारहरु प्रभावकारी ढंगले प्रयोग गरिनेछ ।
- विषयगत समितिको क्रियाशीलता वृद्धि गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**
- सहभागितामूलक कानुन निर्माण ।
- निर्मित कानुनको संचार माध्यमबाट प्रचार प्रसार ।
- सामाजिक जवाफदेहिता प्रवर्द्धन कार्यक्रम ।
- विषयगत समिति क्षमता विकास विकास कार्यक्रम ।

### ९.५.२ संस्थागत संरचना तथा मानव संसाधन विकास :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

नगरपालिकामा विभिन्न विभाग शाखा, उपशाखाहरुको संरचना तयार भएको छ । यसैगरी विषयगत तथा विभागीय समितिहरु गठन भई क्रियाशील रहेका छन् । नियमित रुपमा नगर सभा संचालन, नगर कार्यपालिका बैठक, आन्तरिक लेखापरिक्षण, महालेखा लेखापरिक्षण, अनुगमन तथा सुपरिवेक्षण कार्य सम्पादन हुँदै आईरहेका छन् । सामाजिक सुरक्षा भत्ता अनलाईन प्रणालीबाट भएको, विद्युतीय हाजिरी प्रणाली लागू गरिएको, नगरपालिकामा सि.सि.टि.भि.क्यामेरा जडान गरिएको अवस्था विद्यमान छ । विद्यालय तथा नगरपालिकाका सेवाप्रदायक निकायमा ईन्टरनेट जडान भईरहेको एवं वडाका कर्मचारीहरुलाई कम्प्युटर सम्बन्धी तालिम प्रदान गरिएको छ ।

**ख) समस्या तथा चुनौति :**

दक्ष जनशक्तिको अपर्याप्तता, भौतिक पुर्वाधार तथा प्रविधिको अपर्याप्तता, विषयगत समितिहरूको न्युन सक्रियता, अपाङ्गतामैत्री, बालमैत्री र महिलामैत्री पुर्वाधारको अपर्याप्तता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनितिको अभाव, जनप्रतिनिधीहरूसँग विषयगत ज्ञानको अपर्याप्तता प्रमुख चुनौतिको रुपमा रहेका छन् ।

**ग) उद्धेश्य :**

नगरपालिका तथा वडा कार्यालयको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि भएको हुनेछ ।

**घ) सूचक तथा लक्ष्य परिमाण :**

| तालिका ३७: संस्थागत संरचना तथा मानव संसाधन विकास: सूचक तथा लक्ष्य परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| नगरपालिकामा कार्यरत मानव संशाधन | संख्या | ६३७ | ६५० | ६७५ | ७०० | ७१५ | ७३५ |
| नगरपालिका तथा वडा कार्यालय भवन | संख्या | १० | ११ | १२ | १२ | १२ | १२ |
| सेवा सुचारु सेवा तथा श्रोत केन्द्र ( स्वास्थ्य, कृषि, पशु सेवा, शिक्षा, सूचना) | संख्या | १८ | २० | २१ | २१ | २३ | २५ |
| नगरपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रम एवं इकाई | संख्या | ११ | १५ | १८ | २० | २२ | २२ |
| संचालित स्थानीय शासन, योजना तर्जुमा | विषय | स्थानीय | स्थानीय | स्थानीय | स्थानीय | स्थानीय | स्थानीय |

| तालिका ३७: संस्थागत संरचना तथा मानव संसाधन विकासः सूचक तथा लक्ष्य परिमाण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| तथा सेवा प्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम | क्षेत्र | शासन | शासन, योजना तर्जुमा | शासन, योजना तर्जुमा | शासन, योजना तर्जुमा | शासन, योजना तर्जुमा | शासन, योजना तर्जुमा तथा सेवा प्रवाह |
| क्षमता विकास र जवाफदेहिता अभिवृद्धि कार्यमा सहभागी जनप्रतिनिधि र नागरिक समाज | जना | ७० | ७५ | ८० | ८५ | ९० | १०० |

**ङ) रणनीति :**
- मानव संसाधन विकास सम्बन्धी स्थानीय नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- नगरपालिकाको शाखा तथा विभागलाई पूर्वाधार, प्रविधि र दक्ष मानव संसाधनयुक्त बनाउने ।
- नगरपालिकाको भौतिक पूर्वाधार विकास गरिनेछ र अपाङ्गता भएका, वालवालिका, वृद्ध र महिलामैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा गर्नुका साथसाथै सबै योजना तर्जुमा कार्यमा समावेश गरिनेछ र यसका लागि आवश्यक दक्षता अभिवृद्धि गरिनेछ ।
- जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गरिनेछ र महिला तथा दलित वडा सदस्यको क्षमता विकासमा जोड दिइनेछ।
- क्षमता विकास कार्यक्रममा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।
- कार्यालयमा हेल्प डेस्क तथा सूचना केन्द्रको व्यवस्था गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रक्रियालाई अनलाइन प्रणालीमा गरिनेछ ।
- लेखा तथा राजस्व प्रणालीलाई अनलाइन प्रणालीबाट संचालन गरिनेछ ।
- सार्वजनिक महत्वका विषय सम्बन्धी नगरपालिकाको सूचना विद्युतीय प्रणाली मार्फत सम्प्रेषण गरिनेछ ।

**च) प्रमुख कार्यक्रम :**
- मानव संसाधन विकास कार्यक्रम ।
- लक्षितवर्गमैत्री नगरपालिका कार्यालय पूर्वाधार विकास कार्यक्रम ।
- जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम ।
- नगरपालिका भवन निर्माण ।
- सेवा प्रवाह सम्बन्धी अनलाइन प्रणाली स्थापना ।

### ९.५.३ वित्तीय श्रोत परिचालन :

**क) संभावना, अवसर र विद्यमान अवस्था :**

नगरपालिकामा श्रोत परिचालनका लागि प्राकृतिक स्रोतहरुमध्ये नदी, वनजंगल, औषधी जन्य जडिबुटी, नदीजन्य पदार्थ रहेका छन् । यसैगरी धार्मिक पर्यटन अन्तर्गत हलेसी माहदेवस्थान लगायतका विभिन्न स्थल भएको, बाँझो पर्ति जमीनमा व्यवसायिक कार्य संचालन गर्न सकिने देखिन्छ । यसका अतिरिक्त सवारी तथा पर्यटन दस्तुर, सेवा शुल्क तथा मालपोत पनि वित्तिय श्रोत परिचलानका लागि प्रमुख श्रोत मानिएको छ ।

**ख) समस्या तथा चुनौति :**

राजस्वका साझा अधिकार क्षेत्रको विषयमा संघ तथा प्रदेशबाट गरिने संबिधानसँग बाझिने व्यवहारले ल्याएको अस्पष्टता एवं जनतामा दोहोरो करको सम्भावना प्रमुख चुनौतिको रुपमा रहेका छन् ।

**ग) उद्धेश्य :**

नगरपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालनमा अभिवृद्धि भएको हुनेछ ।

### घ) सूचक तथा लक्ष्य परिमाण :

तालिका ३८: वित्तीय श्रोत परिचालन: सूचक तथा लक्ष्य परिमाण

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| नगरपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | रु हजार | १५०० | १५०० | २२५० | ३३७५ | ५०६२ | ७५९३ |
| राजस्व वाँडफाड संघ | रु हजार | ८२३५० | ९६,९०० | ११६,२८० | १३९,५३६ | १६७,४४३ | २००,९३१ |
| राजस्व वाँडफाड प्रदेश सवारी | रु हजार | ८८०० | ९७१३ | ११६५५ | १३,९८६ | १६,७८४ | २०,१४० |
| गैसस, अगैसस, बिकासवाट संचालित आयोजना/ कार्यक्रम वाट लगानी रकम | प्रतिशत | ३ | ४ | ५ | ८ | | १२ |
| गाउँपालिकाको वार्षिक वास्तविक खर्च (कूल वजेटको) | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ | ९९ |
| औषत वार्षिक वेरुजु रकम | प्रतिशत | १ | १ | १ | ० | ० | ० |
| समुदायको लगानी तथा योगदान रकम | प्रतिशत | १२ | १२ | १३ | १४ | १५ | १५ |
| निजी क्षेत्रवाट लगानी रकम | प्रतिशत | ० | ५ | ८ | १० | | १५ |

### ङ) रणनीति :

- सङ्घीय तथा प्रदेश कानुनको अधिनमा रही कर तथा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन गरिनेछ ।
- सङ्घीय तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन गरिनेछ ।
- करको दर पुनरावलोकन गरिनेछ र दायरा फराकिलो गरिनेछ ।
- राजस्वको आधार विस्तार तथा प्रवर्द्धनका लागि नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरी लागू गरिनेछ ।
- नगरपालिकाका विकास निर्माण आयोजना लगायतका कार्यहरुमा गरिने सार्वजनिक खरीद कार्यमा स्थानीय उत्पादनलाई प्राथमिकता प्रदान गरिनेछ ।
- वित्तिय जोखिम न्यूनिकरणका लागि पारदर्शिता तथा सुशासन सम्बन्धी व्यवस्थाहरु कार्यन्वयन गरिनेछ ।

### च) प्रमुख कार्यक्रम :

- राजस्व सुधार कार्यक्रम कार्यक्रम ।
- मध्यकालीन खर्च संरचना तयारी ।
- संस्थागत क्षमता तथा कर सचेतना अभिबृद्धि कार्यक्रम ।
- आन्तरिक स्थानीय सामग्री उत्पादन प्रोत्साहन कार्यक्रम ।

## ९.५.४ योजना व्यवस्थापन :

### क) संभावना, अवसर र विद्यमान अवस्था :

नगरपालिकाबाट संचालन गरिने योजना निर्माणमा टोलस्तरीय र वडास्तरीय छलफल, उपभोक्ता समिति गठन, उपभोक्ताको लागत सहभागिताको सुनिश्चितता, योजनाको नगरस्तरीय, वडास्तरीय र उपभोक्ता स्तरीय अनुगमन समिति गठन र नियमन, योजनाको सार्वजनिक सुनुवाई एवं योजना सम्बन्धी सूचना पाटीको व्यवस्थाले पारदर्शिता एवं जवाफदेहितामा अभिवृद्धि गरेको देखिन्छ ।

### ख) समस्या तथा चुनौति :

योजनाको लागत सहभागितामा जनश्रमदानको अपर्याप्तता, गठित उपभोक्ता समितिमा योजना संचालन सम्बन्धी सीप, ज्ञान र क्षमताको अपर्याप्तता, अपर्याप्त प्राविधिक जनशक्ति, युवा पलायनका कारण दक्ष तथा अदक्ष श्रमिक जनशक्तिको कमी तथा योजना संचालनमा महिलाको अर्थपुर्ण सहभागिताको कमी प्रमुख समस्या एवं चुनौतिको रुपमा रहेका छन् ।

### ग) उद्धेश्य :
योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन नतिजामूलक तथा प्रभावकारी भएको हुनेछ ।

### घ) सूचक तथा लक्ष्य परिमाण :

तालिका ३९: योजना व्यबस्थापन : सूचक तथा लक्ष्य परिमाण

| सूचक | इकाई | आधाररेखा (०७५/७६ सम्म) | लक्ष्य (सम्मको अवस्था) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
| खण्डीकृत विषयगत तथा श्रोतनक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/ नभएको | भएको | अद्यावधिक | अद्यावधिक | अद्यावधिक | अद्यावधिक | अद्यावधिक |
| स्थानीय गौरवका आयोजनाहरुको सूची | संख्या | ६ | ७ | ८ | ९ | १० | १२ |
| तर्जुमा भएका विषयगत रणनीतिक योजना (विषय) | क्षेत्र | ० | १ | २ | ३ | ४ | ५ |
| कूल आयोजना मध्ये उपभोक्ता समिति बाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ९५ | ९६ | ९६ | ९७ | ९७ | ९७ |
| समयमा सम्पन्न आयोजना/कार्यक्रम को अनुपात | प्रतिशत | ९० | १०० | १०० | १०० | १०० | १०० |
| नगरपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | ६ | ७ | ८ | ९ | १० | १२ |
| सहभागितामूलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/ समुदायको प्रतिनिधित्व ( महिला, दलित, जनजाति र बालबालिका) | संख्या | ८० | ८१ | ८२ | ८३ | ८४ | ८५ |

### ङ) रणनीति :
- विकास आयोजना तथा परियोजना सम्बन्धी स्थानीय नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।
- सबै खाले योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन गर्दा विपन्न, दलित, जनजाति र महिलालाई प्राथमिकता दिइनेछ र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।
- उपभोक्ता समितिमा लक्षित वर्गहरुको सहभागितालाई अर्थपूर्ण गराउन प्रोत्साहन गरिनेछ ।
- योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण तथा उत्प्रेरणा प्रदान गरिनेछ ।
- स्थानीयस्तरका सीप तथा रोजगारमुखी तालीमहरु आयोजना गरिनेछ ।

### च) प्रमुख कार्यक्रम :
- योजना तर्जुमा अभिमुखीकरण कार्यक्रम ।
- क्षमता विकास तथा सीपमूलक तालिम कार्यक्रम ।
- उपभोक्ता समितिमा महिला सहभागिता उत्प्रेरणा कार्यक्रम ।

# परिच्छेद -१०
# वित्तीय व्यवस्थापन योजना

## १०.१ स्रोत अनुमान तथा प्रक्षेपण :

### क) आय प्रक्षेपण

आवधिक नगर बिकास योजना कार्यान्वयनका लागि लगानी योजना तर्जुमा गर्दा नगरपालिकाको आन्तरिक श्रोत, अन्तरसरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड, ऋण परिचालन, प्रदेश सरकार तथा संघीय सरकारबाट विशेष तथा समपूरक अनुदान लगानी समेतको आधारमा प्रक्षेपण गरिन्छ । यस आवधिक नगर बिकास योजनाको लागि श्रोत अनुमान गर्दा  संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, राजस्व वाँडफाड र गाउँपालिकाको आन्तरिक श्रोतलाई मात्र समावेश गरिएको छ । यसमा संघ तथा प्रदेश सरकारबाट उपलव्ध गराइने विशेष अनुदानहरु, स्थानीय सरकार मार्फत परिचालन हुन सक्ने ऋण, अन्तराष्ट्रिय/गैसस, समुदायमा आधारित सस्था र समुदायको लागत सहभागिता एवं निजी क्षेत्रबाट परिचालन हुने रकम समावेस गरिएको छैन ।

यस आधारमा नगरपालिकाको आगामी ५ आ.व.का लागि आय अनुमान गर्दा चालु आ.व. २०७५।०७६ लाई आधार वर्ष मानी चालु आ.व.का लागि स्विकृत आय अनुमानका शिर्षकहरु मध्ये अन्तर सरकारी बित्त हस्तान्तरण अन्तर्गत संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण र राजस्व वाँडफाड रकममा १५ प्रतिशत, सशर्त अनुदान २५ प्रतिशतले वृद्घि अनुमान प्रस्ताव गरिएको छ भने आन्तरिक आयमा वार्षिक ५० प्रतिशतका दरले वृद्घि अनुमान गरिएको छ । यस हिसाववाट हेर्दा ५ वर्षभरीको कूल अनुमानित आय रु. ३ अर्व ७९ करोड ९३ लाख हुने सक्ने अनुमान गरिएको छ ।

आ.व. २०७६/७७ मा कूल आय रु ४७ करोड ९१ लाख रहेकोमा आव २०७७/७८ मा रु. ५८ करोड ९६ लाख आय हुने अनुमान गरिएको छ । त्यसैगरी आव २०७८/७९ मा रु ७२ करोड ६५ लाख आय हुने अनुमान गरिएको छ भने आव २०७९/८० र २०८०/८१ मा क्रमश: रु ८९ करोड ६४ लाख र १ अर्व १० करोड ७६ लाख हुने अनुमान रहेको छ । यस सम्बन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४०: प्रक्षेपण गरिएको आवधिक/बार्षिक बजेट**

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | कूल |
| आन्तरिक श्रोत | ६,००० | ६,००० | ९,००० | १३,५०० | २०,२५० | ३०,३७५ | ७९,१२५ |
| आन्तरिक राजस्व वाँडफाँड | १,५०० | १,५०० | २,२५० | ३,३७५ | ५,०६२ | ७,५९३ | १९,७८१ |
| वित्तीय समानीकरण : संघ | १०३,६०० | १०७,५०० | १२९,००० | १५४,८०० | १८५,७६० | २२२,९१२ | ७९९,९७२ |
| सर्शत अनुदान : संघ | १८७,००० | २४९,५०० | ३११,८७५ | ३८९,८४३ | ४८७,३०४ | ६०९,१३० | २०४७,६५४ |
| वित्तीय समानीकरण : प्रदेश | ३,५३७ | ७,९९१ | ९,५८९ | ११,५०७ | १३,८०८ | १६,५७० | ५९,४६५ |
| सर्शत अनुदान : प्रदेश | - | - | - | - | - | - | - |
| राजस्व वाँडफाड संघ | ८२,३५० | ९६,९०० | ११६,२८० | १३९,५३६ | १६७,४४३ | २००,९३१ | ७२१,०९१ |
| राजस्व वाँडफाड प्रदेश सवारी | ८,८०० | ९,७१३ | ११,६५५ | १३,९८६ | १६,७८४ | २०,१४० | ७२,२८० |
| **जम्मा** | **३९२,७८७** | **४७९,१०४** | **५८९,६४९** | **७२६,५४८** | **८९६,४१२** | **११०७,६५४** | **३७९९,३६९** |

### ख) व्यय प्रक्षेपण

कूल आय अनुमान रु. ३ अर्व ९८ करोड ७८ लाख मध्ये नगरपालिकाको नियमित प्रशासनिक खर्च रु ३० करोड ( ५ वर्षका लागि हुने खर्च) र शिक्षा, स्वास्थ्य र कृषि जस्ता बिषयगत क्षेत्रका लागि प्राप्त हुने कुल सशर्त अनुदानको करिव ७० प्रतिशत रकमले बिकास तर्फको चालु खर्च हुने रकम रु १ अर्व ४३ करोड ३३ लाख भएकोले आवधिक नगर बिकास योजना अवधिमा नगरपालिकाको रु. १ अर्व ७३ करोड ३३ लाख चालु खर्च गर्नुपर्ने देखिन्छ भने पूजिगत तर्फ रु. २ अर्व २५ करोड ४५ लाख मात्र खर्च गर्न सकिने अवस्था देखिन्छ ।

आवधिक नगर बिकास योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य (Goal) अर्थात प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य (Objectives) अर्थात असर तहको नतिजा र बिषय क्षेत्र तथा उपक्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल प्रस्ताव गरिएका मुख्य मुख्य कार्यक्रमहरु अन्तर्गत आर्थिक क्षेत्र बिकास तर्फ रु. १ अर्व ४७ करोड १३ लाख, सामाजिक क्षेत्र बिकास तर्फ रु ९८ करोड ९ लाख, पूर्वाधार क्षेत्र बिकास तर्फ रु. २ अर्व ६९ करोड, ७५ लाख बन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. ६७ करोड ४३ लाख र सुशासन तथा संस्थागत बिकास तर्फ रु. ३ करोड ६५ लाख गरी कूल रु. ६ अर्व १३ करोड ०६ लाख खर्च आवश्यक देखिन्छ ।

आवधिक नगर बिकास योजना अवधिमा नगरपालिकाले पूँजीगत तर्फको खर्च क्षमता रु. २ अर्व २५ करोड ४५ लाख मात्र रहेको छ । आवधिक योजनाले लिएको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तीका लागि रु. ६ अर्व १३ करोड ०६ लाख आवश्यक पर्ने देखिन्छ । यसरी कूल आयको करीव ६६.३ प्रतिशत अर्थात रु ४ अर्व ०६ करोड ४६ लाख रकम अपुग हुने देखिन्छ ।

यसका अतिरिक्त नगर स्तरीय गौरवको आयोजनाहरुका लागि आवश्यक श्रोत यसमा समावेश गरिएको छैन । यसका लागि नगरपालिकाले संघ, प्रदेश तथा अन्य दातृ निकाय, निजी क्षेत्र परिचालन वा ऋण परिचालन जस्ता श्रोत परिचालनको माध्यमबाट कार्यान्वयन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**तालिका ४१: विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट**

| विषय क्षेत्र | लागत अनुमान (रु. हजार) | प्रतिशत |
|---|---|---|
| **आर्थिक विकास** | **१,४७१,३६६** | **२४.०** |
| कृषि विकास | ६१३,०६९ | १०.० |
| पशु विकास | १२२,६१४ | २.० |
| उद्यम तथा व्यवसाय | २७५,८८१ | ४.५ |
| पर्यटन विकास | ३६७,८४१ | ६.० |
| बैंक तथा वित्तिय संस्था | ६१,३०७ | १.० |
| आप्रवासन तथा वैदेशिक रोजगार | ३०,६५३ | ०.५ |
| **सामाजिक विकास** | **९८०,९१०** | **१६.०** |
| शिक्षा | ३०६,५३५ | ५.० |
| स्वास्थ्य | २७५,८८१ | ४.५ |
| खानेपानी तथा सरसफाई | २१४,५७४ | ३.५ |
| लक्षित वर्ग तथा समावेशीकरण | १२२,६१४ | २.० |
| युवा तथा खेलकूद | ३०,६५३ | ०.५ |
| कला संस्कृति | ३०,६५३ | ०.५ |
| **पुर्वाधार विकास** | **२६९७,५०४** | **४४.०** |
| सडक तथा यातायात | १२२६,१३८ | २०.० |
| आवास तथा बस्ती | ७३५,६८३ | १२.० |
| सिंचाई | ३६७,८४१ | ६.० |
| विद्युत तथा बैकल्पिक उर्जा | १८३,९२१ | ३.० |
| सूचना तथा संचार | १८३,९२१ | ३.० |
| **वन, वातावरण तथा विपद व्यवस्थापन** | **६७४,३७६** | **११.०** |
| वन तथा जैविक विविधता | ३०६,५३५ | ५.० |
| जलाधार तथा भुमि संरक्षण | १५३,२६७ | २.५ |
| वातावरण तथा स्वच्छता | १२२,६१४ | २.० |
| विपद व्यवस्थापन | ९१,९६० | १.५ |
| **सुशासन तथा संस्थागत विकास** | **३०६,५३५** | **५.०** |
| ऐन, नियम र जवाफदेहिता | ३०,६५३ | ०.५ |
| संस्थागत तथा मानव संशाधन | १२२,६१४ | २.० |
| वित्तीय श्रोत परिचालन | ९१,९६० | १.५ |
| योजना व्यवस्थापन | ६१,३०७ | १.० |
| **कुल बजेट** | **६,१३०,६९०** | **१००** |

## १०.२ श्रोत परिचालन रणनीति :

आवधिक योजना अनुसार विषय क्षेत्रगत ५ बर्षको बजेट कुल वजेट अनुमान गरिएको छ । गत आ.व. २०७४।७५ र चालू आ.व.को अनुमानित सहित आगामी ५ वर्षको आय अनुमान गरिएकोमा नपुग श्रोत रकमको परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिने छ ।

- आन्तरिक श्रोत (विद्युत उत्पादन, जडिबुटी, खनिज र कर तथा शुल्क) दायरा र दर बढाउने
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने ।
- गैसस तथा विकास साझेदारसँग साझेदारी र सहकार्य गर्ने ।
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने ।
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा वृद्धि गर्ने ।
- निजी क्षेत्र लगानी मैत्री वातावरण तयार गर्ने ।

# परिच्छेद - ११
# कार्यान्वयन योजना

### ११.१ आवधिक योजनाको कार्यान्वयन :

आवधिक योजनामा आधारित भई वार्षिक योजना तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरिनेछ । यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषयक्षेत्रगत उद्धेश्य तथा कार्यक्रमलाई आधार लिईनेछ ।

आवधिक योजनाको स्वीकृतीपछि नगर कार्यपालिकाले सवै विषयगत समिति एवं शाखा र सवै वडा कार्यालयहरुलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमा प्रयोजनका लागि पठाईनेछ । अनुमानित वजेट एवं योजना तर्जुमा मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया मार्फत वार्षिक योजनाको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिनेछ । वार्षिक रुपमा तर्जुमा गरिने कार्यक्रम तथा आयोजनाको एकीकृत योजना तथा बजेट तर्जुमाको ढाँचा अनुसूची १ मा दिईएको छ ।

### ११.२ मार्गदर्शन तयारी :

आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक वजेट, नीति तथा कार्यक्रममा उल्लेखित विभिन्न विषय क्षेत्रगत कार्यक्रमहरुको संचालन/कार्यान्वयन गरिनेछ । कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन हुनुपूर्व सम्वन्धित पक्षलाई मार्गदर्शन तथा आवश्यकता अनुसार अख्तियारी समेत प्रदान गरिनेछ ।

### ११.३ कार्यान्वयन विधिको छनोट :

आवधिक योजनाले परिलक्षित गरेको लक्ष्य तथा उद्धेश्य प्राप्तिका लागि तर्जुमा गरिएका कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन वार्षिक वजेट मार्फत नै कार्यान्वयन गरिने हुँदा स्थापित विधि तथा सार्वजनिक खरिद ऐनको परिधिभित्र रही ठेकापट्टा, उपभोक्ता समिति, करार वा, अमानत, गैरसरकारी संस्थासँगको साझेदारीमध्ये कार्यक्रमको प्रकृति हेरी कुनै प्रक्रिया अवलम्बन गर्न सकिनेछ । यसरी स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन कार्ययोजना निर्माण गर्दा समष्टिगत लक्ष्य, विषयक्षेत्रगत उद्धेश्य एवं उपलब्धी सूचकसमेत उल्लेख गरी सोको उपलब्धीले पुर्‍याउन सक्ने योगदान समेत निर्धारण गरिने छ। नगरपालिकाले सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचकबमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली स्थापना गरिनेछ ।
योजना कार्यान्वयनमा सम्बन्धित निकाय र व्यक्तिलाई दिईने कार्य जिम्मेवारी सहित विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजनासमेत तर्जुमा गरिनेछ। कार्यान्वयन गरिनेछ सबै निकायबाट अनुसूची २ बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि नगरपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गरिनेछ।

### ११.४ अख्तियारी :

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि वार्षिक कार्यक्रम र बजेट नगरसभाबाट पारित भएपछि नगर प्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्दछ। प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई चौमासिक विभाजनसहितको कार्यक्रम माग गर्नुपर्नेछ । उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रमअनुसार आवश्यक परिमार्जनसहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शनसहित प्रमुखबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ ।

### ११.५ अनुगमनको प्रतिवेदन र समीक्षा :

नगरसभाबाट स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन योजना वनाईसकेपछि संचालन गरिने क्रियाकलापहरूको आधारमा अनुगमन योजना समेत बनाई उपप्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ। यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन नियमित रुपमा प्राप्त गर्ने परिपाटी निर्माण गरिनेछ । उपप्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गरी योजनाको अनुगमन तथा कार्यालयको समष्टि भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा गरिनेछ ।

# परिच्छेद - १२
# अनुगमन तथा मूल्याङ्कन

## १२.१ पृष्ठभूमि :

नगर क्षेत्रको समग्र विकासका लागि निर्धारित लक्ष्य, उद्धेश्य तथा अपेक्षित प्रतिफलहरु प्राप्तिमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीले महवपूर्ण भूमिका निर्वाह गर्दछ । आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन अनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ भएको प्रगति सुनिश्चित गर्नुपर्ने देखिन्छ । कार्यान्वयनका दौरान आईपर्ने समस्याहरुको समस्या समाधान एवं गरिएको लगानी तथा साधनको प्रवाह आशातित ढंगबाट भए नभएको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ । तसर्थ नगरपालिकाले आवधिक नगर विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने एवं सो का लागि वार्षिक योजना कार्यान्वयन तालिका समेत तयार गरिनेछ । यसरी तयार भएको कार्यान्वयन तालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत निर्दीष्ट गरिनेछ एवं सो अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनेछ ।

## १२.२ वर्तमान अवस्था :

नगरपालिकाले तर्जुमा गर्ने वार्षिक वजेटको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी प्राथमिकतामा खासै रहेको देखिएको छैन । अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवं वजेट खर्चसंगको तादात्म्यतासंग मात्र जोडेर हेर्ने गरेको पाइन्छ। केही योजना तथा कार्यक्रमहरुको हकमा प्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवं चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ । तथापी स्पष्ट ढंगले कार्यतालिका तयार गरी सूचकहरूको आधारमा अनुगमन हुने गरेको भने देखिंदैन । अनुगमन तथा मूल्याङ्कन कार्य योजना चक्र व्यवस्थापनमा महत्वपूर्ण कार्यको रूपमा ग्रहण गर्ने तथा यसका लागि बजेट विनियोजन समेत हुने गरेको परिस्थिति विद्यमान छ ।

## १२.३ अवसर र चुनौती :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम उपप्रमुखको संयोजकत्वमा अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । जस अनुसार यस नगरपालिकामा समेत उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको गठन भएको देखिन्छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

नगरपालिकाको संस्थागत संरचना तथा मानव संसाधनको विकास पर्याप्त भइनसकेको वर्तमान अवस्थामा नियमित अनुगमन प्रभावकारी हुन सकिरहेको छैन । अनुगमनसम्बन्धी संयन्त्रहरू क्रियाशील नहुनु तथा नगरपालिकाका विभिन्न विषयगत कार्य जिम्मेवारीहरू अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, चुनौतीको रूपमा रहेको छ । कार्यक्रम अनुसार आयोजना चक्रको प्रत्येक चरणमा अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन प्रभावकारी अनुगमन प्रणाली स्थापित हुन आवश्यक देखिन्छ ।

## १२.४ उद्देश्य :

आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुनेछ ।

## १२.५ रणनीति :

- आवधिक योजनाले निर्दीष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ ।
- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दीष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ ।

- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने तथा नियमित बैठकमा छलफल गरी देखिएका समस्या समाधान गरिनेछ ।
- अनुगमनको प्रतिवेदन नगरपालिकाको वेबसाइटमा राखी सार्वजनिक गरिनेछ ।

## १२.६ विधिः

आवधिक योजनाको अनुगमन तथा मूल्यांकनका साधन तथा विधि देहायअनुसार रहनेछ ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना (लक्ष्य) र प्रगति वीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

आवधिक योजनाको अनुमान तथा मूल्यांकन प्रक्रिया देहाय वमोजिम हुनेछ

**तालिका ४२ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | • स्थलगत अनुगमन गर्ने,<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | गाउँकार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, बार्षिक र मध्यावधि | • स्थलगत अनुगमन गर्ने<br>• बार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने,<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम बर्ष | • सहभागितामूलक छलफल गर्ने,<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>• नमूना सर्वेक्षण गर्नेु, |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>• सहभागितामूलक छलफल गर्ने,<br>• अध्ययन तथा सर्वेक्षण गर्ने, |

# अनुसूचीहरु

# अनुसूची- १
## हलेसी तुवाचुङ नगरपालिकाको आवधिक नगर विकास योजना (२०७६।०७७ -२०८०।०८१)
## बार्षिक कार्यान्वयन कार्ययोजना

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| **आर्थिक विकास** | | | | | | | | | | | |
| कृषि | | | | | | | | | | | |
| पशुपंक्षी | | | | | | | | | | | |
| सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार | | | | | | | | | | | |
| पर्यटन | | | | | | | | | | | |
| उद्योग, व्यापार र व्यवसाय | | | | | | | | | | | |
| सहकारी तथा वित्तीय क्षेत्र | | | | | | | | | | | |
| **सामाजिक विकास** | | | | | | | | | | | |
| शिक्षा | | | | | | | | | | | |
| आधारभूत स्वास्थ्य | | | | | | | | | | | |
| खानेपानी र सरसफाई | | | | | | | | | | | |
| लक्षित क्षेत्र र लैससास | | | | | | | | | | | |
| युवा तथा खेलकुद | | | | | | | | | | | |
| भाषा, संस्कृति सम्पदा | | | | | | | | | | | |
| **पूर्वाधार विकास** | | | | | | | | | | | |
| सडक यातायात | | | | | | | | | | | |
| सिंचाइ पूर्वाधार | | | | | | | | | | | |
| आवास, वस्ती सार्वजनिक निर्माण | | | | | | | | | | | |
| बिद्युत वैकल्पिक उर्जा | | | | | | | | | | | |
| संचार सूचना प्रविधि | | | | | | | | | | | |
| **वातावरण तथा विपद व्यवस्थापन** | | | | | | | | | | | |
| वन तथा जैविक विविधता | | | | | | | | | | | |
| भूमि तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | |
| वातावरण स्वच्छता | | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन | | | | | | | | | | | |
| **संस्थागत र सुशासन** | | | | | | | | | | | |
| सुशासन, ऐन नियम र जवाफदेहिता | | | | | | | | | | | |
| संस्थागत संरचना तथा मानव संसाधन बिकास | | | | | | | | | | | |
| बित्तीय श्रोत परिचालन | | | | | | | | | | | |
| योजना व्यवस्थापन | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| जम्मा चालु खर्च | | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ-आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालु र पूँजीगत खर्च खुलाई गाउँपालिकामा पेश गर्नुपर्ने छ।

# अनुसूची- २

## विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम

विषयगत शाखा/शाखा उपशाखा निकाय/संस्था र गैसस तथा निजी क्षेत्रले यस फाराम भरी गाउँपालिकामा पेश गर्नुपर्नेछ। यसै विवरणको आधारमा गाउँपालिकाले अनुसूची २ तयार गर्नेछ। अख्तियारीका साथ सम्बन्धित विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्था र वडा कार्यालयलाई प्रमुख प्रशासकीय अधिकृतले यसै फारामलाई प्रमाणित गरी पठाउनुपर्नेछ।

| विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्थाको नाम/वडा नं : | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र सं | प्रमुख कार्यक्रम | मूख्य क्रियाकलाप | इकाइ | वार्षिक लक्ष्य | वार्षिक बजेट | प्रमुख जिम्मेवार पदाधिकारी | सहयोगी निकाय शाखा | सम्पन्न गर्ने समयावधि | आनवियो कार्यक्रम संकेत नं | कैफियत |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| १५ | | | | | | | | | | |
| १६ | | | | | | | | | | |
| १७ | | | | | | | | | | |
| १८ | | | | | | | | | | |
| १९ | | | | | | | | | | |
| २० | | | | | | | | | | |
| २१ | | | | | | | | | | |
| २२ | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | |
| जम्मा चालु खर्च | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | |

# अनुसूची- ३

## आवधिक योजना तर्जुमा मूल-समिति

| क्र.सं | पद | नाम थर | जिम्मेवारी | |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री ईवन राई | संयोजक | |
| २ | उपाध्यक्ष | श्री विमला राई | उपसंयोजक | |
| ३ | | श्री | सदस्य | |
| ४ | | श्री | ,, | |
| ५ | | श्री | ,, | |
| ६ | | श्री | ,, | |
| ७ | | श्री | ,, | |
| ८ | | श्री | ,, | |
| ९ | | श्री | ,, | |
| १० | | श्री | ,, | |
| ११ | | श्री | ,, | |
| १२ | | श्री | ,, | |
| १३ | | श्री | | |
| १४ | | | | |
| १५ | | | | |
| १७ | प्रमुख कार्यकारी अधिकृत | श्री राज कुमार राई | सदस्य सचिव | |

# अनुसूची- ४

## आवधिक योजना तर्जुमा विषयक्षेत्रगत समिति

| बिषयगत समिति | क्र.सं | नाम थर | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| आर्थिक बिकास समिति | १ | पृथ्वी राज राई | संयोजक | |
| | २ | ज्ञान ब. पुरी | सदस्य | |
| | ३ | सुमित्रा राई | सदस्य | |
| | ४ | चयन्द्र राई | सदस्य | |
| | ५ | दिप बहादुर राई | सदस्य | नवकिरण सेवा समाज |
| | ६ | मनोज पौडेल | सदस्य | |
| | ७ | दिपक रिजाल | सदस्य | |
| | ८ | टिकाराम न्यौपाने | सदस्य सचिव | कर्मचारी |
| सामाजिक बिकास समिति | क्र.सं | नाम थर | जिम्मेवारी | कैफियत |
| | १ | किशोर कुमार बस्नेत | संयोजक | |
| | २ | हरि ब. खड्का | सदस्य | |
| | ३ | मबिन्द्र राई | सदस्य | |
| | ४ | चक ब. राई | सदस्य | |
| | ५ | रमा श्रेष्ठ | सदस्य | |
| | ६ | सुजाता आचार्य | सदस्य | |
| | ७ | गणेश कार्की | सदस्य | |
| | ८ | राम कुमार भगत | सदस्य सचिव | कर्मचारी |
| पूर्वाधार बिकास समिति | क्र.सं | नाम थर | जिम्मेवारी | कैफियत |
| | १ | रुद्र कुमार राई | संयोजक | |
| | २ | भलराज राई | सदस्य | |
| | ३ | चक राई | सदस्य | |
| | ४ | हल्कीमाया सार्की | सदस्य | |
| | ५ | नविन आचार्य | सदस्य | |
| | ६ | चन्द्र कटुवाल | सदस्य सचिव | कर्मचारी |
| वन, वातावरण र विपद व्यवस्थापन समिति | क्र.सं | नाम थर | जिम्मेवारी | कैफियत |
| | १ | सन्तोष खत्री | संयोजक | |
| | २ | सुरेन्द्र राई | सदस्य | |
| | ३ | सम्बर भूजेल | सदस्य | |
| | ४ | मञ्जु कार्की | सदस्य | |
| | ५ | विष्णु प्रसाद काफ्ले | सदस्य | |
| | ६ | प्रकाश भण्डारी | सदस्य सचिव | कर्मचारी |
| सुशासन तथा संस्थागत बिकास समिति | क्र.सं | नाम थर | जिम्मेवारी | कैफियत |
| | १ | रमेश राउत | संयोजक | |
| | २ | रमेश तिवारी | सदस्य | |
| | ३ | दिपक रहपाल | सदस्य | |
| | ४ | काशी राज राई | सदस्य | |
| | ५ | गंगा दाहाल | सदस्य | |
| | ६ | खिलन राई | सदस्य | |
| | ७ | सुरेश कुमार राइ | सदस्य | |
| | ८ | सन्जिपा श्रेष्ठ | सदस्य सचिव | कर्मचारी |

# अनुसूची- ५

## आवधिक नगर विकास योजना तर्जुमा कार्यशाला गोष्ठीका सहभागीहरुको विवरणः (मिति २०७५ साल फागुन १३, १४ र १५ गते सम्पन्न)

| क्र.सं. | नाम | पद | निकाय |
|---|---|---|---|
| १ | इवन राई | नगर प्रमुख | |
| २ | विमला राई | नगर उपप्रमुख | |
| ३ | राज कुमार राई | प्र.प्र.अ | |
| ४ | रुद्र कुमार राई | वडा अध्यक्ष | ह.तु.न.पा १ |
| ५ | हरि खड्का | वडा अध्यक्ष | ह.तु.न.पा २ |
| ६ | भलाराज राई | वडा अध्यक्ष | ह.तु.न.पा ३ |
| ७ | किशोर क.बस्नेत | वडा अध्यक्ष | ह.तु.न.पा ४ |
| ८ | रमेश तिवारी | वडा अध्यक्ष | ह.तु.न.पा ५ |
| ९ | रमेश राउत | वडा अध्यक्ष | ह.तु.न.पा ६ |
| १० | चइन्द्र राई | वडा अध्यक्ष | ह.तु.न.पा ७ |
| ११ | पृत्वीराज राई | वडा अध्यक्ष | ह.तु.न.पा ८ |
| १२ | काशीराज राई | वडा अध्यक्ष | ह.तु.न.पा ९ |
| १३ | ज्ञान बा.पुरी | वडा अध्यक्ष | ह.तु.न.पा १० |
| १४ | सन्तोष खत्री | वडा अध्यक्ष | ह.तु.न.पा ११ |
| १५ | निर्पध्वज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | दिपक कुमार रहपाल | कार्यपालिका सदस्य | |
| १७ | विष्णु प्रसाद काफ्ले | | ह.तु.न.पा.मा.अ |
| १८ | गणेश बहादुर | वडा सचिव | डिकुना |
| १९ | चक कुमार राई | | ने.का.गि.स.स |
| २० | कविन्द्र राई | सचिव | स.स.ओ.ले.जि.स. |
| २१ | दिप बहादुर राई | अध्यक्ष | नव किरण सेवा समाज नेपाल |
| २२ | खिलन राई | सचिव | रिसर्च नेपाल |
| २३ | गंगादेवी दाहाल | सदस्य | का.पा |
| २४ | हर्किमाया सार्की | सदस्य | का.पा |
| २५ | मञ्जु कार्की | सदस्य | का.पा |
| २६ | प्रकाश भण्डारी | वडा सचिव | का.पा |
| २७ | राजकुमार बस्नेत | अध्यक्ष | नेवि संघ, खोटाङ |
| २८ | ज्ञानदीप कार्की | खरदार | ह.तु.न.पा. |
| २९ | सन्जीपा श्रेष्ठ | स.प्र.अ | ह.तु.न.पा. |
| ३० | मण्डुबाबु अधिकारी | | हेल्भेटास नेपाल |
| ३१ | राजन खतिवडा | सहायक कर्मचारी | ह.तु.न.पा. |
| ३२ | जनक सुवर्णकार | सहज -NAMDP | सि.प्रो.अ |
| ३३ | नविन आचार्य | इन्जिनियर | नगरपालिका |
| ३४ | चन्द्र बहादुर कटवाल | वडा सचिव | ह.तु.न.पा.१ |
| ३५ | सुजता आचार्य | स म वि नि | म वा अे उपशाखा |
| ३६ | दिपक राई | प स्वा | मंगलटार |
| ३७ | दिपक रिजाल | वडा सचिव | ह.तु.न.पा.६ |
| ३८ | कुवेर राई | रिपोटर | हिमाल एफ.एम |
| ३९ | गोपाल सुवेदी | प्रमुख | नि आयुवेद शाखा |
| ४० | राम कुमार भगत | शाखा प्रमुख | स्वास्थ्य ह.तु.न.पा |
| ४१ | टिकाराम न्यौपाने | शाखा प्रमुख | नि.कृषि ह.तु.न.पा |
| ४२ | सुदर्शन कार्की | कृषि शाखा | ना.प्रा.स. |

| | | | |
|---|---|---|---|
| ४३ | पवित्रा राई | जिल्ला संयोजक | साना सिचाई कार्यक्रम (SIP) |
| ४४ | ओजोन बाबु आचार्य | PC | SaMi/helvetas |
| ४५ | भक्त कुमार राई | DPC | SaMi/ Helvetas |
| ४६ | जनक सुवर्णकार | SPO | Sahaj-NASDP |
| ४७ | रमा श्रेष्ठ | सदस्य | कार्यपालिका |
| ४८ | सुमित्रा राई | का.पा.स | |
| ४९ | सम्मर ब.भुजेल | कार्यकारी निर्देशक | हलेसी विकास समिति |
| ५० | सुरेश कुमार राई | वडा सचिव | ह.तु.न.पा.५ |
| ५१ | स्मृति आर.डि.एन. | | हेल्भेटास नेपाल |
| ५२ | चक्र बहादुर राई | | श्री महेश्वर मा.वि.हलेसी |
| ५३ | रेणुका राई | | मखमली महिला वचत ऋण सहकारी संस्था |
| ५४ | मेजर राई | अध्यक्ष | नेपाल शि.म |
| ५५ | किरननन्द्र कार्की | सदस्य | |
| ५६ | धनलक्ष्मि कामी | | |
| ५७ | जाल ब.परियार | सदस्य | नगर कार्यपालिका |
| ५८ | सयन्द्र राई | | |
| ५९ | सिताराम बस्नेत | सहायक कर्मचारी | |
| ६० | बद्री मानन्धर | | हेल्भेटास नेपाल |
| ६१ | सृजना श्रेष्ठ | | हेल्भेटास नेपाल |
| ६२ | तारानाथ आचार्य | ले. अ | |
| ६३ | दिपेन्द्रश्याम घिमिरे | Expert | हेल्भेटास नेपाल |
| ६४ | निर्मला सुब्बा | SDC | |
| ६५ | तेज ब.मगर | वडा सचिव | ७ नं. |

## अनुसूची- ६

### हलेसी तुवाचुङ नगरपालिकाको नक्शा

